# नेपाली लोककथाहरू

## भाग–1

प्रकाशप्रसाद उपाध्याय



N
028.5
Up 1.I N-

N
028·5
up 1·IN

INDIAN INSTITUTE
OF
ADVANCED STUDY
LIBRARY, SHIMLA

381

# नेपाली लोककथाहरू

## भाग 1

सङ्कलक

**प्रकाशप्रसाद उपाध्याय**

चित्रांकन

**अतुल वर्धन**

**साहित्य अकादेमी**

**Nepali Lokakathaharu (Part I) :** A collection of folktales in Nepali for children by Prakash Prasad Upadhyaya, Sahitya Akademi, New Delhi (2003), Rs. 40.00

Library IIAS, Shimla
N 028.5 Up 1.1 N-Up 1 11 N
00117469

© साहित्य अकादेमी

प्रथम संस्करण : 2003 ई.

N
028.5
Up 1.IN

**साहित्य अकादेमी**

प्रधान कार्यालय :
रवीन्द्र भवन, 35, फीरोजशाह मार्ग, नयी दिल्ली 110001
विक्रय विभाग : स्वाति, मन्दिर मार्ग, नयी दिल्ली 110001

क्षेत्रीय कार्यालय :
172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, मुम्बई 400 014
जीवनतारा बिल्डिंग, चौथा तल, 23 ए/44 एक्स, डायमंड हार्बर रोड, कोलकाता 700 053
सीआईटी कैम्पस, टी.टी.टी.आई. पोस्ट, तरामणि, चेन्नई 600 018
सेंट्रल कॉलेज परिसर, डॉ. बी.आर. अम्बेडकर मार्ग, बंगलौर 560 002

ISBN 81-260-1814-3

Indian Institute of Advanced Study
117469
15/12/04
SHIMLA

**मूल्य** : चालीस रुपये

**शब्द-संयोजक** : सविता प्रिंटर्स, शाहदरा, दिल्ली

**मुद्रक** : नागरी प्रिण्टर्स, नवीन शाहदरा, दिल्ली-110032

# अनुक्रम


| | | |
|---|---|---|
| 1. | स्यालको फैसला | 5 |
| 2. | असल मित्र | 9 |
| 3. | बुद्धि नै बल | 12 |
| 4. | ल देखा तमासा | 17 |
| 5. | पहिले कुन खाउँ? | 22 |
| 6. | बुद्धिको चमत्कार | 24 |
| 7. | क्रोधको फल | 27 |
| 8. | साथीको छनौट | 31 |
| 9. | तथास्तु | 33 |
| 10. | रहर | 35 |
| 11. | पैतालाको छाप | 40 |
| 12. | रङ्गीचङ्गी माछा र बालक | 44 |
| 13. | सेठको जन्ती | 49 |
| 14. | श्रद्धाञ्जली | 55 |
| 15. | माली र बोको | 58 |
| 16. | जलशायी नारायण | 61 |
| 17. | राजकुमारी पद्मा | 65 |
| 18. | ठूलो को? | 70 |

# भूमिका

लोककथाहरू हाम्रो समाजका दर्पण हुन्। यी संस्कृति एवम् लोकसाहित्यका अभिन्न अङ्ग हुन। जीवनको उषाकालदेखि लिएर आजसम्म लोकजीवनका विभिन्न पक्षहरूलाई यसद्वारा श्रोताहरूसमक्ष रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ। यी कथाहरूको उद्देश्य श्रोताहरूमा नैतिक मूल्य जगाउनु, वरिपरिको प्राणी-जगतका प्रति दया-माया उत्पन्न गराउनु, बाँच र बाँच्न देउको (सह-अस्तित्वका) सिद्धान्तप्रति आस्था जागृत गराउनु, सबैसित मेलमिलापकासाथ जीवन बिताउनु एवम् सङ्कट र चुनौतिबाट नआत्तिने सन्देश दिनु हो।

घरमा यो काम बज्यै, आमा, सानीआमाहरूले केटाकेटीहरूलाई राति सुत्ने बेलामा वा जाडोमा अगेनाअगाडि वा बोर्सीको वरिपरि बसेर सुनाउने गर्दछन्। बेलाबखत नानीहरूलाई सुताउँदा पल्टेर पनि सुनाइन्छ। यसको उद्देश्य एकातिर केटाकेटीहरूलाई मनोरञ्जन प्रदान गर्नु हो भने अर्कोतिर समाजमा विद्यमान विभिन्न किसिमका दुर्गुणहरू जस्तै धुर्त्याइँ, विश्वासघात अनि छलकपटप्रति सतर्क र सजग गराउनु हो। यी कथाहरूको माध्यमबाट साहस, वीरता, शौर्य, पराक्रमको महत्व बताउँदै उनीहरूमा आत्मविश्वासको भावना जगाउने मन्साय पनि लुकेको हुन्छ। यी कथाहरूको रोचकताको प्रमाण कुन तथ्यबाट छर्लङ्ग हुन्छ भने कति केटाकेटीहरू त कथा नसुनी सुत्न जाँदैनन् वा बज्यै वा आमालाई कथा नसुनाउन्जेल सुत्न दिँदैनन्। यसरी लोककथाहरूलाई जीवन्त राख्नमा स्त्रीजाति विशेषगरि बज्यै एवम् आमाको भूमिका उल्लेखनीय र प्रशंसनीय रहेको छ।

आदिकालदेखि विकसित हुँदै आएको लोककथाको विभिन्न विद्वानहरूद्वारा विभिन्न रूपमा वर्गीकरण पनि गरिएको छ। सामाजिक, धार्मिक, ऐतिहासिक, उपदेशात्मक, प्रेमप्रधान र मनोरञ्जन वर्गका कथाहरूका अतिरिक्त साहस एवम् वीरताका कथा, परी एवम् अप्सराका कथा, पौराणिक कथा तथा पशुपक्षीका कथाहरूबाट हाम्रा अनि विभिन्न देशहरूका लोककथाहरू भरिएका छन्। हाम्रा लोककथाहरूमा हितोपदेश, पञ्चतन्त्र तथा बौद्ध जातक-कथामालाको पनि यथेष्ट प्रभाव पाइन्छ।

प्रस्तुत लोककथा सङ्ग्रह पनि माथि उल्लेख गरिएका कुराहरूलाई ध्यानमा राखी तयार पारिएको छ। साथै के आशा गरिएको छ भने सुन्ने र सुनाउने परम्पराका साथ-साथ लोककथा पढने र पढाउने परम्परा पनि अक्षुण्ण रहोस्। प्रस्तुत पुस्तक समाजका सबै वर्ग विशेषगरी केटाकेटीहरूका लागि विशेष उपयोगी र प्रेरणादायी भई यौटा असल मित्र प्रमाणित हुन सकेको खण्डमा पुस्तक प्रस्तुत गर्नाको लक्ष्य सार्थक हुनेछ।

**—प्रकाशप्रसाद उपाध्याय**

# स्यालको फैसला

यौटा बाघ र मानिस सँगसँगै हिंडीरहेका थिए। स्यालले टाढैबाट तिनीहरूलाई देख्यो। "हँ, बाघसँग मानिस?" —स्याल झस्क्यो। अवश्य पनि कतै केही न केही गडबड छ भन्ने कुरा बुझ्न उसलाई बेर लागेन। उसले बाटो छल्न खोज्यो। तर मानिसले उसलाई अर्कै दिशातर्फ फर्केर हिंडेको देखी हाल्यो। मानिस कराउँदै भन्न थाल्यो—"मन्त्रीज्यू, ए मन्त्रीज्यू, कता जान थाल्नुभएको? हामी तपाईंनिरै आउँदै थियौं।"



स्याल नसुनेको जस्तो गर्दै दगुर्न थाल्यो। मानिस फेरि करायो। ''ओ जम्बू मन्त्रीज्यू, एकछिन कुरा सुनी दिनोस्। बडो सङ्कटमा परेँ। तपाईंजस्तो बुध्दिमानले नै यस सङ्कटलाई सुल्झाउन सक्ला। बिन्ती छ, एकछिन अडी दिनोस् र यौटा फैसला गरेर जानोस्।''

मानिसको कुरा सुनेर स्याललाई यो बुझ्न बेर लागेन कि उक्त मानिस लाटो रहेछ र बाघको पञ्जामा परेछ। ''सङ्कटमा परेकोलाई मदत गर्नु धर्म हो'' भन्ने ठानी उसले भन्यो—''ल उसो भए चाँडो आउ, म अलि हतारमा छु। तर के कुरा हो, अलि टाढैबाट भन।'' स्याल सतर्क पनि थियो, बाघ उसमाथि नझम्टोस् भनेर।

मानिस भन्न थाल्यो—''म यौटा गरीब बाहुन। पुरेताईं गर्न जाँदै थिएँ। पुरेताईं गरेर नै म जीविका चलाउँछु। बाटोमा यी बाघज्यू एक खोरमा थुनिनुभएको रहेछ। मलाई देखेर खोरबाट निकाली दिन गुहार्न थाल्नुभयो। साथै खोरबाट निकाली दिएमा उहाँले मलाई नखाने किरिया पनि खानुभयो। तर अब उहाँ मेरो उपकारको बदलामा मेरो ज्यान लिन चाहनुहुन्छ। उहाँको मनमा कपट रहेको कुरा मैले बुझ्न सकिनँ। म धर्म-कर्ममाथि विश्वास गर्ने सोझो पण्डित। उहाँलाई पत्याइ हालेँ। अब उहाँले आफ्नो किरिया र वचन सबै बिर्सनुभयो। अब तपाईंले फैसला गरी दिनुपर्‍यो के उपकारको उत्तर यही हो?''

स्याल मानिसको कुरा सुनेर एकछिन जिल्ल पर्‍यो र ''एकछिन मलाई सोच्न देउ'' भनी आँखा झिमझिम गर्दै बाघको मुख हेरी राख्यो। बाघको मुख कुटिल मुस्क्याइँले गर्दा उज्यालो देखिँदै थियो। स्यालले आफ्नो आँखा राम्ररी उघार्दै भन्यो—''बाघदाई अब तपाईंको कुरा पनि सुनौँ न। दुवै पक्षको कुरा सुनेपछि मात्रै मलाई फैसला गर्न सजिलो हुनेछ। यो मानिसको कुरा कति साँचो रहेछ थाहा लागोस।''

बाघले भन्यो—''यसले मलाई खोरबाट निकालेको कुरा त सही हो स्यालभाइ तर बाटोमा यसले जति पनि प्राणीहरूसित फैसलाको गुहार गर्‍यो सबैले मानिस यौटा विश्वास गर्न नसकिने प्राणी हो भने। यो बैगुनी जात भएकोले यसलाई खाए हुन्छ भनेका र म पनि कति दिनले भोकाइराखेकोले मैले यसलाई खान खोजेको हुँ। अब तपाईं हाम्रो अन्तिम न्यायाधीश हुनुहुन्छ। अब तपाईंको फैसला सुनेर मात्रै म आफ्नो भोक मेटाउन चाहन्छु।

स्यालले भन्यो—''यो कुरा त साँचो हो दाई, मानिस एउटा विश्वास गर्न नसकिने प्राणी हो। छल-कपट, बेइमानी-असत्य आदि सबै दुर्गुणहरू उसको रगतमा नै हुन्छन्। तर तपाईंलाई यी कुरा बताउने पहिलेका वकीलहरू को-को हुन्?''

बाघले भन्यो—''यसैलाई सोध्नोस्।'' स्यालले ऊसतर्फ हेर्दै बोल्ने सान गर्दा मानिसले भन्यो—''आँप र पीपलका बोट, गोरू-गाई, घोडा र गधा।''

स्यालले भन्यो—''उनीहरूले जे पनि भने आफ्नो अनुभवले नै भनेका हुन् र त्यसलाई काट्नु पनि गाह्रो छ। तर बाघदाई, एउटा कुरा भन्नोस् त। तपाईंलाई प्राणदान दिने मानिसलाई खानु सुहाउँछ र?''



"किन नसुहाउनु। जङ्गलराजमा सबैभन्दा ठूलो कुरो हो आफ्नो पेट भर्नु र पेटको भोक मेटाउनु।" बाघले भन्यो।

"तपाईं सही भन्दैहुनुहुन्छ बाघदाई। अब अलि बेलीबिस्तारले घटनाको वृत्तान्त सुनी सरजमीन गरेर म आफ्नो फैसला सुनाउँछु। कुरा के-कस्तो भयो, अलि प्रष्ट गर्नोस्। म हिंड्दै गर्छु, तपाई भन्दै जानोस्।" स्यालले भन्यो।

स्यालले आफ्ना कुराबाट बाघको मन जितिसकेको थियो। स्याल उनीहरू आएका बाटोमा हिंड्न थाल्यो। बाघ र मानिस उसका पछि-पछि हिंड्न थाले।

बाघ भन्न थाल्यो—"बाटोमा भेटिएका आँप र पीपलका बोट, गोरू, गाई, घोडा, गधासित पनि, तपाईंसित सोधिएको प्रश्न सोधिँदा ती सबैले मानिस स्वार्थी रहेको र आफ्नो स्वार्थसिद्धी हुने बित्तिकै अरूको बेवास्ता गर्ने स्वभावको हुने बताए र उसलाई मारेर खाए हुने भनी भने।" यत्तिकैमा बाघ थुनिएको ठाउँ आइपुग्यो। स्यालले त्यहाँ यौटा खोर देख्यो र अज्ञानीजस्तो हुँदै सोध्यो—"बाघदाई, तपाईं थुनिनुभएको खोर कति टाढा होला?"

बाघले भन्यो—"ऊ यै त हो नि।"

"ल कस्तो कुरा गर्नुभएको? यस्तो सानु खोरमा पनि तपाईं पस्न सक्नुहुन्छ र?" स्यालले गम्भीर हुँदै भन्यो।

"पसियो नि।" बाघले भन्यो।

"मलाई त पत्यार लागेन बा। एकपल्ट पसेर देखाउन सक्नुहुन्छ कि?" स्यालले अनुरोध गर्दै भन्यो।

"किन नसक्नु? ल हेर्नोस्" भन्दै बाघले पहिले टाउको पसायो र पछि बिस्तारै जीउ। बाघ खोरभित्र के पसेको थियो स्यालले खोरको बिर्कोले खोरको मुख थुनी दियो र भन्न थाल्यो—"बाघदाई, तिमीजस्तो विश्वासघातीका लागि मेरो फैसला यही हो। अब तिमी यहाँ नै बसेर गुम्सी राख।" यति भनी स्याल मानिसपट्टि फर्क्यो र भन्न थाल्यो—"आफूभन्दा बलियो र कपटी प्राणीसित मितेरी गाँस्नु वा तिनका कुरामा पत्यार गर्नु सधैं प्राणघातक हुन्छ, बुझ्यौ बाहुनबाजे। ल भागी हाल यहाँबाट।"

दुवैलाई यो फैसला सुनाएर स्याल आफ्नो बाटो लाग्यो र मानिसले पुरेताईं गर्न नगइ आफ्नो घरको बाटो समात्यो।


# असल मित्र

यौटा जङ्गलमा खरायोको ठूलो आबादी थियो। तीमध्ये यौटा खरायो सान्है चञ्चले थियो। अरूहरूभन्दा बढी राम्रो भएकोले ऊ बढी लोकप्रिय पनि थियो। अनेक जातका जनावरहरू उसका साथीहरू थिए। तिनीहरू पनि उसलाई सान्है मन पराउँदथे र उसलाई आफ्नो यसै लोकप्रियतामाथि ठूलो घमन्ड थियो।

घरमा उसको एकछिन बास हुँदैनथ्यो। कहिले ऊ मुजुरहरूका बीचमा त कहिले भँगेरा र परेवाहरूका समूहमा गएर त कहिले घोडा र गधाका पिठ्यूँमा बसेर घुमी राख्दथ्यो। आफ्ना साथीहरूसित गफ हाँक्नमा पनि उसलाई बडो आनन्द लाग्दथ्यो। बाबुआमाले "हेर बाबु, अचेलको जमाना खराब छ, धेरै हिँडडुल नगर, केही इलम सिक र आफ्नो खुट्टामा उभ्भी" भनी उसलाई कति सम्झाउँदा पनि त्यसको असर हुँदैनथ्यो। ऊ सधैं भन्थ्यो—"तपाईंहरू व्यर्थमा किन चिन्ता गर्नुहुन्छ? कुनै सङ्कट आइपऱ्यो भने मेरा साथीहरूका बाबुहरूले मदत गरी हाल्छन् नि। उनीहरू हामीभन्दा शक्तिशाली छन् र हामीजस्ता साधारण प्राणीहरूका लागि मदत गर्नु उनीहरूका लागि मामूली कुरा हो।" यसो भन्दा उसलाई गधा, घोडा, भैंसी, हात्ती र पोखरीमा सयल गराउने कछुवाहरूजस्ता साथीहरूको सामर्थ्य र शक्तिमाथि ठूलो भरोसा रहन्थ्यो।

छोरा खरायोका कुराहरू सुन्दा-सुन्दा बाबुआमा विरक्त हुन थाले। पुलपुलिएर बिग्रेको सन्तान ठानी उनीहरूले उसलाई केही भन्न पनि छाडी दिए। ऊ गति छाडा हुँदै गयो। एक दिन जङ्गलमा यौटा सिकारी कुकुर आफ्नो मालिकसित आयो। उता बालख खरायो मौजमस्ती गरी घर फर्किंदै थियो। कुकुरको नजर खरायोमाथि पऱ्यो अनि ऊ उसलाई पक्रन दगुऱ्यो।

आफू एक्लै भएको बेलामा कुकुर यसरी झम्टिंदै आएको देखि खरायो आत्तियो। तैपनि आफ्नो ज्यान बचाउन ऊ उफ्रँदै भाग्न थाल्यो। बाटोमा यौटा बोट आँधी-बेहरीले गर्दा ढलेको थियो। कुकुरको बाटोमा त्यो बोट तगारोको रूपमा तेर्सिएकोले कुकुरको दगुर्ने गतिमा केही बाधा पुग्यो। यसबीच उसले यौटा खेतमा दानाहरू खोजीरहेको आफ्नो साथी कागलाई सहायताका लागि गुहाऱ्यो। कागले भन्यो—"ए साथी, म एक्लो अदना चरो, त्यत्रो ठूलो कुकुरको सामना काँ गर्नसक्छु र। फेरि भइँमा त मेरो कुनै ताकत चल्दैन। हावामा भएको भए उड्दै ठुँग्ने थिएँ। आजलाई त माफ गरीदेउ साथी।"



कुकुर दगुर्दै आइरहेको देखेर खरायोले अब त्यहाँ धेरै बेर कुर्नु उचित ठानेन। त्यहाँबाट दगुर्दै जाँदा उसले चउरमा यौटा गधालाई घाँस चरीरहेको देख्यो। उसले गधासित सहायताको गुहार गऱ्यो। गधाले भन्यो—"ए मेरा प्यारा साथी, म यति होचो प्राणी, तिम्रो ज्यान कसरी बचाउँ। तिमीलाई पिठिउँमाथि चढाएँ भने पनि कुकुरले उफ्रेर तिमीलाई दाऱ्हाले च्यापी हाल्नेछ। त्यसकारण ऊ त्यता घोडापट्टि जाउ। ऊ मभन्दा अग्लो छ।" गधाको सल्लाह मानी खरायो दगुर्दै घोडानजिक पुग्यो र ऊसित पनि सहायताको गुहार गऱ्यो। घोडा भन्न थाल्यो—"तिमीलाई मद्दत त गर्नुपर्ने हो। तर भाइ, म कुकुरसित दुस्मनी मोल लिन चाहन्नँ। मैलै घाँसको खोजीमा गाउँमा पनि पस्नुपर्दछ। भोलि रिसायो भने म चैनले चउरमा चर्न पनि पाउने छैन। कुकुर जातले आजसम्म हाम्रो बिगार गरेको छैन। ऊ त्यहाँ हात्तीहरू छन्, तिनीहरू मभन्दा ठूला, अग्ला र ताकतिला छन्, तिनीहरूनिर जाउ न भाइ।"

हात्तीलाई खोज्दै खरायो जङ्गलतिर दगुर्न थाल्यो। तर बाटोमा पोखरीको डिलमा उसले अर्को प्यारो साथी कच्छप (कछुवा) लाई भेट्यो र उसलाई आफ्नो पिठ्यूँमाथि बसाएर पोखरी भित्र लैजानका लागि आग्रह गऱ्यो। कछुवाले भन्यो–"मेरो प्यारे सेते, तँलाई पिठ्यूँमाथि बसालेर पोखरीको सयल नगराएको होइन। तर आज हुँदैन भाइ। किनभने कुकुरहरू पनि पौडिनमा सिपालु हुन्छन्। हाम्रो पछिपछि पोखरीमा पसी हाल्दछन्। मैले पानीभित्र डुबुल्की लगाएर गोता मारेमा तँ निस्सासिएर मर्नेछस्। यसो हुँदा अहिले कुनै खोरभित्र पसेर आफ्नो ज्यान जोगा।"

बिचरो खरायो आफ्ना साथीहरूबाट सहायता पाउनुको सट्टा सुझाउ र सल्लाहहरू मात्रै पाउँदा आजित भइसकेको थियो। आफ्नो ज्यान सङ्कटमा परेको बेलामा आफ्ना कुनै पनि साथी, जससित ऊ दिनभरि समय बिताउने गर्दथ्यो, मदतका लागि अघी नसरेको पाउँदा उसलाई विरक्त लाग्नथालेको थियो। तर खुँखार सिकारी कुकुरबाट आफ्नो ज्यान पनि जोगाउनु जरूरी भएकोले ऊ हात्तीहरूतर्फ जानका लागि दगुर्न थाल्यो। यताउति हेर्दा उसले हात्ती देखेन। एउटा रूखको जरानिर उसले एउटा दुलोको छेउमा केही मुसाहरूलाई उफ्री रहेको देख्यो। उसले मुसाहरूलाई आफ्नो ज्यानमाथि सङ्कट आइपरेको कुरा बताउँदै सहायता गर्न अनुरोध गऱ्यो। मुसाको नाइकेले भन्यो–"हामीले पस्ने प्वाल साऱ्है साना छन् भाइ। तिमीलाई यसभित्र पस भनूँ भने तिमी अड्किने छौ। यसर्थ बरु त्यस झारभित्र पस, त्यहाँ निकै खाडल र ठूला दुलाहरू पनि छन्। त्यहाँ लुकेर आफ्नो ज्यान जोगाउ।"

र खरायो फूलले लटरम्म परेको एउटा झारभित्र पसेर दुलोमा लुक्यो। फूलहरूको बास्नाले गर्दा कुकुरले खरायोको गंध पाउन सकेन र एकछिन यताउति भुक्तै कुकुर फर्क्यो।

यता सास फुलेर खरायो एकतमासको अनुभव गर्दै थियो। आज उसले बाबुआमाले भनेका कुराहरूको महत्व थाहा पायो। उसलाई आफ्ना साथीहरू पनि आफ्नो स्वार्थ मात्रै हेर्ने खालका रहेका अनुभव भयो। अनि उसले के पनि बुझ्यो भने आफ्नो प्रजातिको मुसा सानो भए पनि वास्तविक शुभचिन्तक रहेछ, जसले देखाएको सही बाटोमा हिंडेर नै उसको ज्यान बाँच्यो। उसले त्यस झारमा बसीबसी भविष्यमा अब यस्ता मतलबी साथीहरूसित घुमेर आफ्नो समय खेर नफाल्ने सङ्कल्प पनि गऱ्यो।

# बुद्धि नै बल

परापूर्वकालमा एक राजा थिए। उनी साह्रै सम्पन्न, प्रजाप्रिय, दयालु र धर्मात्मा थिए। राज्यका सबै प्रजा सुसम्पन्न भएकाले राज्यमा अन्नपातको कुनै कमी थिएन। गाईवस्तुहरू पनि हृष्टपुष्ट थिए। खेतमा प्रशस्त बाली हुने हुँदा मुसाहरूले समेत वर्षभरिका लागि धानका बालाहरू खेतबाट निमोठी आफू बस्ने दुलाहरूमा थुपार्ने गर्दथे।

जीवनमा सुख र दुःख पनि हामीले दिनहुँ देख्ने घाम र छायासरह सँगसँगै हिँडीरहेका हुन्छन्। एकपल्ट राजाको राज्यमा भयङ्कर खडेरी पर्‍यो। फलस्वरूप खेतमा कतै केही बाली उब्जेन। मानिसहरूले आफूसित भण्डारमा भए जति अन्नहरू खाएर त्यो वर्ष गुजारे। मुसाहरूले पनि आफ्ना दुलाहरूमा भए जति अन्न खाएर सिध्याए। एक दिन उनीहरू मुसाको राजाको दरबारमा गए र आफ्नो पीर बताए। "सरकार! अब त भए जति अन्नहरू सिद्धिए। कसैको घरमा गई अन्न चोरेर खानु र उनीहरूलाई सताउनु त राम्रो होइन। बरू एकपल्ट राजासँग नै अन्न सापट दिनका लागि बिन्ती गरे कसो होला?"

मूषकराजले मुसाहरूको बिन्तीमाथि गम्भीर चिन्तन गर्दै भन्यो—"राम्रो कुरो हो। हामी आठ-दसजना जाऔँ र राजासित अनुरोध गरी हेरौँ।"

यस्तो सर्वसम्मत फैसला भए पछि मूषकराज आठ-दस मुसाहरूको बथानको नाइके भएर राजदरबारमा पुग्यो। ढोकामा पालेलाई आफ्नो परिचय दिँदै मूषकराज आफ्नो बथानसहित स्वागताधिकारीनिर पुग्यो र सरकारमा बिन्ती चढाउन आएको कुरा बताउँदै राजाको दर्शनभेटका लागि उसले अनुरोध गर्‍यो।

आफ्ना स्वागताधिकारीबाट यस्तो अनौठो कुरा सुनी राजा अचम्ममा परे र "मुसाहरूको टोलीको के समस्या रहेछ सुनौँ न त" भन्ने अभिलाषा राखी राजाले दर्शनभेट बक्सनका लागि आफ्नो सहमति जनाए।

मुसाको टोलीलाई बैठकमा लगी बसाइयो र राजाका लागि कुर्न भनियो। राजा बैठकमा पस्नासाथ मूषकराजले उठेर आफ्नो परिचय दियो र राजाको बाहुलीमा पुष्पगुच्छा चढायो। अनि अन्नको विकट स्थिति भइरहेको कुरा गर्दै भन्न थाल्यो—"गरिबपरवर! हामीले सदा-सदाझैं खेतमनि दुलो बनाएर धानको बाला थुपारी आफ्नो खाद्य समस्याको समाधान निकाली राखेका थियौँ। तर यसपालीको खडेरीले गर्दा हाम्रो भण्डार खाली भइसक्यो। अर्को

बाली नआउन्जेल हामीले अन्न जम्मा गर्न सक्तैनौं। यसर्थ हजुरबाट सहायताको बिन्ती गर्न आएका हौं। हामीलाई अन्न सापटबक्से अर्को वर्ष बाली तयार भएपछि हजुरको ऋण ब्याजसहित चुक्ता गर्नेछौं।''

मूषकराजबाट यस्तो कुरा सुन्दा चिन्ताग्रस्त राजा नहाँसी बस्न सकेनन् र उनले सोधे–''मूषकराजलाई कति अन्न भए पुग्ला?''

मूषकराजले भन्यो–''एक भखारी धान भए वर्षभरिलाई पुग्ला प्रभु।''

राजाले सोधे–''तर एक भखारी धान राख्ने ठाउँ छ? यत्तिको अन्न कसरी ओसार्ने?''

मूषकराजले भन्यो–''हजुरले यो चिन्ता नगरीबक्स्योस्। हजुरबाट आदेश पाएपछि यो काम भई हाल्नेछ। हामीसित ठाउँको कमी छैन।''



दयालु राजा मुसाहरूको साहसबाट सान्है प्रभावित भए। उनले मन्त्रीलाई ''हाम्रो यो भण्डार प्रजाको सुख-शान्तिका लागि नै हो। खान नपाएर कोही प्राणी मऱ्यो भने मलाई ठूलो पाप लाग्नेछ'' भन्दै एक भखारी धान मूषकराजलाई दिनका लागि आदेश दिए। मूषकराज यसपछि राजालाई धन्यवाद टक्ऱ्याउँदै राजदरबारबाट हिँड्यो। तर राजदरबार छाड्नुभन्दा पहिले मूषकराजले राजासित आग्रह गऱ्यो—''प्रभु! हाम्रा बन्धुवर्ग अन्न ओसार्न आउँदा कुकुर-बिरालाहरूबाट तिनीहरूको रक्षाको प्रबन्ध पनि गरिदिइबक्से हामी आजीवन ऋणी रहने छौँ।'' राजाले मुसाहरूको पूर्ण सुरक्षाको आदेश दिए। यसपछि मूषकराज आफ्नो क्षेत्रमा फर्क्यो।

त्यहाँ पुगेर मूषकराजले आफ्ना बन्धुवर्गलाई राजाको विशाल हृदयको बेहोरा बताउँदै चाँडचाँडै अन्न ओसार्ने आदेश दियो। मुसाहरूको बथान तत्कालै धान ओसार्न दगुऱ्यो। मुसाहरूले एउटा पनि गेडा नखसाली अन्न ओसारेको देख्ता राजा अत्यन्त प्रभावित भए।

यसबीच मुसाहरूको एउटा बथान एक दिन राति जङ्गलतिर फलफूलको खोजीमा निस्केको थियो। नदीको तटको अर्को पारी तिनीहरूले केही मानिसहरूलाई तम्बू गाडीरहेका देखे। ''अवश्य पनि भोज-भतेर भइरहेको होला'' भन्ने ठानी ती मुसाहरू त्यतातिर लागे। नदीमा धेरै पानी भएकोले उनीहरूलाई नदी तर्न समय लाग्यो तर त्यहाँबाट फर्कने बित्तिकै आफूले थाहा पाएको खबर उनीहरूले मूषकराजमा जाहेर गरे। मूषकराजले आफ्नो देशमाथि सङ्कटको बादल छाएको अनुभव गरी तत्कालै राजदरबारतर्फ हिँड्ने फैसला गऱ्यो। उसले आफूसित दुई-चार अरू मुसाहरूलाई पनि हिँड्न भन्यो।

मध्य रातमा यसरी मूषकराज आएकामा पहिले त पालेले ढोका खोल्न मानेन तर देशमाथि सङ्कट आइपरेको जानकारी पाएपछि उसले ढोका खोल्यो। राजामा मूषकराज आउनाको कारण बिन्ती चढाइयो र राजा जुर्मुरिँदै उठेर मूषकराजलाई भेट्न आइपुगे। मूषकराजलाई राजाले यस महत्वपूर्ण सूचनाका लागि स्याबासी दिए तर उनको अनुहारमा चिन्ताको लहर पनि दगुऱ्यो। मूषकराजले राजाको स्थिति बुझ्दै भन्यो—''प्रभुबाट आदेश हुन्छ भने हाम्रा फुर्तिला बन्धुहरू पनि देशको रक्षाका लागि अगाडि सर्नेछन्। हामीलाई मात्र हजुरको आदेश, विश्वास र निर्देशनको आवश्यकता छ।''

राजाले भने—''शत्रुपक्षको विशाल सेना, बृहत् अस्त्र-शस्त्रको भण्डार र लडाकू सैनिकहरूका अगाडि मुसाहरूले के गर्लान् मूषकराज?''

मूषकराजले भन्यो—''महाराज! एक भखारी धान ओसार्ने बेलामा पनि त हजुरबाट मुसाहरूको कार्यक्षमतामाथि शङ्का जाहेर गरिबक्सेको थियो। तर उनीहरूले कति निपुणताका

साथ काम पूरा गरे, हजुरले नजर गरी हालिबक्स्यो। समानरूपमा शत्रुपक्षको योजनाको सुराक पनि हाम्रै मुसाहरूले फेला पारे। यिनीहरू आफ्नो काममा चुक्ने छैनन्। हजुरले आदेश मात्रै दिबक्स्योस्। अनि आफ्नो सेनालाई पनि फौजी तयारी गर्ने आदेश दिबक्स्योस्।''

''विपत्तिको बेलामा हरेकको सहयोग मूल्यवान हुन्छ'' भन्ने ठानी राजाले भने—''ल ठीक छ त मूषकराज, तिमीमाथि मलाई पूरा भरोसा छ। तिमी जाउ र जसो उचित ठान्दछौ गर।''

''उसो भए हजुरले साँझसम्म डेढ-दुई लाख जति सुकेका गुइँठाको व्यवस्था गराइबक्स्योस् र अलि अँध्यारो भएपछि ती गुइँठाहरू कसैले चाल नपाउने गरी नदीको किनारमा पुऱ्याउन लगाइदिबक्स्योस्। शाही सेनालाई पनि साँझसम्म तम्तयार राख्नु ठीक होला'' भन्दै मूषकराजले राजासित बिदा लियो।

बिहान भएपछि मूषकराजले सारा मुसाहरूलाई सम्बोधन गर्दै सबै कुरा बुझायो। राति गुइँठाहरू ल्याइपुऱ्याइँदा मुसाहरूले गुइँठालाई नदीमा ओछ्याउने र त्यसमाथि आफू बस्दै नदी तरी अर्कोपट्टि जाने काम थाले।

यसपछि मुसाहरूले मूषकराजको निर्देशनबमोजिम मध्यरातमा सिपाहीहरू सुतेका तम्बूभित्र पसी शत्रुपक्षलाई सके जति नोक्सानी पुऱ्याए। तम्बूभित्र फिँजिएर तिनीहरूले सैनिकहरूका धनुका डोरी काटे, बन्दुक भिर्ने फित्ता टोकी दिए, ठाउँ-ठाऊँबाट सिपाहीहरूको कपाल, आँखीभौँ र जुँगा आदि कत्रेर तिनीहरूलाई कुरूपसमेत बनाए। यसपछि तिनीहरूले सिपाहीहरूका उर्दी पोशाक, तम्बू, जुत्ता-मोजालाई कत्रेर लाउन नहुने बनाइदिए। केही मुसाहरूले त रसद-भँडारमा पनि पसेर त्यहाँ पनि विनाश-लीला मचाए। आफ्नो काम सकेर मुसाहरूको बथान फर्क्यो र मूषकराजले राजामा मुसाहरूले गरेका कर्तुतहरूको विवरण बिन्ती चढाउँदै शाही सेनालाई लडाइँका लागि तत्कालै पठाउन अनुरोध गऱ्यो।

एकाबिहानै बिगुल बजेको स्वर सुन्दा सिपाहीहरू जुर्मुरिएर उठे। एकार्काको अनुहार देख्ता पहिले त सबै एकार्कामाथि हाँस्न थाले तर तत्कालै विरूप बनाउने यस कार्यको दोष एकार्कामाथि थोपर्न थाले। कुरा चर्किंदै जाँदा सिपाहीहरू आपस्तमा नै जुध्न थाले। तम्बूभित्रको स्थिति पनि दयनीय थियो। यसबीच शाही सेना आइपुग्यो र शत्रुपक्षमाथि धनुर्वाणको वर्षा गर्न थाल्यो।

यस अपझ्झट हमलाका लागि तयार नरहेका सिपाहीहरूले हठात् धनुर्वाणको वर्षा सहनु पर्दा कतिले त ज्यान गुमाए, कति घाइते भए, कति ज्यान जोगाउँदै भागे र अनेक सिपाहीहरूले शाही सेनासमक्ष आत्मसमर्पणसमेत गरे। यसप्रकार मुसाहरूको सहयोग र मूषकराजको बुद्धिमत्तापूर्ण सल्लाहबाट राजा लडाइँमा विजयी भए।

''कुनै पनि प्राणी आफ्नो शरीरको आकारले न त कमजोड हुन्छ औ न बहादुर नै'' भन्ने निक्यौंल गरी राजाले मूषकराजलाई सम्मानित गर्दै आफ्नो दरबारमा गुप्तचर सेवाको सल्लाहकार मनोनित गरे।

मुसाहरूका वीरतापूर्ण कार्यको समाचार सर्वत्र फैलियो।

छिमेकी राजामाथि आक्रमण गरी त्यसको राज्यमाथि आफ्नो कब्जा जमाउनका लागि आक्रमणको योजना बनाउने राजाले स्वयं पराजयको तीतो स्वाद चाख्नु परेको थियो। ''त्यस राज्यका मुसाहरू त यत्ति तालिमकुशल र प्रवीण रहेछन् भने सैनिकहरू कत्ति वीर होलान्'' भन्ने ठानी आक्रमण गर्ने सुर गरेको राजाले छिमेकी राज्यको राजासित मित्रताको हात बढाउँदै संधि गऱ्यो र त्यस देशका राजकुमारसित आफ्नी छोरीको विवाह सम्पन्न गराई मित्रतालाई सम्बन्धको बलियो गाँठोमा गाँस्यो।

मूषकराजलाई राजाको दरबारमा गुप्तचर सेवाको निगरानीको भार सुम्पिएको हुँदा मूषकराजले मुसाहरूलाई लुकी-लुकी सूचना बटुल्ने र सुराक पत्ता लाउने आदेश दिए। यसले गर्दा मुसाहरू अहिले पनि घर-खेत, चउर, जङ्गल सर्वत्र फूर्तिसाथ दगुरीरहेका हुन्छन्।

# ल देखा तमासा

यौटा सेर्पा किसानका दुईजना छोराहरू थिए—मिंगमा र उर्गेन। मिंगमा शान्त स्वभावको थियो भने उर्गेन उटुङ्गी स्वभावको। कान्छो छोरो भएकोले सबै उसको हासठट्टामा रमाउँथे।

एक दिन उसको बाबुको स्वर्गवास भयो। यस पछि घरको सम्पूर्ण जिम्मा मिंगमामाथि आइपऱ्यो। खेत जोत्ने कामदेखि लिएर गाईवस्तुको हेरविचार गर्ने, गोठ सफा गर्ने र तिनलाई चारा आदि दिने सबै काम मिंगमाले नै गर्नुपर्दथ्यो। एक दिन आमाले मिंगमा खेत जोत्न गएको बेला पारी उर्गेनलाई सम्झाउँदै भनिन्—"हेर् नानी, तेरो दाज्यू दिनभरि कसरी खट्दैछ। घर फर्केपछि पनि ऊ चैनले बस्न पाउँदैन। तँलाई खेतको काम मनपर्छ भने जा खेतको काममा दाज्यूलाई सघा, नत्र गाई-गोठको हेरविचार त गर्ने गर्।"



उटुङ्याहा उर्गेन भन्न थाल्यो—''आमा, मबाट त यी दुवै काम हुँदैनन्। दाज्यूले गरी राख्नुभएकै छ, त गर्न दिनोस्। बुवा पनि त यी सबै काम एक्लै गर्नुहुन्थ्यो।''

आमालाई उर्गेनको तर्क मन परेन। उर्गेन उटुङ्याहा स्वभावको भएकोले जिस्काउन यसो भनेको होला भन्ठानी आमा 2-4 दिन केही नबोली बसिन्। एक दिन उर्गेन बाहिरबाट कराउँदै घरभित्र पस्यो—''आमा! सार्है भोक लागेको छ। भात पस्कनोस् त।''

आमा कराइन्—''राखेको छ तेरो कमाई। कामकाज केही गर्नु छैन, खाली माम नै चाहिन्छ। भोक लागेको छ भने जा, पहिले काम गर्, कमाएर ल्या, अनि फुर्माउने गर्।''

अकस्मात् आमाको मुखबाट यस्तो कटु वचन सुन्दा उर्गेन झस्क्यो। उसको उत्साह, खुसी, भोक सबै भापसरह उडेर विलीन भए। उसलाई लाग्यो—''बच्चो हुर्केर ठूलो भएपछि ऊप्रति आमाबाबुको स्नेह उसको कमाईमाथि नै निर्भर गर्दोरहेछ।'' उसले सम्झ्यो-कसरी आमाले दाज्यू खेतबाट फर्कने बित्तिकै उसका लागि भात पस्कनुहुन्छ र 'चाँडै आइज, भात सेलायो' भनी उसलाई डाक्नुहुन्छ। तर मैले भात पस्कन भन्दा आमाले मेरो कमाई उडकिदै मलाई नराम्ररी झाँट्नुभयो। ल भयो, म बस्दिनँ यस घरमा' बर्बराउँदै उर्गेन निस्क्यो घरबाट काँधमाथि यौटा काम्लो हाल्दै।

''उर्गेन खेततर्फ गयो होला।'' आमाले भन्ठानिन्।

साँझ पर्‍यो। मिंगमा गोरुहरूका साथ घर फर्क्यो ''उर्गेन, उर्गेन'' सम्बोधन गर्दै। आमाले सोधिन्—''ऊ तँतर्फ गएन र?'' मिंगमाले ''अहँ'' गर्दा आमा भन्न थालिन्—''ऊ त दिउँसै निस्केको थियो। तँनिर खेतमा गयो होला भन्ठानेकी थिएँ'' —आमाको मुटुमा चिसो पस्यो।

रात पर्‍यो, उर्गेन फर्केन। उर्गेनको भाग छुट्याएर आमाले मिंगमालाई भात पस्किन् र भारी मनले आफू पनि खान बसिन्।

उता दिउँसो घरबाट निस्केको उर्गेन हिमपर्वतको उकालो लाग्यो र बाटोमा उसले किनेको सुन्तला यौटा गुराँसको बोटको छहारीमुनि बसेर खाने विचार गर्‍यो। यौटा सुन्तला त ऊ खाँदै हिंडेको थियो। ऊसित बाँकी तीनवटा सुन्तलाहरू थिए। पहाडको उकालो, खाली पेट, मीठो सुन्तला, उसलाई भोक लाग्दा उसले आफूसितै बर्बराउँदै भन्न थाल्यो—''यौटा खाउँ कि दुईटा कि तीनवटै। होइन, यौटा जाबोले त के पेट भर्ला, बरु दुईटा खानु पर्‍यो। पेट भरेन भने पछि तेस्रो पनि खानु पर्ला।'' यसो भन्दै उसले अर्को यौटा सुन्तला झिक्यो।

उर्गेन बसेको ठाउँमन्तिरै यौटा ओडारमा सोक्पाको बास रहेछ। यो एक प्रकारको हिममानव हो जसको सम्बन्धमा के भनाई छ भने यसले सेर्पा जातिका मानिसहरूको भाषा बुझ्दछ र बेलाबखतमा उही भाषामा बोल्दछ पनि। वास्तवमा त्यस ओडारमा सोक्पा आफ्नी पत्नी र नवजात शिशुसित बसिरहेको थियो। एकाएक मानिसको स्वर र तीनोटैलाई खाने

कुरा सुन्दा ऊ अतालियो। यो कुनै शक्तिशाली प्राणी होला भन्ठान्दै उसले अत्यासमा ओडारभित्रबाट नै भन्न थाल्यो—"बिन्ती छ, मेरा जहान-बच्चालाई केही नगर्नोस्। बरु म तपाईलाई यौटा मुङ्ग्री दिन्छु। यसले तपाईंले अह्राउनुभएको काम मात्रै गर्ने होइन, सुन-असर्फी पनि बर्साउने छ।" यति भन्दै उसले ओडारबाट यौटा मुङ्ग्री माथिपट्टि फाल्यो। उर्गेनले मुङ्ग्री समात्दै निडर भै भन्यो—"ल आज त छोड्दैछु, तर मलाई ढाँटेको होस् भने मैले तँलाई छोडने होइन।"

वास्तवमा उर्गेन पनि यस्तो चमत्कारी अज्ञात प्राणीसित डराउँदै थियो। आतसमा उसले मुङ्ग्रीको जाँचै नगरी त्यहाँबाट कुलेलम ठोक्यो। रात परिसकेकोले ऊ आफ्नो फुपूको घरमा बास बस्न गयो। राति खाइवरि सुत्न जाँदा उसले सम्पूर्ण वृत्तान्त आफ्नो दाज्यू (फुपूको छोरा) लाई बतायो। फुपूचेलो चलाख थियो। राति उसले उर्गेन सुतेको बेलामा मुङ्ग्रीलाई जाँची हेऱ्यो र त्यस चमत्कारी मुङ्ग्रीको ठाउँमा आफ्नो साधारण मुङ्ग्री राखी दियो।

बिहानीपख उर्गेन उठेपछि चिया-खाजा खाई घरतर्फ हिँड्यो। एकातिर सोक्पाको डर र अर्कोतिर धन बर्साउने मुङ्ग्री पाएको उत्साहले गर्दा उर्गेनले मुङ्ग्रीको जाँच गरेको थिएन। घरमा आइपुगे पछि उसले बाहिरबाटै कराउँदै भन्न थाल्यो—"हेर्नोस् आमा, मैले के ल्याएको छु। अब दाज्यूले पनि खेत जोत्ने दुःख गर्नु पर्दैन। अब आरामले बसी-बसी खाए हुन्छ।" यति भन्दै उसले काम्लो भित्रबाट मुङ्ग्री झिक्यो र आमालाई देखाउँदै त्यससित "ल बर्सा असर्फी" भन्न थाल्यो। चमत्कारी मुङ्ग्री त फुपूचेलोले फेला पारिसकेको थियो। साधारण मुङ्ग्रीले के चमत्कार देखाउन सक्तथ्यो। छोरोले फेरि बेकूफ बनाएको देख्ता रिसले आगो भएकी आमाले कराउँदै भनिन्—"जा, निस्की हाल् घरबाट। म हेर्न चाहन्न तेरो मुख।"

फुपूचेलोलाई मुङ्ग्रीको रहस्य बताउँदा यसको प्रभाव मेटिएको हो कि भन्ने ठानी उर्गेनलाई आफूमाथि पनि रिस उठ्यो। तर उ फुपूको घरमा नगई सोझै त्यस पर्वततर्फ हिँड्यो जहाँ सोक्पाको गुफा थियो। गुराँसको बोटमन्तिरको ओडारलाई देखेपछि ऊ कराउँदै भन्न थाल्यो—"आज छाड्दिन यी तीनोटैलाई। मसित चलाखी गर्ने। अब नखाई जान्नँ।"

उर्गेनको डाँकोबाट सोक्पा फेरि अतालियो, सोक्पाका बच्चाहरू कहालिए, सोक्पाकी दुल्है "लौ न नि" भन्दै कराई।

"के भो दाई?" सोक्पाले ओडारभित्रबाटै आँट गरी सोध्यो।

"मलाई बेकूफ बनाउँदै साधारण मुङ्ग्री दिइस् र सोध्छस् के भो भनेर। म आज तिमीहरूलाई नखाई छाड्दिन।" उर्गेनको डाँको सुनी सोक्पा आत्तियो।

"यो निश्चय नै कुनै शक्तिशाली प्राणी हो" भन्ने ठानी सोक्पाले भन्यो—"ल अब यो मुङ्ग्री लिनोस्। हिजो कतै बास बस्नुभएको थियो भने आज पनि त्यहीं बास बस्नुहोला

र ‘‘ल देखा तमासा’’ भन्दै यो मुङ्ग्रीलाई हावामा हल्लाउनुहोला। यसो गर्दा हजुरले फुत्केको मुङ्ग्री फिर्ता पाउनु हुनेछ।’’ यति भन्दै सोक्पाले अर्को मुङ्ग्री उर्गेनतर्फ फ्याँक्यो।

उर्गेनले मुङ्ग्री समात्यो र फेरि सोक्पालाई चेताउनी दिदै हिंड्यो फुपूको घरपट्टि। घरमा फुपूचेलो बसीराखेको थियो। अपर्झट उर्गेनलाई देख्ता ऊ डरायो। तर उर्गेनले केही नभएजस्तो गरी कुरा गरीराख्यो र खाइवरि सुत्न लाग्दा दाज्यूसित भन्न थाल्यो—‘‘आज फेरि मैले अर्को गजबको मुङ्ग्री फेला पारेको छु। यसलाई त ‘‘देखा तमासा’’ भनी हावामा हल्लाउनासाथ यसले मजाको खेल देखाउँदो रहेछ।’’ फुपूचेलोले हेरौँ न त तमासा भन्दा उर्गेनले भन्यो—‘‘आज धेरै थाकेको छु। रात पनि परीसक्यो भोलि देखाउँला नि। हुन्न र?’’

फुपूचेलोले ‘‘हुन्छ’’ त भन्यो, तर उसलाई निद्रा लागेन। उर्गेन सुतेपछि फुपूचेलो उठ्यो र त्यस चमत्कारी मुङ्ग्रीसित फेरि आफ्नो साधारण मुङ्ग्री साट्दै बाहिर आँगनमा गयो र मुङ्ग्रीसित ‘‘ल देखा तमासा’’ भन्दै मुङ्ग्रीलाई हावामा हल्लायो।

फुपूचेलोले ‘‘ल देखा तमासा’’ भन्नासाथ मुङ्ग्री नाच्न थाल्यो र बजारिन थाल्यो उसैको जीउमा। कहिले खुट्टामा बजारिने त कहिले पिठ्यूँमा, त कहिले हातमा। फुपूचेलो यस आकस्मिक हमलाबाट अतालिँदै कराउन थाल्यो—‘‘भाइ, भाइ, उर्गेन भाइ। मलाई बचाउ तिम्रो मुङ्ग्रीबाट।’’

रातिको बेला यस किसिमको चित्कार र गुहारबाट सबैको निद्रा खुल्यो। उर्गेन पनि ब्यूँझ्यो र मुङ्ग्रीले आफ्नो करामात देखाएको कुरा बुझ्न उसलाई बेर लागेन। ऊ फुपूचेलो कराइरहेको ठाउँमा पुग्यो र पहिलेको मुङ्ग्री चोरेको कुरा कबूल गराई त्यसलाई ल्याउन लगाएपछि उर्गेनले भन्यो—‘‘ल बन्द गर तमासा।’’ मुङ्ग्री शान्त भयो।

सबै जनाको अगाडि मुङ्ग्री चोर्ने ठहरिएको र कुटाई खानु परेको घटनाबाट फुपूचेलो लाई सार्है लाज मर्नु भयो।

उर्गेन आज दुईवटा मुङ्ग्री लिएर घर फर्क्यो र आमालाई भन्यो—‘‘आमा एक छिन मनिर बस्नोस् र हेर्नोस् चटक। आज म साँचो खेल देखाउँदै छु।’’

‘‘मलाई छैन फुर्सत तेरो उरन्ठेउलो कुरा सुन्ने वा हेर्ने’’ भन्दै आमा कोठाभित्र पसिन्। यता उर्गेनले पहिलो मुङ्ग्रीको जाँच गर्न भन्यो—‘‘ल बर्सा सुनचाँदी।’’

यति भन्नासाथै झर्रर बर्सिन थाले सुन र चाँदीका मोहरहरू।

‘‘आमा हेर्नोस् चमत्कार’’ जोसले उर्गेन करायो। आमा पनि झर्ररको आवाज सुनेर लगत्तै फर्कीन् र देखिन् मुङ्ग्रीको चमत्कार।

आमाको मुखमा खुसीको लहरलाई देख्ता उर्गेनलाई पनि आनन्द लाग्यो र भन्न थाल्यो—‘‘आमा, अब त तपाईं मसित रिसिनु भएको छैन।’’

आमाले भनिन्—''लाटा! म त्यति नरिसाएकी भए तँ आज यस्तो पराक्रम गर्ने थिइस् त। मेरो झपार नखाएको भए तेरो यसरी कल्याण हुने थियो त। ल जा हात-मुख धोएर आइज्, तात-तातो भात खा। अनि हेरूँली अर्को मुङ्ग्रीको चमत्कार।''

आमाको मुखबाट मधुर वचन सुन्दा उर्गेनलाई साह्रै खुसी लाग्यो र भन्न थाल्यो—''तर आमा, त्यो अर्को मुङ्ग्रीको तमासा तपाईंलाई देखाउन्नँ।'' यति भनी उसले हिजो राति उसको फुपूचेलोले चाख्नु परेको फलको वृत्तान्त सुनायो। आमा पेट मिचीमिची हाँस्न थालिन्।

कालान्तरमा उर्गेन गाउँको एक धनाढ्य र प्रमुख व्यक्ति भयो। कुनै चोर-डाँका पक्राउ परेमा गाउँका मानिसहरू तिनीहरूलाई उर्गेननिर ल्याउँथे र उर्गेन बालिस्टमा अडेस लाग्दै मुङ्ग्रीलाई आदेश दिन्थ्यो—''ल देखा तमासा।''

चोर-डाँकाहरू हायल-कायल भएको देख्ता केटाकेटीहरू खुसीले उफ्रन्थे, गाउँलेहरू दङ्ग पर्दथे र उर्गेनको जयजयकार गर्दथे।



Indian ... ence ... 117462

# पहिले कुन खाउँ ?

यौटा जङ्गलमा यौटा बूढो स्याल बस्दथ्यो। ऊ सान्है चलाख थियो तर बूढो भएकोले आफ्नो स्याल–समाजका लागि जासुसीको काम गर्न नसक्ने भएको थियो। यसो हुँदा अन्य स्यालहरूले उसलाई आफ्नो भाग काटेर खान दिनुभन्दा त्याग्नु नै उचित ठानी त्यागेका थिए। यसरी त्यत्रो विशाल जङ्गलमा एक्लै बस्नु पर्दा उसमा वैराग्यको भाव पनि जागेको थियो। तर काल नआउन्जेल सबै प्राणीले बाँच्नैपर्ने हुँदा ऊ पनि काललाई पर्खी बसीरहेको थियो। अनि बाँचुन्जेल नखाई पनि नहुने। यसो हुँदा आकल-झुकल ऊ सिकार पनि गर्ने गर्दथ्यो। सिकार पाउँदा टन्न खाई बस्ने र नपाउँदा दुई-चार दिन पनि उपवास गर्ने उसको बानी भइसकेको थियो।



एक दिन जङ्गलमा यौटा सिकारी आयो। स्याल यौटा कुनामा झारको ओत लागेर बसेको थियो। सिकारीले उसलाई निसाना बनाओस् भन्ने ऊ कामना गर्दै थियो जसले गर्दा उसले यस दुःखमय जीवनबाट मुक्ति पाओस्। तर सिकारीलाई त स्यालको होइन, बँदेल, मिर्ग, जरायो आदिको खोज थियो।

एउटा मिर्गमा नजर पर्दा सिकारीले त्यसलाई आफ्नो वाणको निसाना बनायो। मिर्ग त्यहीँ ढल्यो। सिकारी मिर्गलाई आफ्नो कब्जामा पार्न अगाडि के बढेको थियो उसले यौटा भालुलाई आफूतर्फ नै लम्कीरहेको देख्यो। भालुले आफूमाथि हमला नगरोस् भनी सिकारीले उसमाथि वाण चलायो। तर भालुको मोटो छाला र बाक्ला भुत्लाले गर्दा वाणले भालुको ज्यान लिन सकेन। ऊ घाइते त भयो तर मर्न सकेन।

उसले सिकारीले वाण चलाएको देखेको थियो। यसर्थ ऊ सिकारीमाथि जाइलाग्यो। भारी जीउ र ठूलठूला नङ्ग्रायुक्त भालुको पञ्जा मुखमा बज्रँदा सिकारी ढनमनिएर लड्यो। भालुले उसको रगत चुसेर उसलाई मारी दियो। यसपछि घाइते भालु त्यहाँबाट अन्यत्र गयो।

बूढो स्यालले यस घटनालाई हेरीराखेको थियो तर भालु त्यहाँबाट नजाउन्जेल आँखा चिमचिम गर्दै मरेकोजस्तो गरी ऊ पल्टीराख्यो। भालु हिँडे पछि बिस्तारै जीउ तन्काउँदै त्यहाँबाट उठ्यो र ढलेका लासहरूलाई हेर्न थाल्यो। एकातिर मिर्ग र अर्कोतिर सिकारीका लास। उसको मुखमा पानी आउन थाल्यो। ऊ सोच्न थाल्यो-पहिले कुन खाउँ?

मिर्ग विशाल जीउको थियो र सिकारी पनि हट्टाकट्टा। अनि स्याल सोच्न थाल्यो—"यी दुईवटै सिकार त म एकैपटकमा खान सक्ने होइन। अनि कुन पहिले खाए ठीक होला।"

यो कुरा मनमा खेलाउँदै उसले आँखा झिम गऱ्यो। आँखा चिम्लँदा उसको मनमा एउटा कुरा आयो—"आँखा खोल्दा मेरो नजर जुन वस्तुमाथि पहिले पर्ला पहिले त्यही नै खान्छु।"

यो विचार आउने बित्तिकै उसले आँखा खोल्यो। आँखा खोल्दा उसको नज़र सिकारीको धनुषमाथि पऱ्यो जो सिकारीनजिक नै खसेको थियो। अनि उसले सोच्यो—"हो त, धनुको तन्तु पनि त छालाबाट नै बनिएको हो। पहिले यसलाई चपाए दाँत पनि तिखारिन्छ अनि सिकार चपाउन मजा आउने छ।"

यति सोचेर उसले धनुषलाई पञ्जाले च्याप्यो र तन्तुलाई टोक्न थाल्यो। तन्तु चुँडिने बित्तिकै धनुषको काठ उछिट्टिएर जोरसित उसको शिरमा बज्र्यो। शिरमा अकस्मात जोरको प्रहारभएबाट ऊ तत्कालै ढल्यो र अन्तमा उसले पनि प्राण गुमायो।

माथि यौटा रूखमा बसेको कागको जोडाले पनि यस घटनालाई हेरी रहेको थियो र स्यालले लोभले गर्दा प्राण त्याग्नु परेको कुरा बुझ्यो। अनि त्यो एक जोडा काग आफ्नो बथान जम्मा गर्नका लागि काँ-काँ गर्न थाल्यो। हेर्दा-हेर्दै कागहरूको जमात भेला भयो।

यसरी ती लासहरू जङ्गलका अन्य जनावरहरूका लागि आहारा बने।

# बुद्धिको चमत्कार

चितवनको यौटा जङ्गलमा कैयन हिंस्रक जनावरहरू थिए। ती सबैमाथि वनराज सिंहको हुकुम चल्दथ्यो। तर यौटा स्याल बडो छट्टु थियो। ऊ कहिलेकाहीँ वनराजको आँखामा छारो हाल्न पनि चुक्तैनथ्यो र बेला-बेलामा वनराजको आज्ञाको उल्लंघन गरी नजिकको गाउँमा सुटुक्क पसेर कहिले खेतमा चरीरहेका बाख्रा-बाख्री र भेडा-च्याङ्ग्रा त कहिले कुखुरा-हाँस आदिलाई समातेर हडप गर्ने गर्दथ्यो। तर काम बिगार्ने रामे, चोट पाउने च्यामे भनेजस्तै गाउँलेहरूको रिसको सिकार भने बेला-बेलामा ब्वाँसा, स्याल वा अन्य वन्यप्राणीहरू हुने गर्दथे।

जङ्गली जन्तुहरूको बिगबिगीले गर्दा गाउँलेहरूले पनि खतरनाक कुकुरहरू पाल्न थाले। छट्टु स्याललाई अब समस्या आइपऱ्यो। अब त आफ्नो इच्छाका कुखुरा, हाँस आदि खान नपाइने कुरा बुझी उसले यस समस्याको समाधान गर्ने उपाय सोच्न थाल्यो।

एक दिनको कुरा हो। आकाश बादलले ढकमक्क ढाकिएको थियो। सर्वत्र चुक घोप्टिएजस्तो अँध्यारो भएको देख्दा उक्त छट्टु स्यालले यसलाई एउटा उपयुक्त मौका ठानी अन्य स्यालहरूलाई जम्मा गर्दै भन्यो—''हिँड भाइ हो, आज गाउँतिर जाऔँ। आज राम्रो साइत परेको छ। तर तिमीहरूले भाइ हो, गाउँमा पसेर ''बाहिर निस्केर अकासमा हेर, क्या गजबको दृश्य छ'' भनी कराए। घरका मानिसहरू जब बाहिर निस्केर अकासतिर हेर्न थाल्छन्, हामी अँध्यारोमा तिनीहरूका कुखुरा-हाँस आदिलाई च्यापेर भागौँला र यस मौसममा कुखुराको भोज खाउँला।'' सोझा स्यालहरूले छट्टुको षडयन्त्रमा सामेल भई उसले भने सरह गरे।

मानिसहरू पनि आकाशमा त्यस्तो के गजबको दृश्य देखा परेछ भन्दै घरबाट बाहिर निस्के र आकाशतिर हेर्न थाले। तर आकाशमा त चुक घोप्टेसरह अँध्यारो थियो। तारासम्म बादलले गर्दा टल्कीरहेका थिएनन्। यत्तिकैमा केही कुकुरहरू भुक्तै एक दिशातिर दगुरे र तिनले एउटा स्याललाई च्यापी हाले। गाउँलेहरू पनि त्यतापट्टि नै दगुरे जता कुकुरहरू दगुर्दै गएका थिए। कुकुरको मुखमा स्याल र स्यालको मुखमा कुखुरा च्यापिएको दृश्य जब सबै गाउँलेहरूले देखे त उनीहरूले स्याललाई निर्दयताका साथ कुट्न थाले।

स्यालले जीवनदानका लागि गुहार्दै भन्न थाल्यो—''मलाई नमारीबक्स्योस्। म त षडयन्त्रको सिकार भएको हुँ। वास्तवमा दोषी त छट्टु स्याल हो। आजसम्म हजुरहरूको जति पनि नोक्सानी भयो त्यो सबै त्यसैले गर्दा भएको हो। मलाई छाडी दिबक्से म त्यस छट्टु स्याललाई हजुरहरूको पासोमा पार्न सक्छु।''

गाउँलेहरूले स्यालको अनुरोधलाई मान्दै त्यसलाई छाडी दिए। उसले गाउँलेहरूलाई यौटा घरको पछाडिपट्टि लुकेर बस्ने सल्लाह दिदै भन्यो–"म त्यस छट्टुलाई बोलाएर ल्याउने छु। फरक पर्दैन। हजुरहरू यहाँ नै लुकेर बसीबक्स्योस्।"

यति भनी घाइते स्याल घस्रिदै-पस्रिदै छट्टु स्यालनजिक पुग्यो र भन्यो–"दाई, दाई, मैले यौटा ठूलो सिकार फेला पारेको छु। त्यसले पनि ममाथि हमला गरी मलाई घाइते त पाऱ्यो तर मैले उसलाई निष्प्राण बनाई त्यहाँ ढालेर आएको छु। त्यस गाउँमा तिमीबाहेक अरू कसैमा सुटुक्क पस्ने र सिकार च्यापेर ल्याउने हिक्मत छैन। हिंड अहिले गएर त्यस सिकारलाई ली आउँ। भोलि बिहान त गाउँलेहरू जागेपछि तिनीहरूले त्यस सिकारलाई के गर्ने हुन्? अहिले ल्याउन पाए हामी दुवै दाजुभाइ यस जाडोमा टन्न खाएर सुत्ने थियौं।"

लाटो स्यालको कुरा सुन्दा छट्टु स्यालको मुखभरि पानी उर्लेर आयो र "ल हिंड त" भन्दै उसको पछिपछि लाग्यो। गाउँलेहरू लुकी बसेका घरनजिक पुगेर घाइते स्यालले भन्यो–"दाई, एकछिन तिमी यहीं लुक ल। सिकार त्यसै ठाउँमा छ कि कुनै पशुले लग्यो, म हेरेर आउँछु।"

यति भनी घाइते स्याल त्यस घरको पछाडिपट्टि गयो जहाँ गाउँका मानिसहरू लुकेर बसेका थिए। आफू आएको सङ्केत दिंदै उसले गाउँलेहरूलाई चनाखो हुन र छट्टुलाई आउनका लागि सङ्केत दियो। छट्टु घरभित्र पस्नेबित्तिकै मानिसहरूले मिलेर उसमाथि हमला गरी हाले। लौरोको चोटले स्याल ढल्यो। मानिसहरूले त्यसलाई फलामको सिक्रीले बाँधी हाले। लाटो स्याल चाहिं आफ्नो वचनको पालन गरी त्यहाँबाट बेपत्ता भयो।

बिहानीपख गाउँलेहरूले "अब स्याललाई सबक सिकाउनु पऱ्यो" भन्दै ससाना ढुङ्गाहरू छरिएका खस्रो बाटोमा र बाली काटेपछि खेतमा बाँकीरहेका ठुटाहरूमाथि घस्राउने र यसरी उसलाई शारीरिक यातना दिने विचार गरे। यसरी बाटाका बजरी एवम् ठुटोबारीमा घसार्दा स्याललाई असह्य वेदना हुन थाल्यो। तर उसले आफ्नो वेदनालाई लुकाउँदै ठूलो अट्टहास गऱ्यो र गाउँलेहरूलाई सम्बोधन गर्दै भन्न थाल्यो–"हजुरहरूको जय होस्। मेरो जीउमा जुम्राहरू रहेका हजुरहरूलाई कसरी थाहा भयो? यस घस्राइबाट जुम्राहरू मरेर मलाई साऱ्है सन्चो लाग्दैछ बरु अलि जोरले घसारीबक्स्योस् न।"

यातना पुऱ्याउन खोज्दा उल्टो स्याललाई सन्चो लागेको थाहा पाएर गाउँलेहरूले उसलाई घाँसमाथि घसार्न थाले। नरम र शीतल घाँसमाथि उसलाई सन्चो लाग्न थाल्यो तर उसले गाउँलेहरूसित भन्न थाल्यो–"घाँसमाथि पानी नछर्की बक्सेला। पानी परेमा नमरेका लिखाहरू मेरा जीउमा टास्सिएरै बस्नेछन्।"

गाउँलेहरूले सोचे–"लिखाहरू उसको जीउमा रहीरहनु पर्दछ। त्यसो भएमा मात्रै ऊ राति पनि चैनले सुत्न पाउने छैन।"

अनि उनीहरूले घाँसमाथि र बाटोमा यताउति पानी बगाउन थाले।

स्याल उसको योजनाले काम गरिरहेको थाहा पाउँदा भित्रभित्रै खुसी भइरहेको थियो। माटोमा पनि पानी परेकोले बाटोघाटो चिप्लो भएको थियो। नाङ्गै खुट्टा हिँडीरहेका गाउँलेहरूका खुट्टा हिलोमा चिप्लन थाले।

खुट्टामा लागेको हिलोले गर्दा गाउँलेहरू चिप्लेर जसै लडे स्यालले "ज्यान जोगाएर भाग्ने मौका यै हो" भन्ठानी जोरले आफ्नो जीउलाई झटकाऱ्यो। गाउँलेहरूका हातबाट सिक्री फुस्कनासाथ स्यालले "ल फेरि भेटौँला दाई" भन्दै सुइँकुच्चा ठोकी हाल्यो।

र यसरी स्यालले बुद्धिको बलले आफ्नो ज्यान जोगायो।

# क्रोधको फल

यौटा गाउँमा रमेश, सुरेश र नरेश नाउँमा तीनजना साथीहरू बस्दथे। तीनैजना गरिब परिवारका थिए यसर्थ तीनैजना भीख माग्न सँगसँगै निस्कन्थे।

एक दिन तीनैजना भीख माग्न भनी निस्केका थिए। बाटोमा रमेशको खुट्टामा यौटा कीलो बिझ्यो। सुरेशले उसको खुट्टाबाट कीलो झिकेर फाल्न लाग्दा नरेशले भन्यो–"नफाल कीलो। कहिले काम लागी हाल्छ। फेरि यस्तो ठूलो तीखो कीलो हत्तपत्त पाइँदैन।" सुरेशले कीलो खल्तीमा राख्यो। यसपछि उनीहरू अगाडि बढे। केही टाढा बढेका मात्र के थिए उनीहरूले कालीगढले काम गर्ने यौटा ज्याबल (छेदक) बाटोमा नै देखे। उनीहरूले त्यसलाई पनि काम लाग्ने वस्तु ठानेर राखे। त्यहाँबाट पनि अगाडि बढ्दा उनीहरूले यौटा हतौडो देखे। त्यसलाई पनि काम लाग्ने वस्तु ठान्दै उठाए। तर आज भिक्षा माग्न निस्केदेखि फलामका वस्तुहरू नै फेला परेकामा उनीहरू हैरान पनि हुँदै थिए। किनभने यस अघि उनीहरूलाई यस किसिमको अनुभव भएको थिएन।

बाटोमा एक नदी देख्ता त्यहाँ तिनीहरूले एक छिन बिसाउने र पानी खाने निधो गरे। नदीको बगरमा यौटी बाखीलाई देखेर सुरेश र नरेशले त्यसलाई समात्ने निर्णय गरे। रमेश भन्न थाल्यो–"यो कसको बाखी हो, थाहा छैन। हामीले लगेको देखी झगडा गर्न आउला। यसरी कसैको सम्पत्ति उठाउनु राम्रो होइन।" सुरेशले भन्यो–"हामीले कसैको घर वा गोठमा गएर चोरेका होइनौं। हामीले छाडी दिए अहिले स्यालले यसको सिकार गर्ला। कसैले सोधपूछ गरेमा हामी उसलाई फर्काइ हालौंला।"

"उसो भए ठीक छ।" रमेशले भन्यो।

अनि तीनैजनाले पेटभरी पानी खाए र एकछिन त्यहाँ बिसाउने विचार गरे। केहीछिनमा नै तिनीहरूले नदीको अर्को पारीबाट केही मानिसहरूलाई नदी तर्दै आइरहेको देखे। उनीहरू गफ गर्दै बाखी चराउन बसेको जस्तो गर्न थाले। नदी तरी आएका मानिसहरू तिनीहरू नजिक आई भन्न थाले–"यहाँ बसेर के गर्दैछौ? नदी तरेर जाउ न त्यस गाउँमा। त्यहाँ आज जमीन्दारका छोराको जन्मोत्सव छ। जाओ, मीठा-मीठा पकवान खान पाउने छौ।"

तीनैजना नदी तरी गाउँमा पसे। त्यहाँ जमीन्दारका कारिन्दाहरूले उनीहरूलाई गरिब-गुरुवाहरूको लाममा बसाले। जीवनमा पहिलोपल्ट यत्तिका परिकारहरू पेटभरि खान



पाएकामा उनीहरू दङ्ग पर्दै थिए। आजको दिन उनीहरू जीवनको एक रमाइलो दिन भएको पनि अनुभव गर्दै थिए।

खाना खाएपछि उनीहरू यौटा जङ्गलभित्र पसे। हिंड्दै जाँदा त्यहाँ उनीहरूले यौटा घर देखे। बिहानदेखि भिक्षा नपाएकाले उनीहरू भीख माग्ने विचार गरी त्यस घरतिर लागे। नरेशले त्यहाँ पुगेर घरको मूल ढोका घचघच्याउन थाल्यो।

धेरै बेरसम्म घचघच्याउँदा पनि जब ढोका खोलिएन त सुरेशले भन्यो—"जीर्ण भएको यस घरमा पनि कोही बस्दो होला र? हिंड फर्कौं।" रमेश भन्न थाल्यो—"यो अवश्य पनि

चोरहरूको अड्डा हुनुपर्छ। हिंड जाऔं।'' नरेशले भन्यो—''एकपल्ट भित्र पसेर हेरौं न, कुरा प्रष्ट भैहाल्छ।''

''ल हुन्छ'' भन्दै तीनैजनाले ढोकालाई घचेटे। ढोकामा ताल्चा लागेको थिएन। यसो हुँदा उनीहरूलाई भित्र पस्न गाऱ्हो भएन। बाखीलाई ढोकामा बाँधी र भित्रबाट चुकुल लगाई दिएर उनीहरू कोठामा पसे।

दिनभरिको हिंडाई र कोठाको शीतलताले गर्दा उनीहरूलाई अर्काको घरमा पसेको विचारै भएन र उनीहरू निदाए। बाखीको म्याँ-म्याँको स्वर र ''भित्र को छ हँ? ढोका खोल'' भन्ने आवाज कानमा पर्दा तीनैजना जुर्मुराएर उठे र घस्रदै ढोकानजिक आइपुगे। बाखी ''म्याँ-म्याँ गर्दै थिई। नरेशले हातमा छेदक, कीलो र हतौडो लीराखेको थियो। ढोकाको कापबाट उनीहरूले चियाए। यौटा विशाल राक्षसलाई उभेको देख्ता उनीहरूको सातोपुत्लो उड्यो। तर राक्षस बाखीको म्याँ-म्याँको स्वर सुनेर कसैले उसलाई जिस्काइरहेको अनुभव गरी झोक्किंदै थियो।

साँझ परीसकेको थियो। राक्षसको रिस एकातिर भित्रबाट ढोका बन्द रहेको र अर्कोतिर म्याँम्याँको स्वर निरन्तर बढीरहेकोमा बढी रहेको थियो। उसले कराउँदै भन्यो—''म्याँ-म्याँ गरेर आफ्नो वीरता देखाउनुको सट्टा ढोका खोल। अनि थाहा पाउनेछस्। एक थप्पड पऱ्यो भने भुइँ चाट्नु पर्नेछ।'' यति भन्दै उसले हातलाई ढोकाभित्र छिराउने कोसिस गऱ्यो। हातमा हतौडो बज्रँदा राक्षसको सातोपुत्लो उड्यो। बाखी फेरि ''म्याँ-म्याँ'' गर्न थाली। राक्षसलाई लाग्यो-उसलाई चोट पुऱ्याउने प्राणी खुसी भइरहेछ। ऊ झोक्किँदै भन्न थाल्यो—''पर्खी तँ। मेरो घरमा छिरेर मलाई नै चोट पुऱ्याउँदैछस्, एकपल्ट म तेरो अनुहार त हेरूँ। अनि पाउनेछस् स्वाद।'' यति भन्दै उसले ढोकाको प्वालबाट चियाउन ढोकामा आँखा जोऱ्यो। जसै राक्षसले ढोकाको प्वालमा आँखा जोऱ्यो नरेशले राक्षसको आँखालाई कीलोले घोच्यो। कीलो सुइरोसरह तीखो भएकोले राक्षसको आँखाबाट रगतको धारा बग्न थाल्यो। ऊ पीडा र अत्यासले गर्दा त्यहाँबाट भाग्यो। आफ्ना मित्रहरूको शरणमा पुगी उसले सबै कुरा बतायो अनि उनीहरूको मदतका लागि गुहार गऱ्यो।

एउटा दैत्यले भन्यो—''ल जाउँ'' हेरौं, को रहेछ त्यो बदमास।''

अर्को दैत्यले भन्यो—''हामीले यसको मदत गर्नैपर्छ। तर पहिले यसको आँखाको उपचार गरौं। आँखाबाट रगत बगीराखेकै छ बरू भोलि जाउँला अरू 2-4 जना साथीहरूलाई लिएर।''

तेस्रो राक्षसले दोस्राको कुरासित सहमति जनायो र सबै उसको आँखाको उपचारपट्टि लागे। भोलिपल्ट राक्षसहरूको सभा बस्यो।

उता तीनैजना मगन्ते साथीहरू राक्षस भागेको र उसबाट मुक्ति पाइएकोमा खुसी मनाइरहेका थिए। उनीहरूले नाच्ने-गाउने र रमाइलो गर्ने विचार गरे र राक्षसले राखेका सर-सामानहरू चलाँउदै भोज गर्ने र विभिन्न परिकारहरू पकाउने कार्यक्रम बनाए।

भात पाकीरहेको थियो। परिकारहरू बन्दै थिए। उता राक्षसहरूको जमात आइपुग्यो। कोठामा बाख्री "म्याँ-म्याँ" गर्दै थिई।

यौटा राक्षसले भन्यो "मूल ढोकाबाट चियाउनु ठीक नहोला। घरको पछिल्लोपट्टिको झ्यालबाट चियाएर हेरौं को रहेछ?"

"हो, त्यसै गर्नु ठीक होला। उनीहरू केही पकाउँदै छन् क्यार। हेर्न सजिलो पर्छ।" अर्कोले भन्यो।

तेस्रोले भन्यो—"भऱ्याङ त छैन। झ्यालसम्म कसरी पुग्ने?"

चौथोले भन्यो—"यसो गरे कसो होला, हामीमध्ये एकजना तल कुप्रेर निहुरोस्। त्यसमाथि एक-एकजना कुप्रिंदै निहुरून्। यसरी झ्यालसम्म भऱ्याङ बन्नेछ। एकपल्ट हामीले त्यस दुष्टलाई देख्यौं भने त्यसको घाँटी निमोठ्न बेर लाग्ने छैन।"

सबैले उसको सल्लाहलाई माने। तर सबभन्दा तल को निहुरिने? यो प्रश्नले सबैलाई धर्मसंकटमा पाऱ्यो।

गृहस्वामी राक्षसले सोच्यो—"माथिको सन्तुलन बिग्रो भने त लडेर मरिएला। तल नै बसे एकैछिन त सबैको भारी सहनु पर्ला। चोट त लाग्ने छैन। प्राण जाने डर पनि हुने छैन।"

यो सोचेर गृहस्वामी राक्षस सबभन्दा तल निहुऱ्यो। र एकमाथि अर्को राक्षस निहुँरिंदै भऱ्याङ बनाउन थाले।

उता परिकार पकाउन लागेका साथीहरूलाई यसको कुनै ज्ञान थिएन। सुरेशले भातको माड फाल्न नरेशलाई भन्यो। नरेशले झ्यालबाट तल माड फाल्दा उम्लिँदो माड ती राक्षसहरूमाथि पऱ्यो। अकस्मात आफूमाथि उम्लिँदो पानीको वर्षा हुँदा राक्षसहरू आत्तिए। उनीहरूको सन्तुलन बिग्रो। उनीहरू तासको महल भत्केसरह एकअर्कामाथि लडे। कसैको टाउको पर्खालसित ठोक्कियो र कोही च्यापिएर घाइते भयो।

यसबीच बाहिर ढ्याङ्गको आवाज सुन्दा तीनैजना साथीहरूले झ्यालबाट चियाए। उनीहरूलाई कुरा बुझ्न बेर लागेन। उनीहरूले माथिबाट राक्षसमाथि तात्तातो गोल र बलीरहेका अगुल्टाको वर्षा गर्न थाले। राक्षसहरू त्यहीं चोट र आगोले पोलिएर ठन्डाराम भए।

निष्ठूर राक्षसहरू सखाप भएका समाचार र अब तिनीहरूका क्रुरता समाप्त हुने भएको कुराबाट जङ्गलको वरिपरिका गाउँका बासिन्दाहरूले खुसीयाली मनाए। उता तीनैजना साथीहरू गृहस्वामी राक्षसको खजानाका मालिक भए र उनीहरूले चैनपूर्वक आफ्नो जिन्दगी बिताउन थाले।

# साथीको छनौट



हिमालयको मनोहर काखमा जन्मेका रंगीत र टिस्टा अन्य सबै प्राणीहरूसरह सधैँ खेलकूद गरी बस्दथे। कहिले उकालोबाट ओरालो ओर्लनु अनि कुनै ठाउँमा लुक्नु र यौटाले अर्कोलाई खोजी छाड्नु उनीहरूको सधैँको खेल थियो।

एक दिन उनीहरूले फैसला गरे—"हामी सधैँ पहाडी क्षेत्रको वरिपरि मात्रै खेलकूद गर्छौं। कहिले तराई क्षेत्रमा पनि त ओर्ली हेरौँ।" यति भनी यी दुवैले अल्लारे युवक-युवतीसरह तल ओर्लने निर्णय गरे।

दुवैमा "सबभन्दा पहिले तराई क्षेत्रमा को पुग्ने?" भन्ने कुरामा होड पनि भयो। तर दुवैलाई तराई क्षेत्रको बाटो थाहा थिएन। यसर्थ उनीहरूले तल ओर्लनुभन्दा पहिले बाटो देखाउने एकौटा साथी रोज्ने पनि फैसला गरे। अनि रंगीतले चीललाई आफ्नो मार्गदर्शकको रूपमा रोज्यो। उसलाई लाग्यो चील त आकाशमा माथि-माथि उड्दछ र माथिबाट मलाई



तलको बाटो देखाउन उसलाई गाऱ्हो पर्ने छैन। उता टिस्टाले सोची-भुइँमा सबभन्दा तेज घस्रनसक्ने प्राणी त सर्प हो। यो पानीमा पनि पौडन सक्तछ। यसर्थ सर्पलाई नै मैले बाटो देखाउने साथी रोज्नु पऱ्यो। यति विचार गरेर दुवैले आआफ्ना मार्गदर्शकहरूलाई रोजे।

आफ्ना मार्गदर्शकहरूको सङ्केतअनुसार दुवै पहाडबाट ओर्लन थाले। दुवै तल ओर्लन थालेकामा साऱ्है खुसी थिए। तल ओर्ले पछि त टिस्टा र रंगीतमाझ तेज दगुर्ने प्रतिस्पर्द्धा पनि सुरू भयो।

रंगीतलाई बाटो देखाउन आकाशमा चील उड्दै थियो। यता भइँमा टिस्टाको अगाडि सर्प तेज गतिले चिप्लँदै-घस्रँदै दगुरीरहेको थियो। तर आकाशमा उडीरहेको चील कतै सिनु देख्ता लोभिएर सिनु खान अड्दथ्यो त कहिले आकाशमा उमडीरहेका बादल देख्ता रमाएर बादलको शीतलताको आनन्द लिन सयल गर्न थाल्दथ्यो। रंगीतलाई चीलको यस अस्थिर र लोभी स्वभावबाट झर्को लाग्दै थियो। गलत साथी रोजेको उसलाई अनुभव पनि हुन थाल्यो। यस मूर्खताका लागि ऊ स्वयंलाई दोषी पनि ठहऱ्याउन थाल्यो। टिस्टाको बग्ने गतिमा कतै बाधा परेन।

यस बीच रंगीतले टिस्टालाई तराईमा ओर्लेर विश्राम गर्दै उसको बाटो कुरीरहेकी देख्यो। चीलको व्यवहारबाट दुःखी भइराखेको रंगीतले तल टिस्टालाई कुरेको देख्ता आफू होडमा हारेको अनुभव गर्न थाल्यो। अनि उसलाई चीलमाथि रीस उठ्न थाल्यो। झोँक्किएर उसले अब चीलको बाटो नहेर्ने र बाटो-घाटोको वास्तै नगरी जथाभावी फ़ैलिएर बग्ने निधो गऱ्यो। तर यसले गर्दा सर्वत्र पानीको भल देखा पर्न थाल्यो। घर, खेत, बगानहरू सबै बाढीले गर्दा जलमग्न हुन थाले। साना छाप्राहरू त भेलमा बग्न थाले।

टिस्टालाई रंगीत रिसाएको कुरा बुझ्न बेर लागेन। शान्त गतिले बग्दै ऊ रंगीतनजिक पुगी र भन्न थाली—"नरिसाउ मित्र। चीलको चञ्चले स्वभावको सजाय यी निमुखाहरूलाई किन दिन्छौ। यिनीहरूले त हाम्रो केही बिगार गरेका छैनन्। तिमी र म त खेल्न, मनोरञ्जन गर्नका लागि पो तल ओर्लेका थियौँ, कुनै हार-जीतको निर्णय गर्नका लागि होइननि। तिमी मेरा प्रिय मित्र हौ। हामी जन्मेदेखि नै एकार्कासित खेलकूद गर्दै हुर्क्यौँ। तिमी मेरा असल मित्र हौ। म तिमीलाई रिसाएको हेर्न चाहन्नँ। नरिसाउ मित्र। बरु म सधैँ तिम्रै छेउछाउमा नै रहनेछु। रिसलाई त्याग। हाम्रो मितेरी अमर होस् भन्ने म चाहन्छु। ल आउ हामी एकार्कालाई अङ्कमाल गरौँ र अब सँगसँगै बढौँ।"

टिस्टाका यी मीठा र शीतल कुराहरू सुनी रंगीत साऱ्है खुसी भयो। उसको रीस सेलायो। दुवैले एकार्कालाई अँगालो हाले र त्यहाँबाट दुवै शान्त गतिले फेरि अगाडि बग्दै हिंडे।

कालान्तरमा यिनीहरूको यस मिलन स्थलले संगमको नाउँ पायो। त्यो स्थल आज एक पावन तीर्थ बनेको छ। गाउँ-घरका बूढापाकाहरूले आफ्ना नातिहरूलाई रंगीत र टिस्टाको कथा सुनाउँदै साथी रोज्नमा राम्ररी सोचविचार गर्न र यसो नगरेमा धोखा पाइने अर्तिसमेत दिने गर्दछन्।

# तथास्तु

यौटा साधुले आफ्नो आश्रममा गाईहरू पालेको थियो। एकजना भक्त दिनहुँ ती गाईहरूको स्याहार र हेरविचार गर्न आश्रममा आउँदथ्यो। अनि गोठालोको रूपमा गाईहरूलाई घुमाउने, दूध दुहुने र साधुका लागि 2 माना जति दूध छुट्याएर उब्रेको दूध घर लैजाने गर्दथ्यो। साधुको झुपडीको बाहिरी भित्तामा गुड बनाई बसेको एउटा छेपारोले घाम ताप्दै दिन बिताउने र यी सबै दृश्यहरू हेरीरहने गर्दथ्यो।

एक दिन गोठालो दूध दुहीरहेको थियो। दूध दुहुँदा दूधको धारा टाटमा बसी घाम तापीरहेको छेपारोको मुखमा पऱ्यो। उसले जिब्रोले दूध चाट्यो। दूधको स्वाद उसलाई मीठो लाग्यो। उसले मनमनै विचार गऱ्यो—''गाईका बाछा-बाछीहरू कति भाग्यमानी। सधैँ यति मीठो दूध खान पाउँदारहेछन्। मैले चाहिँ गर्मीमा कीरा-फट्याङ्ग्रा खाएर अनि जाडोमा कठ्याँग्रिएर महिनौँ भोकभोकै बसी दिन बिताउनुपर्ने।''

उसले यस जीवनबाट मुक्ति पाउने र साधुसित भनेर बाछो बन्ने निर्णय गऱ्यो। यी कुराहरू मनमा खेलाउँदै बसेको छेपारोले एक दिन मौका छोपी साधुसित आफ्नो मनको कुरा भन्ने आँट गऱ्यो। साधुले पनि ''तथास्तु! अर्को जुनिमा तेरो इच्छा पूर्ण होस्'' भन्दै उसमाथि जल छर्के।

एक दिन छेपारो मऱ्यो र साधुकै आश्रममा बाछोको रूपमा जन्म्यो तर यसपछि पनि उसलाई खुसी लागेन। किनभने गोठालोले त बाछीलाई गाईको थन नरन्कुन्जेलमात्र दूध चुसाउँदो रहेछ। एकपल्ट थनमा दूध ओर्लेपछि गोठालोले बाछोलाई पर एउटा किल्लामा लगेर बाँध्ने र दूध दुहीसकेपछि मात्रै थनमा उब्रेका दूधका थोपाहरू चुस्न छाड्ने गरेको उसलाई अनुभव भयो। साथै गोठालोले साधुलाई एक-दुई माना दूध दिएर बाँकी दूध घर लैजाने गरेको देख्यो। ठूलो भएपछि बाछोलाई खेत जोत्ने र बयलगाडा तान्नेजस्तो गाऱ्हो काममा पनि गोठालोले लगाउन थाल्यो। बाछोको जुनी पाएर पनि उसलाई यो जीवन कष्टमय रहेको अनुभव भयो।

अब उसमा यस जीवनबाट मुक्ति पाउने र गोठालो बन्ने रहर जाग्यो। अनि एक दिन उसले साधुलाई गोठालो बनाइ दिनका लागि बिन्ती गऱ्यो।

साधुले ''तथास्तु! तेरो यस्तै इच्छा छ भने'' भनी गोरूलाई वरदान दिए। एक दिन बयलगाडा तान्दै नदी पार गरीरहेको बखतमा गोरूको खुट्टा चिप्ल्यो। पानीमा घोप्टिँदा र नाकभित्र पानी पस्दा गोरूले निस्सासिएर आफ्नो प्राण त्याग्यो।

साधुको आशीर्वाद पाएर उसले अब गोठालोको परिवारमा जन्म पायो। केटाकेटी हुँदा त उसलाई सबैजना माया गर्दथे। दूध-दही, घिउ-मोहीको पनि दुःख हुँदैनथ्यो, तर ठूलो भएपछि कहिले वर्षातमा भिज्दै त कहिले टंटलापुर घामको राप सहँदै गाई—भैँसीहरूलाई गौचरमा चराउनुपर्नेजस्ता कामहरूले उसलाई दिक्दार पार्न थाले। पठ्ठो युवक भए पछि त बाबुले "ल छोरा, अब म बूढो भएँ, खेत जोत्ने काम अब तैँले सम्हाल्नु पर्‍यो" भन्दा उसले गर्मीको मौसममा घाममा खेत जोत्ने र वर्षा भए पछि हिलोमा हिँड्दै धानका बिरुवाहरू रोप्ने, खेतबाट फर्केपछि गोठ सफा गर्नुपर्ने, गाई-भैँसीहरूका लागि चारा आदि बनाउनुपर्ने जस्ता विभिन्न कामहरू गर्नु पर्दा उसलाई आफ्नो वर्तमान जीवनसित पनि विरक्त लाग्न थाल्यो। यसमाथि बेलाबेलामा जहानको कचकच, कहिले बाबुआमाका गुनासो र केटाकेटीहरूका झैझगडाले उसलाई अशान्त बनाउन थाले। मानव जीवनका दुःख र झंझटले गर्दा उसलाई यो जुनि पनि निरस लाग्न थाल्यो। र एक दिन उसको मनमा यस जीवनभन्दा त छेपारोको नै जीवन राम्रो रहेको कुरा उब्जियो। छेपारो भएमा न त कुनै हरहर-खटपट सुन्नुपर्ने, न कुनै मिहिनेत गर्नुपर्ने, न चर्को घामको राप वा वर्षाको सामना गर्नुपर्ने। छेपारो हुँदा जति बेला मन लाग्यो घाम ताप्यो, जति बेला मन लाग्यो गुडमा लुकेर बस्यो।

मनमा यी कुराहरू खेलाइ बस्ता उसले एक दिन साधुसित फेरि बिन्ती गरीहाल्यो—"हजुर, मलाई फेरि छेपारोको जीवन नै बक्स्योस्। मलाई छेपारोको जीवन नै उत्तम लाग्न थाल्यो।"

साधुले पनि "कामचोरले नै छेपारोको जीवन पाउँछ। ल जा, तँ यसै योग्यछस्" भन्दै उसमाथि आफ्नो कमण्डलुबाट जल छर्कँदै भने—"तथास्तु"।

# रहर

यौटा स्याल थियो, चलाख मात्रै होइन, बुद्धिमान पनि। आफ्नो समुदायमा कुनै समस्या, सङ्कट उत्पन्न हुँदा अरू स्यालहरू उसनिर पुग्दथे सल्लाह लिनका लागि। ऊ नभेटिँदा उसको बाटो पनि कुरी बस्दथे। आफूले पाइआएको सम्मान र लोकप्रियतामाथि उसलाई कहिले खुसी त कहिले गर्व पनि लाग्दथ्यो।

एक दिन सपनामा उसले आफ्नो प्रजातिको राजा भइ मुकुट लाएर सिंहासनमा बसेको, छेउमा दुई रानी स्यालनीहरू रहेका र सामुन्ने स्यालहरूको जमात उपस्थित रहेको देखेछ। अनि राजाको हैसियतले एउटा अपराधी खरायोलाई चर्को र रबाफिलो स्वरमा सजाय सुनाएछ। तर दुर्भाग्य नै भन्नुपर्‍यो आफ्नै चर्को स्वरबाट स्वयं स्यालको निद्रा भङ्ग भएछ। आँखा खुल्दा उसले यताउति नजर दगुराएर हेर्दा न त छेउमा रानी (स्यालनी)हरू छन् औ न अगाडि स्यालहरूको समुदाय वा खरायो नै। आफूलाई पनि सिंहासनमा आसीन नभइ भुइँमा लडेको देख्ता उसको मन सार्‍है उदास भयो।

तर बुद्धिमान भएकोले उसले आफ्नो चित्तलाई बुझायो र सिकारको खोजीमा निस्क्यो। बाटोमा हिँड्दै जाँदा उसले वनराज सिंहसितको मित्रतालाई सम्झ्यो र सफा-सुग्घर भइ वनराजको दरबारको बाटो समात्यो।

स्यालको वनराजसितको मित्रताले गर्दा प्रहरीले उसको बाटो रोकेन। स्याल सरासर दरबारमा पुग्दा वनराज मन्त्रीसित कुनै मामिलामा मन्त्रणा गर्दै थिए। स्याललाई आएको देख्ता वनराजले सोधे–"के भयो स्यालनानी? आज एकाबिहानै आइपुग्यौ, सब ठीकठाक त छ?"

स्यालले वनराजसित सपनाको कुरा र आफ्नो इच्छा जाहेर गर्‍यो। वनराजले स्यालका कुरामाथि चिन्तन गर्दै भने–"तिमी आफ्नो प्रजातिको राजा बन्न चाहन्छौ र यसका लागि मेरो सहायता चाहन्छौ भने राम्रो कुरो हो। तिमी मेरा परम मित्र हौ र आफ्नो मित्रलाई मदत गर्नु मेरो कर्तव्य हुन्छ। तिमी राज्याभिषेकको कार्यक्रम बनाउ। म उपस्थित भइ सबैसमक्ष तिमीप्रति आफ्नो शुभकामना र समर्थन व्यक्त गर्नेछु। निर्धक्क भइ जाउ।"

वनराजको कुराबाट आश्वस्त भइ स्यालले उनलाई सलाम ठोक्यो र खुसीले उफ्रँदै आफ्नो ओडारतिर लाग्यो। उता वनराज सोच्न थाले–"यो फुच्चेस्यालले राजा बन्ने महत्वाकांक्षा पाल्नु त राम्रो कुरो होइन। भोलि जङ्गलमा यसरी सबै समुदायका प्राणीहरूमाझ अनुशासनहीनता फैलिन सक्छ।" तर फेरि उनी सोच्न थाले–"मेरो विरुद्ध विद्रोह गर्ने वा मेरो आज्ञालाई

नमान्ने साहस कसले गर्न सक्छ? हामी वंशानुगत राजा हौँ, हामीलाई हाँक दिने आँट कसैले गर्न सक्तैन।''

यति विचार आएपछि वनराजको चिन्ता मेटियो र उनले मन्त्रीलाई दरबारको कार्यक्रम सुरू गर्ने आदेश दिए।

उता स्यालले वनराजको सल्लाहबमोजिम आफ्नो राज्याभिषेकको घोषणा गऱ्यो। सबै स्यालहरू बडो उत्साहले समारोहमा सरीक भए। सबै नयाँ-नयाँ परिधानमा थिए, किनभने आज उनीहरूको नाइके स्याल राजा हुने भएको थियो। जङ्गलका अन्य जनावरहरू पनि निम्त्याइएका थिए।



वनराज सिंह समारोहमा मुख्य अतिथि भएर आउने भएकाले भोज एवम् सांस्कृतिक कार्यक्रमको विशेष व्यवस्था थियो। सामूहिक नृत्यको अभिभारा मुजुरलाई सुम्पिएको थियो भने गीत गाउने जिम्मा कोइलीहरूलाई सुम्पिएको थियो। हाईजम्प र लौंगजम्पका कार्यक्रमहरू बाँदर एवम् लङ्गूरले गर्दै थिए भने भालूहरूले ढोल र मादल बजाउने भएका थिए।

स्याल राजालाई शासन चलाउनका लागि सघाउन भनी ब्वाँसाहरूको नाइकेलाई मन्त्री नियुक्त गरियो, यद्यपि नाइके ब्वाँसोलाई यो कुरा मन परेको थिएन। तर वनराजसित स्याल राजाको मित्रताले गर्दा ऊ यस कुराको विरोध गर्ने स्थितिमा पनि थिएन। यसर्थ उसले राजाप्रति बफादारी देखाउँदै भन्यो–"सरकार, सबै व्यवस्था भइसकेको छ। वनराजको आगमन भएपछि हजुरले उनलाई स्वागत गर्दै मञ्चसम्म ल्याउनुपर्छ। तर मञ्चमा हजुरले गम्भीर भइ बस्नुपर्दछ। किनभने एक त हजुर स्याल प्रजातिको राजा होइबक्सन्छ, दोस्रो हजुरको समीपमा वनराजको उपस्थिति हुनेछ। अनि यौटा महत्वपूर्ण कुरा। स्यालहरूको हुइयाँ गर्ने स्वभाव हुन्छ। कुनै हुल्याहा वा बदमास स्यालले समारोहको मर्यादा भङ्ग गर्नका लागि हुइयाँ गर्ला। यौटाले ह्याउ गरेमा अरू स्यालहरूको पनि ह्याउ गर्ने बानी हुन्छ। यो उनीहरूको जन्मगत स्वभाव हो। हजुरले सतर्क भइ बस्नुपर्छ। अरूहरूले हुइयाँ गरीहाले भने पनि हजुरले गम्भीर भइ बस्नुपर्छ। नत्र वनराजको अघिल्तिर हजुरको स्थिति हास्यप्रद हुनेछ।"

स्याल राजाले मन्त्रीलाई यस सल्लाहका लागि धन्यवाद दिए।

वनराजको आगमन भएपछि समारोह सुरू भयो। स्याल राजाले आफ्नी रानीका साथ वनराजको स्वागत गरे। सबै वनचरहरू मञ्च अगाडि बसे। वनराजले स्याल राजालाई मुकुट पहिराई उनको राज्यारोहणलाई विधिवत रूप दिए। सबैले थपडी बजाई यसको स्वागत गरे। अनि नाच-गानाको कार्यक्रम सुरु भयो।

समाराह सकिँदा-सकिँदै साँझ परीसकेको थियो। केही स्यालहरू हर्ष प्रकट गर्न "हुइयाँ, हुइयाँ" कराउन थाले। जातिगत र जन्मगत परम्पराअनुसार स्याल राजाले पनि त्यस आवाजमा स्वर मिलाउँदै "हुइयाँ" गर्नुपर्ने थियो तर वनराज अघिल्तिर भएकाले स्याल राजाले मन्त्रीको सल्लाहअनुसार "हुइयाँ" गरेनन्।

सभा विसर्जन भयो। भोज खाएर सबै वनचर आआफ्ना गुफा, ओडार र गुडतिर फर्कन थाले। स्यालहरूले फर्कन लाग्दा आफ्ना राजामा देखिएको हठात परिवर्तनको चर्चा गर्न थाले। उनीहरूलाई आफ्ना राजाको व्यवहार समाजविरोधी र जातिविरोधी लाग्यो। "राजा हुनेबित्तिकै नाइके स्यालले हुइयाँ गर्न छाड्यो भने भोलि उसले के-के गर्न हो?" भन्ने कुराले उनीहरूलाई चिन्तित पार्न थाल्यो। केही स्यालहरू मन्त्री ब्वाँसोनिर राजालाई कुरा सम्झाउने काम गर्न भनी गए त केही स्यालहरू वनराजनिर गए।

मन्त्री ब्वाँसो स्यालहरूका कुरा सुनेर भित्रभित्रै खुसी भयो, किनभने ऊ चाहदैनथ्यो कि स्याल राजाको एकछत्र राज्य कायम होस्। तर वनराजले स्यालहरूलाई सम्झाउँदै भने—"कुनै पनि समाजले त्यति बेला मात्रै प्रगति गर्न सक्तछ जब तिनीहरूमाझ एकता हुन्छ। तिमीहरूमाझ एकता भएन भने एक दिन कुनै न कुनै शत्रुले तिमीहरूको यस कमजोरीको फाइदा उठाउन सक्तछ। आफ्ना राजालाई बुझ्ने कोसिस गर, उनले केही मर्यादाहरूको पालन गर्नुपर्ने कुरालाई बुझ र राजाप्रति आफ्नो विरोधको स्वर चर्को नगर। म स्याल राजालाई पनि सबै कुरा सम्झाउने छु र तिमीहरूलाई भेट्न भन्नेछु।"

अनि एक दिन स्याल राजाको सम्मानमा वनराजले प्रीतिभोजको आयोजना गरे। स्याल समुदायलाई पनि निम्त्याइयो। अन्य वनचरहरूका नाइके र प्रतिनिधिहरूलाई पनि समारोहमा निम्त्याइयो। कार्यक्रम सुरू भएपछि वनराजले उपस्थित समुदायलाई सम्बोधन गरे। स्यालहरूको नाइके स्याल प्रजातिको राजा भएकोमा उनीहरूलाई बधाई दिँदै भने—"यो साँचो हो कि जङ्गलमा कति किसिमका कानुनहरू एवम् मर्यादाको पालन गरिँदैन। तर जातिगत एकताको रक्षा पनि गर्नुपर्दछ। समाजमा जति मर्यादाको पालन आवश्यक छ अनुशासन पनि उत्तिनै जरूरी हुन्छ, नत्र अनुशासनहीनताले मेलमिलापको वातावरणलाई खल्बल्याउँछ र परस्परको स्नेह मेटिन्छ।"

सबै प्राणीहरूले वनराजको भनाइमा हर्षध्वनि गरे। केही स्यालहरूले "हुइयाँ" गर्दै वनराजप्रति आफ्नो कृतज्ञता प्रकट गरे तर स्याल राजा र रानीले आफूमाथि नियन्त्रण राख्तै "हुइयाँ" गरेनन्। स्याल समुदायले पुनः आफ्ना राजाको व्यवहार हेर्ने अवसर पायो। केही हुर्दङ्गेहरूले हल्ला गर्दै भने—"जातिगत एकता र संस्कृतिको रक्षार्थ हाम्रा राजाले पनि हुइयाँ गर्नुपर्दछ। र उनी यसो गर्दैनन् भने उनलाई हाम्रो राजा हुने कुनै हक छैन। हामी उनलाई जातिगत परम्परा र संस्कृतिकलाई भङ्ग गरेको अभियोगमा समाजबाट बहिष्कार गर्दछौँ।" यति भनी स्यालहरूले पुनः "हुइयाँ" गरे तर स्याल राजा र रानीले त्यसो गरेनन्।

वनराज र ब्वाँसो यसै मौकाको ताकमा थिए। स्याल प्रजातिमा उत्पन्न भएको फाटोमा उनीहरू भित्रभित्रै खुसी भैरहेका थिए। स्याल राजाले पनि आफ्नो जनाधार गुमेको अनुभव गरे। उनले बुझे-उनको रहर एवम् महत्वाकांक्षाले उनलाई समाजमा एक्लो पारेको कुरा। यस्तो समाजमा राजा बनेर बस्नु मुनासिब नठानी स्याल राजाले तीर्थाटनमा जाने घोषणा गरे।

स्याल राजालाई विदा गर्न मन्त्री र सिपाहीहरू परसम्म गए र राजकाज चलाउन आधा बाटोबाट फर्के, तर कुनै पनि स्याल राजाको पछि गएन।

स्याल राजाको मनमा विरक्तिको भाव उत्पन्न भयो।

स्याल राजा-रानी तीर्थाटनमा निस्केका महिनौं भयो, तर उनीहरू फर्केनन्। अब स्यालहरूलाई उनीहरूको अनुपस्थितिमा दिक्दार लाग्न थाल्यो, किनभने मन्त्रीले मनपरी गर्न थाले। स्याल राजा चलाख हुनाका साथै बुद्धिमान र समझदार पनि भएकाले सङ्कटको बेलामा सही सलाह दी मदत पनि गर्दथे। यसो हुँदा उनीहरू आफ्ना राजाको तलाशमा दिनभरि यताउता दगुर्न थाले र रात परे पछि जोर-जोरले हुइयाँ गर्दै राजालाई आह्वान गर्न थाले।

तर स्याल राजा फर्केनन्। समय बित्दै गयो। स्याल प्रजातिले पनि बिस्तार-बिस्तारै आफ्नो नाइकेलाई बिर्सन थाल्यो तर आफ्नो जातिगत परम्परा र संस्कृतिको रक्षार्थ उनीहरूले हुइयाँ गर्न छाडेनन्। अहिले पनि रात पर्दा जब एउटा स्यालले हुइयाँ गर्दछ अरूहरूले पनि स्वरमा स्वर मिलाउँदै जातिगत एकताको प्रदर्शन गरी राख्दछन्।

# पैतालाको छाप

सधैँझैँ तेन्जिङ दोर्जी, तम्तिंग नोर्गे, सुखबीर तामांग र कान्छा पासांग आफ्ना अन्य साथीहरूसित भेडा-बाख्राहरू चराउन भनी गौचरतिर लागे। धनमाया र त्यसका सँगिनीहरू पहिलेदेखि नै त्यहाँ भेडा-बाख्राहरू चराइरहेका थिए। सबैजना जम्मा भएपछि तिनीहरूले खेल्ने निर्णय गरे। कोही गुज्जा खेल्ने सूरमा थिए त कोही कपर्दी (कबड्डी), कोही टुकुमुकु त कोही खल्र्याङखुट्टी।

धनमायाले भनी—"तिमीहरूलाई जे मन लाग्छ खेल, म त आज खेल्दिनँ।"

सुखबीर भन्न थाल्यो—"ठीक छ, आज यसलाई हामी कुनै खेलमा सामेल गर्दैनौँ। यसले आफूलाई के भन्ठान्छे कुन्नि?"

दोर्जीले रिसाउँदै भन्यो—"यो धनमाया सार्‍है बढेकी छे। आज यसलाई भेडा-बाख्राहरू रूङ्न लगाऔँ।"

पासांगले धनमायालाई माया गरेजस्तै गरी सम्झाउँदै भन्यो—"दोर्जीको कुरामा चित्त नदुखाए धन। त्यो मान्छेलाई सोमत छैन। तिमीलाई खेल्ने मन छैन भने नखेल। हामी सबैजना खेल्न लाग्दा भेडा-बाख्राहरू हराए भने घरमा हप्काई र कुटाई खानुपर्दछ। यसो हुँदा आज तिमी यी वस्तुहरूलाई नै हेरी राखे।"

पासांगको कुराबाट धनमायालाई अलि चैन मिल्यो। उसले "हुन्छ त, तिमीहरू खेल, म भेडा-बाख्राहरू रूङेर बस्छु" भन्दा पासांग दगुर्दै साथीभाइहरूलाई धनमाया भेडा-बाख्रा रूङ्न राजी भएकी कुरा बताउन पुग्यो।

सबैजना खेल्नपट्टि लागे। खेल्दाखेल्दै उनीहरूले गिलो माटोको यौटा बाघ बनाए अनि घरका लागि दाउरा बटुल्न जङ्गलतिर लागे। जाँदा-जाँदै उनीहरूले धनमायालाई भने—"हामी दाउरा बटुलेर आउँदैछौँ धनमाया। तँ यस बाघको हेरविचार गरेस्। भेडा-बाख्राहरूका खुरले यो नबिग्रोस्।"

यति भनेर उनीहरू जङ्गलभित्र पसे। धनमाया एक्लै परी। एक्लो पर्दा ऊ डराउन थाली। यत्तिकैमा यौटा बूढो मानिस लौरो टेक्तै ऊनिर आइपुग्यो। ऊ कुप्रो थियो। धनमायालाई रोइरहेको देख्ता बूढोले सोध्यो—"के भो मैयाँ, किन रोएकी?"

धनमायाले केटाहरूको ऊसितको रुखो व्यवहार र उसलाई एक्लै छाडी गएका कुरा बताई।

बूढोले भन्यो—"नरोउ मैयाँ, रूनु हुँदैन। जीवनमा हरेक परिस्थितिको सामना गर्न

सिक्नुपर्छ। तिमीलाई आज उनीहरूले हेलाँ गर्दैछन्, भोलि उनीहरूले नै तिम्रो अघिल्तिर निहुरिनु पर्नेछ। ल तिमी हाँस, तिमीलाई म एउटा रमाइलो कुरा बताउँछु।

धनमायाले खुसी हुँदै सोधी—"के कुरा बाजे?"

बूढाले भन्यो—"तिमीले मलाई बाजे भनेउ मैयाँ। यसो हुँदा म तिमीलाई यौटा मन्त्र सिकाउँछु। यो मन्त्रजप्तै तिमीले एक मुट्ठी माटो यस बाघको मूर्तिमाथि फाल्यौ भने यो जिउँदो हुनेछ।"

"नाइँ बाजे! बाघले हामी सबैलाई खाइहाल्छ। म सिक्दिनँ यस्तो मन्त्र" धनमायाले भनी।

"नडराउ नानी। यस बाघले तिमीलाई केही गर्ने छैन। वास्तवमा कुनै पनि जनावरले त्यस मानिसलाई केही गर्दैन जसले उसलाई जीवनदान दिएको हुन्छ, खान दिएको हुन्छ वा माया गरेको हुन्छ। उसले त बरू मानिसको दया र उपकारको सट्टा उसको रक्षा नै गर्दछ वा उसलाई मदत नै गर्दछ। हो, तिम्रा साथीहरू भने तिमीदेखि डराउलान।" बूढोले भन्यो।

धनमायालाई सुखबीर एवम् दोर्जीसित रिस उठीराखेको थियो। उसले उनीहरूलाई तर्साउने राम्रो मौका हात परेको अनुभव गरी। तर उसलाई डर पनि लाग्दै थियो। उसले बूढोसित फेरि सोधी—"तर बाजे, यस बाघले हाम्रा भेडा-बाख्राहरूलाई नोक्सानी पुऱ्यायो भने नि?"

"त्यस्तो केही पनि हुने छैन। तिमीलाई त्यस्तो डर लाग्छ भने हातमा मन्त्रेको माटो लिई राख्नु। जति बेला मन लाग्छ यो मन्त्रेको माटो बाघमाथि छर्की दिनु। बाघले चलमल गर्ने छैन। अब भएन त?" बूढोले सोध्यो।

बूढोको कुराबाट खुसी हुँदै धनमाया भन्न थाली—"ल त बाजे, मलाई यो मन्त्र सिकाइदिनोस्।"

बूढोले हातमा बोकीराखेको माटो धनमायालाई दिँदै भन्यो—"ल यो माटो हातमा लेउ र यस मन्त्रको उच्चारण गर।"

यति भन्दै उसले धनमायाका कानमा मन्त्र भन्न थाल्यो। धनमायाले बूढोले भनेअनुसार सम्पूर्ण मन्त्रको उच्चारण गरीसकेपछि बाघमाथि माटो छर्कन भन्यो। यसपछि बूढोले भन्यो—"ल मैयाँ, तिमी अरू अलिकति माटो यसमाथि छर्क र बस। यसले केही गर्ने छैन।"

धनमायाले त्यसै गरी। बाघले पुच्छर हल्लाउन थाल्यो र उसलाई यताउति घुमाउन थाल्यो। बूढो अगाडि हिँड्न थाल्यो र बाघ उसको पछिपछि हिँड्न थाल्यो।

यता केटाहरू दाउरा बोक्तै आइपुगे। धनमायालाई बाघमाथि बसेर जङ्गलतर्फ गइरहेकी देख्ता उनीहरूको सातोपुत्लो उड्यो र दाउराको भारी त्यहीँ फाल्दै उनीहरू आआफ्ना घरतर्फ भागे।

बाघ धनमायालाई बोकेर जङ्गलभित्र पस्यो र बूढो विलीन भयो। अत्यासमा परेकी धनमायाले मन्त्रेको माटो बाघमाथि छर्कंदा बाघ निष्प्राण भइ बूढो भएपट्टि जान सकेन। तर ऊ घनघोर जङ्गलभित्र पुगीसकेकी थिइ। त्यस्तो घोर अँध्यारो जङ्गलमा आफूलाई एक्लै पाउँदा ऊ डराई र कहालिएर कराई। उसको डाँको सुनेर यौटी बूढी दगुर्दै आई र

उसलाई सुमसुमाउँदै भनी—"तिमी सुर्ता नगर छोरी, यहाँ तिमीजस्ता अरू पनि केटाकेटीहरू छन्। तिनीहरूसित बसेर खेल। तिम्रा बाबुआमा आएपछि तिमी जानु। तिमीलाई यहाँ केही हुने छैन। वास्तवमा त्यो बूढो यौटा मायावी हो। उसले केटाकेटीहरूलाई मीठामीठा कुरा गरेर आफ्नो मायाजालमा पार्छ। भाग्यले तिमी यता आइपुग्यौ। साहसी भएकीले बुद्धिको उपयोग गरी बाघलाई निश्चल बनायौ। तिमीलाई अब केही हुने छैन।"

यति भनी बूढीले धनमायालाई कारवमा उठाई। बूढीका मायालु कुरा सुन्दा-सुन्दै धनमाया निदाई।

उता केटाहरूले गाउँमा पुगेर धनमायालाई बाघले लगेको कुरा बताए। गाउँलेहरूले आत्तिएर तुरुन्तै जङ्गलतर्फ गई धनमायालाई खोज्ने र आफ्ना भेडा-बाख्राहरूलाई ल्याउने फैसला गरे। धनमायाकी आमा भन्न थालिन्—"अवश्य पनि वनदेवी रिसाउनु भएर यस्तो भएको हो। उनको पूजा गर्नुपर्छ। बरू पूजाका लागि धूप-अक्षता पनि लगौँ।" जति मान्छे उति कुरा हुन थाले। "तँ पूजा-सर्जाम ल्याउँदै गर, हामी हिँड्यौँ" भन्दै धनमायाको बाबु गाउँलेहरूसित लम्कँदै अगाडि बढ्न थाल्यो।



सबैजना जङ्गलमा पुगे। अँध्यारो भैसकेको थियो। धनमाया कतै देखा परिन। भेडा-बाख्राहरूलाई सुरक्षित चरीराखेको देख्ता गाउँलेहरू भन्न थाले—"बाघले भेडा-बाख्रालाई केही गरेन भने धनमाया पनि निश्चय नै सुरक्षित हुनुपर्दछ।" धनमायाकी आमा वनदेवीलाई भाकल गर्द पूजा गर्न थालिन्।

रात परिसकेकोले सबै गाउँलेहरू भोलि बिहान फेरि आउने निर्णय गरी त्यहाँबाट घरतर्फ हिंडे।

भोलिपल्ट झिसमिसे उज्यालोमा नै सबैजना गाउँलेहरू खाजाको पोको पारी जङ्गलतर्फ निस्के। आज उनीहरू अर्कै कुनापट्टिबाट जङ्गलभित्र पसे। बाक्लो जङ्गलभित्र एकापट्टिबाट केटाकेटीहरूको कल्याङकुलुङ सुन्दा उनीहरू त्यतैतिर लागे। उनीहरूले परबाट नै केही केटाकेटीहरूलाई उफ्रँदै खेलीरहेका देखे। उनीहरूलाई केही चैन मिल्यो। उनीहरूले केटाकेटीहरूलाई इसारा गरी आफूतिर डाके तर केटाकेटीहरू डराएर गुफातर्फ भागे। धनमाया ती केटाकेटीहरूलाई गुफातर्फ दगुर्दै आएको देखेर के कुरा रहेछ भनी बुझ्न गुफाबाट निस्केर अगाडि आई त देख्छे आफ्नै गाउँका काकाहरू। ऊ कराई—"कान्छा काका, महिला काका।"

उसको स्वर चिनेर गाउँलेहरू धनमायातर्फ दगुरे। धनमाया पनि दगुर्दै उनीहरूतर्फ जान थाली। बाबुआमालाई पनि आएको देख्ता ऊ आमालाई अँगालो हाल्दै रुन थाली। धनमायालाई यसरी कुनै चोटपटकबेगर सुरक्षित पाउँदा गाउँलेहरूमा खुसीको सीमा थिएन। धनमायाकी आमा छोरीलाई म्वाइँ खाँदै खुसीले रुन थालिन्। बाबु वनदेवीप्रति कृतज्ञता प्रकट गर्दै धूप सल्काउन थाले।

त्यतिबेला बूढी आमै त्यहाँ थिइनन्। धनमायाले बताइ कसरी बूढीआमैले उसलाई शरण दिइन् र ऊजस्तै यी केटाकेटीहरूलाई पनि त्यस मायावीबाट जोगाइन्।

गाउँलेहरूले अब त्यहाँ समय खेर फाल्नु उचित ठानेनन् र गाउँ फर्कने फैसला गरे। धनमायाले भनी—"हामी यी केटाकेटीहरूलाई पनि लगौं र यिनीहरूका बाबुआमानिर खबर पठाइदिउँ। बिचराहरू कति पीर-सुर्ता गरी बसेका होलान्।"

धनमायाको कुरा सुनेर सबैजना केटाकेटीहरू खुसीले उफ्रन थाले।

"हो त!" धनमायाकी आमाले भनिन्।

गाउँलेहरूले पोको पारी ल्याएका खाजा गुफामा बूढीका लागि छाडी दिए र केटाकेटीहरूलाई लिएर प्रस्थान भए।

वनदेवीले नै धनमायाको रक्षा गरेकी हुन् भन्ने कुरामा सबैजना आश्वस्त भए। नत्र बाघको सवारी गर्दै जङ्गलमा हराएकी र मायावीको पञ्जामा परेकी बच्चीलाई यसरी सुरक्षित पाउनु असम्भव नै थियो भन्ठान्दै। गाउँलेहरूले त्यस दिनदेखि वनदेवीको सम्झनामा दिनहुँ साँझ घरमा धूपबत्ती गर्न थाले र वर्षमा एकपल्ट जङ्गलमा गई गुफासामु धूपबत्ती बाल्दै, फल-प्रसाद चढाइ वनदेवीको पूजा गर्न लागे। तर उनीहरूलाई ती बूढीआमैको दर्शन भने पाइएन। हो, गुफाको वरिपरि भने उनको पैतालोको छाप हुन्थ्यो।

# रङ्गीचङ्गी माछा र बालक

टीस्टा नदीको तटमा तेन्जिङ माछा समात्न भनी ढडिया छ्याप्दै हिंडीरहेको थियो। केटाकेटी नै भएकोले ऊ नदीको धेरै गहिरो पानीमा पस्ने आँट गर्न सकीरहेको थिएन्। उसको बाबु घर छाडी निस्केको महिनौं भइसकेको थियो। आमाले घरमा भए जति चामल, कोदो, मकै आदि सिध्याइसकेकी थिई। बेलुकाका लागि खान एक गेडा पनि अन्न नभए पछि उसले छोरा तेन्जिङलाई डाकेर भनिन्—"हेर बाबु! आज बेलुकीका लागि घरमा एक गेडा दाल छैन। जा न, टीस्टा नदीको किनारमा गई केही माछा समाएर ल्या। त्यही पकाएर आजको रात टारूँ। भोलि कुनै काम खोज्न निस्कूँली।"

यौटा आज्ञाकारी छोरासरह तेन्जिङ माछा समात्न भनी ढडिया लिई हिंड्यो। उसको बाबुले माछा समात्न जाँदा उसलाई दुई-चार खेप टीस्टा नदीमा लगेको थियो। यसो हुँदा उसलाई ढडियाबाट माछा समात्ने काईदा थाहा थियो। तर ढडियामा परेका माछा चिप्लेर वा तिनका कत्लेकाँडाहरूले घोच्दा ती उसको सानो हातबाट फुस्केका कुरा भने उसले अझै बिर्सेको थिएन। तर बाबु नभएकाले र आमाले भनेको कुरा नमानेमा राति भोकै सुत्नुपर्ने स्थितिलाई सम्झिदा तेन्जिङलाई माछा समात्नका लागि जान करै लाग्यो।

नदीको पानीमा ओर्लेर उसले भगवानलाई सम्झ्यो र छ्याप्पछ्याप्प गर्दै ढडियालाई पानीमा छ्याप्दै माछा खोज्न थाल्यो। उसले ढडियाभित्र एक-दुईवटा ठूला माछाहरू परेका पायो तर ती माछालाई उसका साना र निर्धा हातले थाम्न सकेनन्। ती माछा आमाछोराका लागि नपुग्ने भएकाले ऊ अलि धेरै माछा समात्ने विचार गरी ढडिया छ्याप्दै नदीमा केही अगाडि बढ्यो। माछा खोज्न हात बढाउँदा उसले पुनः केही साना माछाहरू फेला पाऱ्यो। तीमध्ये एउटा माछा गजबको थियो। सुनौलो रङ्ग, रातो आँखा र टाटेपाङ्ग्रे रातो पुच्छर भएको त्यो माछा अरू माछाहरूभन्दा भिन्नै किसिमको थियो। यस्तो अनौठो माछालाई देख्ता ऊ तीनछक्क पऱ्यो। माछाले पक्राउ परेकोमा छटपटिदै, पुच्छर हल्लाउँदै आफ्नो विरोध जनाउँदै थियो। माछालाई भाँडोमा हालेर ऊ किनारपट्टि फर्कन थाल्यो। एकाएक उसले स्वर सुन्यो—"मलाई छाडी देउ नानी! म कहिल्यै तिम्रो गुन बिर्सने छैन।"

माछाले मानवस्वरमा बोलेको सुन्दा तेन्जिङलाई अचम्म लाग्यो। किनभने यस्तो स्वर उसले यस अगि कहिल्यै सुनेको थिएन। अनि उसले हाँस्तै भन्यो—"तिमीलाई छाडी दिएँ भने म आफ्नो र आमाको पेट कसरी भर्ने?"

"तिमी साहसी केटा छौ। एकै छिन अरू मिहिनेत गऱ्यौ भने अरू धेरै माछा समात्न सकी हाल्छौ। मलाई छाडी देउ। म घर फर्किन भने मेरा बाआमा चिन्ता गर्नु हुनेछ। मलाई नमार नानी।"—माछाले भन्यो।

तेन्जिङले उफ्रिरहेको माछालाई सुमसुम्याउँदै भन्यो—"म तिमीलाई मार्ने छैन, तिम्रो मासु पनि खाने छैन, बरू घरमा ठूलो मुख भएको ऐनाको ठूलो सिसीमा राखेर तिम्रो खेल हेरी राख्नेछु। तिम्रो रूप, रङ्ग र सुन्दरतालाई नियालेर बस्नेछु।"

"तिमी मेरो रूप, रङ्ग र सुन्दरता नै नियाल्न चाहन्छौ भने मलाई नदीभित्र नै छाडी देउ। नदीको पानीमा मेरो रङ्ग दिन प्रतिदिन निखने छ। म हृष्टपुष्ट हुनेछु। सिसीमा त म निस्सासिने छु। मर्न पनि सक्छु। यसर्थ ममाथि यत्ति कृपा गरी देउ नानी" —माछाले पुनः अनुरोध गऱ्यो।

तेन्जिङ भन्न थाल्यो—"तिमीजस्तो राम्रो माछा आजसम्म मैले देखेको थिइनँ। तिमीलाई कसरी छाडूँ?"

माछाले फेरि भन्यो—"बिन्ती छ, मलाई छाडी देउ। बरू तिमी सधैँ यहाँ आए म किनारमा आई तिमीसँग खेलूँला, पानीमाथि विभिन्न किसिमले उफ्रेर तिमीलाई आफ्नो रूपको सुन्दरता देखाउँला र आफ्ना अरू साथीहरूसित पनि भेट गराई दिउँला। भनेको मान नानी।"

माछाको बिन्ती सुनी र आफ्नो बाबुलाई गुमाउँदा उसले सहनु परेजस्तो वेदना माछालाई पनि नहोस् भन्ने ठानी उसले त्यस माछालाई नदीभित्र छाडी दियो। पानीमा पर्नासाथ माछा खुसीले उफ्रिन थाल्यो।

तेन्जिङ घर फर्कन थाल्दा माछाले फेरि भन्यो—"ल नानी, भोलि बिहान आए। म आफ्ना अरू साथीहरूलाई पनि लिई तिमीलाई भेट्न यहाँ नै आउने छु।"

भाँडामा भएजति माछा लिएर तेन्जिङ घर फर्क्यो। छोराले काम गर्नसक्ने भएको बुझी दङ्ग पर्दै आमा माछा पोल्ने सुरसार गर्न थालिन्। यता तेन्जिङका आँखा अगाडि त्यही सुनौलो माछाको रूप नाचीरहेको थियो, कानमा उसैको स्वर गुँजीरहेको थियो। राति उसलाई भात पनि रुचेन। सपनामा पनि उसले त्यसै माछालाई देख्यो।

बिहान हुने बित्तिकै ऊ फेरि ढडिया समाती नदीको बाटो लाग्यो। पानीमा छ्यापछ्याप गर्दै उसले माछालाई आफू आइपुगेको सङ्केत दिन थाल्यो। यसबीच उसले निकै माछाहरू समात्यो। आज आफूले पाएको सफलतामाथि ऊ स्वयं दङ्ग पर्दै थियो। यत्तिकैमा उसले पानीमाथि एउटा सुनौलो माछालाई उफ्रेको देख्यो। "घामको रापमा माछा टल्केको होला" भन्ने ठानी ऊ किनारातर्फ फर्कन लाग्यो। यत्तिकैमा उसले स्वर सुन्यो—"ल नानी, म आइपुगेँ। तिमी हरेस खाएर फर्कन लागेका थियौ कि कसो? म त बीच नदीमा जलक्रीडा गर्दै तिमीलाई नै हेरी बस्दै थिएँ। तिमीलाई माछा समात्नमा बाधा नपुगोस् भनेर पो यतिबेर

तिमीनिर आइरहेकी थिइनँ। तिमीले मलाई जीवनदान दिएर ममाथि मात्रै होइन, मेरा बाबुआमामाथि पनि ठूलो गुन लाएका छौ। तिमीजस्तो दयालु मान्छेलाई म ढाँट्न सक्छु र? म यस नदीको राजाकी छोरी हुँ। तिमीले मलाई जीवनदान दिएको कुरा मैले आफ्ना बुआमुआमा बिन्ती चढाउँदा उहाँहरू सार्है खुसी होइबक्स्यो र तिमीलाई एउटा उपहार पनि पठाइबक्सेको छ। तिमीलाई भेट्नका लागि डाकी पनि बक्सेको छ। कहिले हिंड्छौ, भन?'' यति भनी मत्स्यकुमारीले कछुवालाई बोकाएर ल्याएकी उपहारको थैलो उसको अगाडि राख्न लगाइन्। लेउ नानी, यो उपहार तिम्रा लागि हो।''

माछाको परिचय पाएर एवम् उदारता देखेर तेन्जिङलाई आश्चर्य लाग्यो। उसले मत्स्यकुमारीबाट उपहार स्वीकार गर्दै भन्यो—''आज त म जान सक्तिनँ मत्स्यकुमारी, मेरी आमा मेरो बाटो कुरीराख्नुभएको होला। भोलि-पर्सी आउँला, हुन्न?''



मत्स्यकुमारीले "हुन्छ नि" भनिन्। "ल त म अब जाउँ मत्स्यकुमारी। म नपुगुन्जेल आमाले तिहुन पकाउनु हुनेछैन। उहाँले पनि काममा निस्कनु परेको छ। अबेर भएमा उहाँले पीर गर्नु हुनेछ। म भोलि फेरि तिमीलाई भेट्न यसै बेला आउँला" भन्दै ऊ त्यहाँबाट प्रस्थान भयो।

आज तेन्जिङको अनुहार उज्यालो थियो। हिँडाइमा गति थियो। तेन्जिङले घर पुगी आमानजिक माछाको भाँडो र उपहारको थैलो राख्दै सबै कुरा बतायो। आमाले उपहारको थैलोभित्र मोतीको माला र उत्कृष्ट सिपीहरू राखिएको देखिन्। आज उनको अनुहारमा पनि खुसीको लहर देखियो। "आहा, कस्तो राम्रो माला" भन्दै उनले भनिन्—"यो माला म तेरो बिहेका लागि जतनले राख्नेछु। तेरी दुल्हैलाई काम लाग्छ।" अनि उसले छोरालाई सम्झाउँदै भनिन्—"हेर बाबु, हामीले सधैँ मिहिनेत गरेर नै खानुपर्दछ। अर्काको धनमाथि नजर गाड्नु वा धनीमानीहरूको भर परेर बस्नु राम्रो हुँदैन। तेरो मत्स्यकुमारीसित मितेरी भएछ, राम्रो कुरो हो, तर आफ्नो हैसियत नबिर्सेस्, लोभ नगरेस् बाबु। यसैमा जीवन सुखमय हुन सक्तछ। बुझिस्!"

आमाले भनेको कुरालाई उसले मूलमन्त्रको रूपमा शिरोपर गर्दै सोध्यो—"त के आमा, म उसका बुआमुआलाई भेट्न नजाऊँ?" आमा भन्न थालिन्—"मैले न जा काँ भने र? ठूलाबडाहरूसित चिनजान हुनु राम्रै हो। खाली आफ्नो हैसियत पो नबिर्सन भनेकी।"

आमाको कुराबाट दङ्ग पर्दै तेन्जिङ सधैँ नदीको किनारामा जान लाग्यो। माछा मार्नु, मत्स्यकुमारीसित उफ्रेर खेल्नु अब उसको दिनचर्या हुन थाल्यो।

एक दिन मत्स्यकुमारीले "कहिले जान्छौ त मेरा बुआमुआलाई भेट्न" भनी सोद्धा तेन्जिङले भन्यो—"भोलि।"

भोलिपल्ट तेन्जिङ राम्रो लुगा पहिरी, हातमा कोसेलीको पोको बोकी आयो। मत्स्यकुमारी नदीमा उसलाई पर्खी बसेकी थिइन्। मत्स्यकुमारीले उसलाई एउटा ठूलो कछुवामाथि बस्न भनिन् र दुवै जलयात्रा गर्दै मत्स्यलोकमा पुगे।

मत्स्यनरेशले तेन्जिङलाई दर्शन दिँदै भने—"बाबु, जीवनमा दयालु हुनु र अरूमाथि उपकार गर्नु मानिसको सबभन्दा ठूलो गुण हो। तिम्रो स्वभाव र तिमीले हामीउपर लाएका गुनबाट हामी सान्है प्रसन्न भएका छौँ। भन के चाहन्छौ? हामी तिमीलाई तिम्रो इच्छाको वस्तु दिन चाहन्छौँ।"

तेन्जिङले भन्यो—"म यसै खुसी छु मत्स्यराज। माछा समातेर मैले आफ्नो र आमाको पेट पाल्न बाध्य हुनुपरेकोले माछा समात्न हजुरको राज्यमा पस्नुपर्दछ। यसका लागि मलाई माफीबक्स्योस्।"

मत्स्यराज केटोको सरल, सन्तोषी र विनम्र स्वभावबाट सा‍ह्रै प्रभावित भए र विशाल मात्रामा उसलाई हीरामोतीको उपहार र माछा मार्ने अनुमति दिंदै पठाए।

मत्स्यकुमारी र तेन्जिङ दुवै सँगसँगै बाहिर निस्के। "मलाई सधैँ दर्शन त दिन्छ्यौ नि राजकुमारी—"तेन्जिङले मत्स्यकुमारीलाई सोध्यो। "हेरूँली" भन्दै मत्स्यकुमारीले पानीभित्र डुबुल्की मारी।

तेन्जिङ पनि मत्स्यराजबाट पाएका उपहारहरू बोकेर घरतिर लाग्यो। जीवनमा विभिन्न प्राणीहरूप्रति दयाभाव राख्नु र तिनलाई जीवनदान दिनु अब उसको मूलमन्त्र बन्यो। तर जीविकाका लागि माछा नसमाती हुँदैनथ्यो। तेन्जिङले मछुवाको जीवन नै बिताउने निर्णय गरी सुख-शान्तिका साथ दिन बिताउन थाल्यो। नदीको सयल उसको दिनचर्या भयो अनि मत्स्यकुमारीको जलक्रीडा उसको मनोरञ्जनको साधन।

एक दिन मत्स्यकुमारीले छुट्टिने बेलामा भनिन्—"तेन्जिङ म तरूनी भएँ, अब मेरो बिहे गर्ने उमेर भयो भनी मुआ भन्दै हुनुहुन्थ्यो। मेरो बिहे पनि पक्का भईसकेछ। यसर्थ अब म नआइपुगेमा चित्त नदुखाए। यस विशाल जलक्षेत्रमा म जहाँ भएपनि तिमीलाई हेरी राख्नेछु। बच्चाहरू हुर्काउँदा तिमीलाई भेटन आउन नपाइएला। तिम्रो गुन म बिर्सने छैन।"

"तिमीलाई बिर्सन मलाई पनि गाह्रै पर्नेछ मत्स्यकुमारी।" तेन्जिङले गहभरि आँसू गर्दै भन्यो र मत्स्यकुमारीसित विदा लिई हिँड्यो।

# सेठको जन्ती

एकजना सेठ एकपल्ट छोराको बिहेका लागि केटी खोज्न निस्केछन्। उनी राम्री, सुशील र पढेकी कुलिन घरकी केटी खोज्दै कुनै शहरमा एकजना सेठको घरमा पुगेछन्। परिचयपाति पछि पाहुना सेठले आफ्नो यात्राको उद्देश्य बताउँदा सेठले भने—“तपाईं र हामी एउटै जातका भयौं। बिहेबारी पनि चल्न सक्छ। मेरी छोरीको पनि बिहे गर्ने उमेर भईसक्यो। चाहनुहुन्छ भने केटी हेर्नुहोस्। तर केटो त तपाईंसित आएको छैन। हामीले पनि केटो हेर्नुपर्ने।”

आगन्तुक सेठले भने—“केटो पढेलेखेको छ। व्यवसाय सम्हाली बसेकोले मसित आएन्। कुरा मिल्यो भने, केटोलाई पनि डाक्छु। केटी कहाँ र कहिले भेटिने हो भनी नलिईहिंडेको।”

सेठले भने—“हुन्छ त केटोलाई खबर पठाउनुहोस्। यहाँ नजिकै एउटा प्रसिद्ध तीर्थस्थल छ। भोलि घुम्न जानोस्। केटो पनि आइ हालोस्। हामी दुवैलाई स्वीकार्य भएमा कुरा छिने भइ हाल्यो।”

आगन्तुक सेठले 'हुन्छ' भने र एकजना मानिसलाई ठेकाना आदि दिई आफ्नो शहरमा छोरानिर पठाए छोरालाई लिईआउन भनी।

भोलिपल्ट बिहान आगन्तुक सेठ नुहाईवरि तीर्थस्थलतर्फ हिंडे। उता सेठको दूतले अर्को शहरमा पुगी सेठका छोरालाई भेटी सेठको सन्देश दियो।

आगन्तुक सेठ तीर्थस्थलनिर पुग्दा एउटा ठूलो नदी देखी अडे। एउटा मानिस नदीतर्फ मुख गरी बसेको थियो। सेठले सोधे—“ए भाई यहाँ कोही माझी छ कि? नदी तर्नु थियो।”

त्यस मानिसले सेठतर्फ हेर्‍यो। उसको जिङरिङ परेका केश र दाह्रीजुँगाले ढाकिएको अनुहार देखेर सेठको आङ सिरिङ्ङ गर्‍यो। त्यस मानिसले इसाराले एकछिन अड्न भन्यो र नदीको पानीमा मुख हाली जम्मै पानी सोस्यो र नदी पार गर्न भन्यो। सेठले 'धन्यवाद' भन्दै नदी पार गरे। 'यसरी नदीको पानी सोस्ने मानिस को होला?' भनी सोच्दै उनी हिंड्न थाले। कुरा खेलाइ हिंड्दा तीर्थ आएको उनलाई होस नै भएन्। मन्दिरबाट घण्ट बजेको स्वर सुन्दा उनी झस्के र हात-खुट्टा धोई भगवानको दर्शन गर्न मन्दिरभित्र पसे।

मन्दिरबाट निस्केर उनी बाहिर खानपिन गरिने ठाउँ खोज्न लागे। उनले अलिक टाढा केही मानिसहरूको हुल देखे। 'के रहेछ, हेरूँ त' भन्दै उनी त्यतापट्टि लागे। तर त्यहाँ गई उनले जुन दृश्य देखे, त्यसले उनलाई हैरान पार्‍यो। वास्तवमा कुनै धर्मात्मा मानिसले केही मानिसहरूलाई खानेकुरा बाँड्दै थियो। त्यस हुलमा एउटा मानिस थालमा खानेकुरा पर्नासाथ खाइ हाल्दथ्यो र 'अरू देउ' भन्दथ्यो। हुँदाहुँदा कहाँसम्म भयो भने पकाएर ल्याएको जति खाद्यबस्तु सबै उसैले

सक्यो। अरूहरूले थप्न पनि पाएनन्। यति हुँदा पनि उसको भोक मरेको थिएन। त्यस धर्मात्माले उसको पाउँ समात्दै माफी माग्यो र एक दिन उसलाई पेटभरि भोजन गराउन आउने वचन दिई त्यहाँबाट विदा लियो। उसले भन्यो—''ठीक छ। यसपालीलाई म तिमीलाई विदा दिन्छु। अर्कोपाली चाहिँ छाडने छैन्। मलाई सयजनाले खानेजति भोजन चाहिन्छ, बुझेउ के?''

'हस' भन्दै उक्त धर्मात्माले प्राण बचाई कुलेलम ठोक्यो। सेठजीको भोक पनि त्यस दृश्यबाट हरायो र उनी पनि त्यहाँबाट लगत्तै हिंडे। अब उनले शहरतिर फर्कने अर्कै बाटो समाते, जसले गर्दा नदी तर्नु नपरोस्। तर त्यसबाटोमा एउटा पहाड पर्दो रहेछ। सेठजीले त्यही बाटो हिंड्ने फैसला गरे।

बाटोमा एउटा मानिस डोको बुनीरहेको रहेछ। सेठजीले भने—''भाई! तिमी यो के बुन्दैछौ? यसको आकार त डोकोजस्तो छ, तर तिमी त भकारीजस्तो डोको बुन्दैछौ? यस्तो डोको कसलाई चाहिएको हो भाई?''

''मलाई।'' डोको बुन्नेले भन्यो। ''वास्तव म भरिया हुँ। र यसमा म यति सामान हालेर ओसार्नसक्तछु, जुन 2-4 बयलगाडामा पनि ओसार्न सकिँदैन्। तिमीलाई कहिल्यै यस्तो भरिया चाहिएमा मलाई सम्झनु। म खबर पाउनेबित्तिकै पुगी हाल्नेछु।''

सेठले मनमनै भन्ठाने—''यो त गजबको इलाका रहेछ बा। अब यहाँ धेरै बेर बस्नु भएन्।'' यति भन्ठानी उनले आफ्नो हिंडाईको गति बढाए र बेलुकी हुँदा न हुँदै उनी सेठजीको शहर पुगी हाले। सेठजीकहाँ पुग्दा उनको छोरा आइसकेको रहेछ। हातमुख धोई आगन्तुक सेठले भने—''ल सेठजी। अब त छोरानानी पनि आइ पुगे। शुभकाम टुँग्याउन पाए, हामी फर्कने थियौं। त्यहाँ कामधन्दा पनि अस्तव्यस्त भईराखेको छ।''

''हुन्छ नि सेठजी। हजुरका छोरा त हामीलाई सान्है मिजासिला र असल स्वभावका लागे। हामीलाई मन पनि परे। अब हजुरले आफ्नो विचार प्रकट गर्नुपर्‍यो'', भन्दै उनले आफ्ना टहलुवालाई भने—''भित्र जा, सेठानीलाई छोरीनानीका हात चिया र मिठाई पठाई दिन भन्। 'ल हामी पनि भित्र बैठकमा बसौं।''

सेठजीले आफ्ना पाहुनालाई बैठकमा लिई गए। उता सेठजीकी छोरी पनि किस्तीमा चिया, मिठाई र निम्की आदि राखेर बैठकमा आइ पुगिन्। चिया, मिठाई खाँदै आगन्तुक सेठले कन्यासित केही सोधपूछ गरे। ''ल अब तिमीभित्र गए भो'' भनी उनलाई विदा गरी आगन्तुक सेठले भने—'सेठजी, म छोराको बिहेका लागि केटी खोज्न हिंडेको मानिस। मनमाफिकको केटी भेट्टाएँ। तपाईंपनि रइस हुनुभएकोले हाम्रो दर्जा पनि मिल्यो। मलाइ तपाईंसित सम्बन्ध गाँस्न गाऱ्हो नपर्ने भो। अब तपाईं आफ्नो इच्छा भन्नोस्।''

सेठले भने—''यो त मेरो र छोरीको नै सौभाग्य हो कि मैले छोरीको बिहेका लागि धेरै दौडधूप गर्नु परेन। तपाइँका पुत्ररत्नलाई हामी ज्वाईं बनाउन तयार छौं।''

"धन्यवाद सेठजी। तपाईंका कुराबाट मेरो दौडधूप सुफल भएको मलाई अनुभव भयो। अब भन्नोस, जन्ती कत्ति ल्याउँ?"

"जत्ति सक्नुहुन्छ?"—सेठजीले भने।

"तर खानपिन र व्यवहार ठीक हुनु पर्दछ। मेरो एउटै छोरा छ। कसैले केही त्रुटि देखाउन नसकोस्।" —आगन्तुक सेठले भने।

"चिन्ता नगर्नुहोस्। मेरो पनि यो एउटै छोरी हो। तर विन्ति गर्दछु-पकाएको खाना खेर नजाओस्। तपाइँ सयजनाको जन्ती ल्याउनुस वा हजारजनाको। व्यवस्था पूरा हुनेछ तर खाना खेर जानुहुँदैन्। अन्नलाई म देवी अन्नपूर्णाको रूप ठान्दछु। यसको अपमान भएको वा त्यसलाई फालिएको



म हेर्न सक्दिनँ। समानरूपमा चिया, सर्बत, पानी आदिको कमी हुने छैन्। व्यवहारमा पनि म चुक्नेछैन्। कन्यादानमा दिइसकेको समान आफ्नो घरमा राख्ने हाम्रो चलन छैन। यसर्थ त्यसलाई लगी हाल्ने व्यवस्था पनि गरी हाल्नुहोला।''

''हुन्छ नि। अब तपाईंको इज्जत मेरो पनि त इज्जत हो। अहिलेलाई विदा पाउँ। ज्योतिषिसित बिहेको मिति र साइत तोकेर पठाइदिनुहोला। म बाटो कुरी बस्नेछु।''—आगन्तुक सेठले भने।

''हुन्छ''—भन्दै सेठले केटोलाई टीका लगाई दिए र साथमा एकजना टहलुवाका साथ उनीहरूलाई विदा गरे।

समय बित्दै गयो। सेठले बिहेको तारिख पठाई दिए। यता केटाका बाबु सेठलाई केटीका बाबुले भनेका कुराहरूको सम्झना हुन थाल्यो—''तपाईं सयजनाको जन्ती ल्याउनोस् वा हजारजनाको, व्यवस्था पूराहुनेछ। खाना खेर नजाओस्। समानरूपमा चिया, सर्बत, पानी आदिको पनि पूरा व्यवस्था हुनेछ।''

केटीका बाबुले भन्ठाने—''सेठ खाना खेर गएर भडकिए भने त सबै अस्तव्यस्त हुनसक्तछ। जन्ती धेरै भएर खाना कम भयो भने पनि हामी दुवैको बदनामी, खेर गयो भने सेठको आक्रोष। उनले तीर्थस्थलको त्यस पेटुवालाई सम्झे, जसलाई लग्दा सेठजीको खाद्यवस्तु खेर जाने संभावना रहँदैन। अनि चिया, सर्बत र पानी आदि तरल वस्तुका लागि नदीको तटमा बस्ने पानीसोसुआलाई सम्झे अनि मालसामान ओसार्न त्यस भरियालाई उपयुक्त ठानी त्यसैलाई लैजाने निर्णय गरे जसको डोकोमा 10-12 बयलगाडाले ओसार्ने सामानहरू अटाउन सक्तथ्यो। उनले आफ्नो जन्तीमा यी तीनैजनालाई सामेल गर्ने निधो गरी बिहेको दिन सेठजीकहाँ पुग्ने गरी यी तीनैजनालाई डाक्न स्वयं हिंडे र छोरा उसका 2-4 जना साथीलाई सेठजीको शहरमा पुग्ने निर्देश दिए।''

बिहेको दिन बिहान सेठजी आफ्ना तीनजना पाहुनाहरू लिएर अनि छोरा 2-4 जना साथीहरूका साथ सेठजीको शहरमा पुगे। उनीहरूको बस्ने व्यवस्था गरिएको धर्मशालामा गरिएको थियो। साँझमा पन्चैबाजा बजाउँदै जन्ती सेठजीकहाँ पुगे। जम्मा छ-सातजनाको जन्तीलाई देख्दा सेठजी हैरान भए र केटाका बाबुलाई झोक्किदै सोधे—''यिनै हुन् जन्ती सेठजी?'' केटाका बाबुले भने—''हजुर! यिनै हुन्। तर चिन्ता नगर्नोस्।''

''केही खेर गयो भने...'' सेठजीले वाक्य पूरा गर्न नपाउँदै केटाका बाबुले भने—''सेठजी शुभकार्यको बेलामा तपाईं यी सबै कुरामा दिमाग नखलबल्याउनोस्। बरू जन्तीको स्वागत-सत्कारको निर्देश दिनुहोस्।''

केटीका बाबु सेठले आफ्ना टहलुवाहरूलाई जन्तीको स्वागत-सत्कारमा पानी, चिया, सर्बत आदि लग्ने आदेश दिए। तर पानीसोसुवालाई त गिलाँसको पानी चम्चाले खाएजस्तो लाग्यो। कराउँदै भन्न थाल्यो—''मैले चम्चाले पानी खाने गरेको छैन। मलाई घैंटो देउ।'' उसलाई बाल्टीले

पानी पुऱ्याइयो। भन्न थाल्यो–"मलाई बाल्टी होईन, पानी राखेको ठाउँमा ली हिंड।" र उसले चार ड्रम पानी खाएर एकपल्ट डकार गऱ्यो र भन्यो–"ल अब सर्बत देउ।" अनि उसलाई सर्बत बनाएर राखिएको ड्रमनजिक लगियो। त्यहाँ उसले पाँच ड्रम सर्बत खाएर पेटलाई सुमसुमायो र भन्यो–"अब लेउ चिया।"

टहलुवाहरू उसको व्यवहारबाट तीनछक्क पर्दै थिए। खाना खाने बेलामा र खाना खाइसके पछि हातमुख धुन पानी पनि सकिएको थियो। चिया पनि उसलाई ठूलो भाँडोमा नै टक्राइयो। तर चिया तातो भएकोले चिया पिउने गति भने तीव्र हुन पाएन्। यसबीच टहलुवाहरूले ड्रमहरूमा पानी भर्न थाले।

कसैले सर्बत, कसैले पानी त कसैले चिया खाएपछि सबैजना खाना खान बसे। पातमा भोजन पस्कन थालियो। तर अरूहरूले 2 गाँस पनि खाइ नसक्दा पेटुवा करायो–"खै पूरी-तरकारी। पूरी ल्याओ।" पूरी ल्याउनेले कठुवामा पूरील्याउँदा उ करायो–"यो भाँडो नै राख्।" समानरूपमा तरकारी ल्याउनेले तरकारी ल्याउँदा पेटुवाले भन्यो–"यो आन्ही यहाँ नै छाडी देउ।" त्यसैगरी उसका अगाडी पूरी, तरकारी, लड्डू, पेडा, रसभरी आदिका आन्ही कचौराका रूपमा देखा पर्न थाले। टहलुवाहरूले भाँडामा खाद्यवस्तु राख्न नपाउँदै भाँडाहरू खाली भईहाल्दथे। पकाइएजति सबै खाद्यवस्तु सकिए पनि पेटुवालाई तृप्ति भएन र करायो–"खै, पूरी?" सेठले आएर बिन्ती गरे–"एकछिन पर्खौं प्रभु, पिठो मुछिदैछ।"

–उसो भए लड्डू-पेडा ल्याओ।–

–हलुवाईले बेसन घोल्दैछ।–

–आलू-केराउको अचार नि?–

–आलू उसिन्न राखेको छ।–

–ल ठीक छ। पाकेपछि मलाई ब्यूँझाउनु। म एक निद्रा सुत्छु।–पेटुवा पेट सुमसुमाउँदै त्यहीँ लम्पसार पऱ्यो।

केटीका बाबुले चैनको सास फेर्दै भने–"अरूहरूले खाइसक्नुभएको छ भने हातमुख धोऔं। अब लगनको बेला हुन लाग्यो।"

अरू जन्तीहरूले खाइसकेका थिए। उनीहरू सबै उठे र हातमुख धोई यज्ञमा बस्न गए।

विवाहको विधि सम्पन्न भयो। छोरीलाई कन्यादानमा दिइएका मालसामानहरू डोकोमा हाल्न लगाइयो तर डोको आधा खाली नै रह्यो।

केटीका बाबुले टाउको समाते र सम्धी (केटोको बाबु)को खुट्टा समात्दै भने–"मलाई आफू र आफ्नो धनमाथि ठूलो घमण्ड थियो तर हजुरका जन्तीले गर्दा मेरो घमन्ड चकनाचूर भयो। अब यस पेटुवालाई सम्हाल्ने काम हजुरको हो। मेरो इज्जत बचाइबक्स्योस। मबाट देखाइएको अहंकारका लागि क्षमा पाउँ।'

केटोका बाबुले भने—"यसले ब्यूँझेपछि खान खोज्छ। यसो हुँदा खानाको व्यवस्था चाँडै गरियोस्। यसलाई ब्यूँझाएर खाजा ख्वाई दिउँ, त्यसपछि म यसलाई सम्हाल्दछु। चिन्ता नगरौं।"

पेटुवालाई उठाइयो र भोजन गर्न बसाइयो। पटुवाले मुछेजत्ति 2 बोरा पिठोको पूरी, 1 बोरा आलूको तरकारी, 1 सखारी लड्डू खाएर डकार्‍यो र पेट सुसुमाउँदै भन्यो—"अहिलेलाई पुगेजस्तो छ। बाँकी दिउँसो खाउँला।"

केटाका बाबुले भने—"अब हामी हिंड्ने बेला हुन थाल्यो। दिउँसोको व्यवस्था बाटोमा गरौंला।"

यति भनी सबै त्यहाँबाट हिंड्न तत्मतयार भए। केटीका आमाबाबुले आँसू बगाँउदै छोरीलाई विदा गरे।

बीच बाटोमा पुगेपछि केटाका बाबुले पेटुवालाई डोकोबाट 2 सखारी मिठाई दिए र भने—'ल यो लैजानोस्, दिउँसो खानुहोला। म फेरि आउँछु तपाईंलाई डाक्न।'

"हस हजुर, धेरै वर्षमा यति मिठो खान पाइयो। म हजुरको बाटो कुरी बस्नेछु।" भन्दै पेटुवा सखारी बोकी हिंड्यो।

आफ्नो शहर पुगेपछि सेठले भरियालाई डसना-सिरक र राम्रा लुगाफाटाहरू दिएर भने—"ल भाई! यी सामानहरू लेउ। यिनले तिम्रो जाडोलाई छल्लान्। अनि ल लेउ यो मिठाईको सखारी। केटाकेटीहरूलाई बाँडी दिनु।" खाली भएर हलुँगो भईसकेको डोकोमा यी सामानहरू राखी भरिया खुसीले नाँच्दै घरतर्फ दगुर्न थाल्यो।

यता सेठजीको छोरा राम्री पत्नी पाएर मुसुमुसु हाँसीरहेको थियो र उता सेठजी छोराको बिहे पार लाउन र आफ्ना सम्धीको घमन्ड चूर गर्नमा सफल हुन सकेकोमा दङ्ग परीरहेका थिए।

# श्रद्धाञ्जली

यौटा जङ्गलमा वनराजले बडो अत्याचार मचाएको थियो। उसले जङ्गलमा बसेका अन्य जीवजन्तुहरूलाई न त चैनले घुम्न दिन्थ्यो औ न आनन्दपूर्वक आफ्नो आहार नै खानदिन्थ्यो। वन्यजन्तुहरू उसका अत्याचारबाट आजित भइसकेका थिए। तर जाउन् त कता, कुन जङ्गलमा? त्यहाँ पनि अर्को वनराजको शासन, नियम-कानुन, प्रजा-रैतीलाई बेहोर्नुपर्ने? के तिनले हामीलाई स्वीकार गर्लान्? भन्ने प्रश्नले तिनीहरूलाई हैरान पनि पार्ने गर्दथ्यो। अन्यत्रको राम्रो सपना हेरेर बसाइँ सर्नुभन्दा आफ्नै ठाउँमा वास्तविकताको सामना वा विरोध गरी बस्नु उत्तम हो भनी उनीहरू एनकेन प्रकारेण जीवनयापन गर्दै थिए।

तर निमुखा जनावरहरूमाथि वनराजको निमर्मता र निष्ठूरतालाई देख्ता जङ्गलका अन्य नगण्य जन्तु र वनस्पति पनि विरक्त हुन्थे। एक दिनको कुरा हो। जङ्गलका मौरी, बारूला, दुम्सी, चील, गिद्ध र बोटका काँडाहरूले मिलेर यी निमुखाहरूलाई वनराजको अत्याचारबाट मुक्त गराउने फैसला गरे। उनीहरूले बाँदरलाई पनि सबै कुरा सम्झाई आफ्नो पक्षमा पारे र उसको सहायताको माग गरे। बाँदरले "हुन्छ नि" भन्दै एक दिन कामीको ज्यासलबाट यौटा हतौडो ल्यायो।

एक दिन वनराज शिकारको खोजीमा जङ्गल गएको बखतमा यी सबै ससाना वन्यजन्तुहरूले आफ्नो फैसलाअनुसार वनराजको गुफाभित्र पस्ने निर्णय गरे। अनि वनराज आउनासाथ उसमाथि अकस्मात जाइलाग्ने गरी घात लगाई बसे। त्यस दिन वनराजले यौटा ठूलो सिकार फेला पारेको थियो र सम्पूर्ण सिकारलाई सकेर ओडारमा फर्कदा अँध्यारो हुन लागीसकेको थियो। पेट टन्न भरिएर उकुसमुकुस् अनुभव गरिरहेको वनराज आफ्नो ओडारभित्र पसी लत्र्यान्न पऱ्यो। साँझको बेला भएकोले ओडारभित्र अँध्यारो भइसकेको हुँदा उसले केही देखेन। लमतन्न पर्नासाथ जीउमा घ्याप्प केही घोचिँदा ऊ दच्क्यो। उसको मुखबाट सीत्कार निस्क्यो र तल के च्यापिएछ भनी हेर्न शिर उठाउँदा मौरी र बारूलाहरू उसका आँखा र नाकको वरिपरि उड्दै उसलाई चिल्न थाले। वनराज कहालियो। उसलाई जीवनमा पहिलोपल्ट यस किसिमको अनुभव भइरहेको थियो। "उठेर बत्ती बाल्नुपऱ्यो र के रहेछ हेर्नुपऱ्यो" भनी साहस बटुल्दै उठ्न खोज्दा बाँदरले हतौडोले कसेर प्रहार गऱ्यो। शिरमाथि भएको यस आकस्मिक प्रहारले गर्दा वनराजले टाउको उठाउन सकेन। ऊ ढलपल गर्दै लड्यो। बाँदरले

उसको शिरमाथि हतौडा बर्साइ राख्यो। वनराजको शरीरमा अझै प्राण रहेको हुँदा उसले गुफामा बाँदर भएको गंध त पायो तर बाँदरलाई च्याप्नसक्ने स्थिति भने थिएन। वनराजलाई हल न चल भएको देख्ता चील र गिद्धले पनि उसमाथि झम्टा मार्दै आँखा फोरी दिए। सबैतर्फबाट एकाएक भइरहेको यस हमलाबाट वनराजलाई यो बुझ्न बेर लागेन कि उसको विरुद्ध विद्रोहको बिगुल बजेछ र यस कृत्यमा जङ्गलका ठूला र हिंस्रक जनावरहरू सामेल नरही अन्य जीवजन्तु नै संलग्न रहेछन्। तर चोटपटकले गर्दा ऊ असह्य अवस्थामा पुगिसकेको थियो।



"घाइते सिंहलाई त्यसै छाड्नु पनि ठीक होइन, यसले आफ्नो रिस अन्य निमुखा प्राणीहरूमाथि पोख्छ" भन्ने बिचारले बाँदरले हल न चल भइराखेको वनराजमाथि त्यस बेलासम्म हतौडा बर्साइ राख्यो जबसम्म उसको शिर फुटेन र ऊ निष्प्राण भएन।

यसपछि बाँदर आफ्नो योजना सफल भएको र वनराज मरेको समाचार सुनाउन सर्वत्र उफ्री-उफ्री जान थाल्यो। स्यालहरू बिस्तारै पुच्छर हल्लाउँदै घटनास्थलतिर आउन लागे। अन्य वन्यजन्तुहरू पनि जम्मा भए। वनराजलाई ठन्डाराम पार्ने साहस बटुलेकोमा सबैले ती जन्तुहरूलाई बधाई दिन थाले। जनावरहरूको ठूलो हुल जम्मा भयो।

एकातिर यी ससाना जन्तुहरू आफ्नो योजनाको सफलतामाथि खुसी मान्दै थिए भने अर्कोतिर उनीहरूलाई कुन कुराबाट ग्लानि पनि हुँदै थियो भने यस योजनालाई कार्यरूप दिँदा उसको साथी दुम्सी, जसले आफ्नो जीउका काँडालाई फिँजाएर वनराजलाई वेदना पुऱ्याएको थियो, वनराजको विशाल जीउको भारले थिचिएर शहीद भएछ।

सानो दुम्सीको यस्तो महान बलिदानको सबैले प्रशंसा गरे। स्यालले उपस्थित वन्यप्राणीहरूलाई सम्बोधित गरी दुम्सीप्रति श्रद्धाञ्जली अर्पित गर्दै भन्न थाल्यो—"यत्रो भयानक काम र योजनालाई पूरा गर्नका लागि बलिदानको निम्ति अगाडि सरेर दुम्सीले हामीमाथि ठूलो गुन मात्रै लगाएको छैन, पुण्य पनि कमाएको छ। यस बलिदानद्वारा ऊ शहीद भएको छ, हामी सबैको पूजनीय भएको छ। मानवजातिबाट समेत यसले सम्मान पाउने छ। आफ्नो बलिदानद्वारा दुम्सीले के पनि प्रमाणित गऱ्यो भने सामुदायिक हितका लागि कोही पनि अगि सर्न सक्तछ। हामीले सोच्न र गर्न नसकेको कुरालाई तपाईंहरूले सोचविचारगरी जसरी पुरा गर्नुभयो त्यसको पनि प्रशंसा नगरी बस्न सकिँदैन। अब हाम्रा भावी वनराजले पनि यस घटनाबाट पाठ सिकी सबै जीवजन्तुप्रति दयाभाव राख्लान् र "बाँच र बाँच्न देउ" को नीति अपनाउलान् भन्ने हामी आशा राख्तछौं।"

स्यालद्वारा दुम्सीका प्रति यस्तो भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको र नयाँ वनराजलाई पनि सह-अस्तित्वको यौटा सन्देश दिइएकोमा सबैले स्याललाई धन्यवाद दिए। अनि जङ्गलमा नयाँ उन्मुक्त वातावरण प्रदान गरेबापत मौरी, बारुला, बाँदर आदि प्रति आभार व्यक्त गर्दै सभा विसर्जन भयो।

त्यसैबेलादेखि मानवजातिले पनि दुम्सीका काँडालाई घरमा राख्न र विभिन्न रूपमा प्रयोग गर्न थाल्यो।

# माली र बोको

एउटा माली थियो। स्वभावले सार्है सोझो। मानिसहरू मिठा-मिठा कुरा गरी उसलाई उल्लू बनाइ राख्दथे। एउटा घरमा उ सधैँ फूल पुर्‍याउने गर्दथ्यो। एक दिन उसले त्यस घरको मालिकसित सोध्यो—"पण्डितजी, हजुर सधैँ पूजा गरीबक्सन्छ। मलाई पनि यसो कुनै मन्त्र सिकाइबक्से म पनि भगवानलाई पूजा गर्दा मन्त्र जप्दै फूल चढाउने गर्दथेँ। पढने उमेरमा पढिएन। अब हजुरहरूकै त आस छ।"

घरमालिकले भने—"हुन्छ, भोलि नुहाइवरि आउनु। म मन्त्र सुनाई दिन्छु। तर मन्त्र सुनेपछि गुरुदक्षिणा चढाउनुपर्छ नि। मिठाई र दक्षिणा पनि ली आए।"

माली खुसी हुँदै घर फर्क्यो। घरमा गई उसले भोलि लाउने लुगा धोएर सुकायो र दक्षिणा आदिको व्यवस्था गर्न बजारतर्फ लाग्यो।

भोलिपल्ट बिहान नुहाईवरि फूल-प्रसाद, मिठाई, दक्षिणा आदि लिँदै उ पण्डितजीको घरतर्फ लाग्यो। पण्डितजी पनि नुहाईवरि उसकै बाटो हेरीरहेका थिए। मालीले फूल-प्रसाद, मिठाई आदि ल्याएको देख्दा पण्डितजी दङ्ग परे र भने—"पहिले म पूजा गरी हालूँ, अनि तँलाई मन्त्र सुनाउँला। ल एकछिन बस।"

यति भन्दै पण्डितजीले उसबाट फूल लिए र पूजा गर्न भनी गए। पूजा सकी आउँदै उनले भने—"ल बस।"

उसलाई बसालेर जल यताउति छर्कंदै पण्डितजीले उसलाई कानमा भने—"आइज बोका खाइ दे पाती, आइज बोका खाइ दे पाती।"

यो मन्त्र फुकेपछि उनले भने—"यस मन्त्रलाई एघारपल्ट जपेस्, भगवान खुसी हुनुभयो भने तेरो मनोकामना पूरा हुनेछ। मन्त्र जप्दा फूलका ठाउँमा पातहरू राखेस् नि। बुझिस्!"

'तर हजुरहरू त संस्कृतको मन्त्र जपीबक्सन्छ। मलाई पनि संस्कृतकै...!'


मालीले पूरा कुरा टुङ्ग्याउन नपाउँदै पण्डितजीले बीच्चैमा भने—"संस्कृतका शब्दहरूको उच्चारण गर्न तँलाई गार्‍हो पर्छ भनेर मैले यो सजिलो मन्त्र सुनाएको। बुझिस्! यही मन्त्र जप्ने गर्, भगवानको कृपा भो भने निश्चय नै तेरो उद्धार हुनेछ।"

सोझो माली पण्डितजीलाई मिठाई, दक्षिणा आदि चढाएर घर फर्क्यो र पण्डितजीले भन्नुभएअनुसार सधैँ नुहाईवरि पातको थुप्रो अगाडि राखी 'आइज बोका खाइ दे पाती'

भन्दै आँखा चिम्ली मन्त्र जप्न थाल्यो। बेलाबेलामा उ आँखा चिम्लने र खोल्ने पनि गर्दथ्यो ।

एक दिन भगवान महादेवले पृथ्वीलोकको विचरण गर्दा मालीलाई मन्त्र जप्दै, 'आइज बोका खाइ दे पाती' भनेको सुन्नुभयो। उहाँलाई उसको यो पूजा देख्दा अचम्म लाग्यो। उहाँले पनि बोकाको रूप धारण गरी जम्मै पात खाइ दिनुभयो। मालीले मन्त्र सकेर आँखा खोल्दछ त पातहरू नदारद।

भगवानले उसको कुरा सुनी दिनुभएकोमा माली सान्है खुसी भयो। अब उ झन उत्साहले पूजापाठ गर्न थाल्यो। अर्को दिन त उसले मन्त्र जप्दा बोको आएर पातहरू खाइरहेको देख्यो।



उसको खुसीको ठेकान रहेन। उ पूजा सक्नेबित्तिकै दगुर्दै पण्डितजी कहाँ पुग्यो र सबै कुरा पण्डितजीलाई बेलीबिस्तारले बतायो। पण्डितजीलाई उसको कुरामा पत्यार लागेन, कारण उनले यस्तो कुनै मन्त्र नै सुनाएका थिएनन्, जसबाट भगवान मालीमाथि प्रसन्न हुन्। तैपनि उनले भने–''देखिस् मेरो मन्त्रको चमत्कार। अब यसो गर् भोलि बोकोले पात खाइरहेको बेलामा उसको खुट्टा समातेस् र भगवानले वरदान माग्न नभनुन्जेल खुट्टा नछाडेस्।''

''हस्'' भन्दै माली त्यहाँबाट हिँड्यो।

पण्डितजीले पनि सोचे–''हेर्नुपर्‍यो, यो चमत्कार। बरु मालीले बोकाको खुट्टा समात्दा म पनि खुट्टा समात्ने छु। केही वरदान त म पनि पाईहाल्छु कि।''

भोलिपल्ट एकाबिहानै पण्डितजी नुहाईवरि मालीछेउ पुगे। माली पूजा गर्न निस्कनै आँटेको थियो। पण्डितजीले भने–''म पनि हेर्नेछु यो चमत्कार। तैंले चोखो मनले मन्त्र जपेको हुनाले भगवानको दर्शन पाइस्। म पनि भगवानको दर्शन गरूँ, तर म बोटमा लुकेर बस्नेछु। तँ आफ्नो जप गरीराखेस्।''

मालीले आफू अगिल्तिर पातको थुप्रो राख्यो र धूप बाली मन्त्र जप्न थाल्यो–''आइज् बोका, खाइ दे पाती, आइज् बोका खाइ दे पाती, आइज् बोका... ।''

र बोको आइ पुग्यो। उसले पात के खान थालेको थियो, मालीले खुट्टा समाती हाल्यो। पण्डितजी पनि दगुर्दै आए। तर पण्डितजीले बोकाको खुट्टा समाउनुभन्दा पहिले नै बोको माथि अकासलोकतर्फ उड्न थाल्यो। पण्डितजीले मालीको खुट्टा नै समात्न सके। 'जे भए पनि स्वर्गलोक त जान पाइयो। त्यहाँ त आनन्दले बस्न पाइएला र पेटभरि मीठा-मीठा कुरा खान पाइएला' भन्दै पण्डितजीले पेटलाई हातले के सुमसुमाएका थिए, उनको अर्को हात फुस्क्यो र उनी भइँमा पछारिए। यसरी उनको जीवन-लीला समाप्त भयो।

उता बोकाको रूप धारण गर्नुभएका भगवान महादेव मालीका साथ कैलाश पर्वतमा ओर्लनुभयो र प्रत्यक्षरूपमा प्रकट हुँदै उहाँले मालीसित सोध्नुभयो–''ल भन। तँ के चाहन्छस्।''

मालीले भगवान महादेवको दर्शन पाएकोमा आफ्नो जीवन धन्य भएको बताउँदै भन्यो–''आज्ञा हुन्छ भने प्रभु म यहाँ नै बसेर हजुरको सेवा गरी राख्न पाउँ।''

भगवान महादेवले भन्नुभयो–''कैलाश पर्वतको हावा-पानी मानवजातिका लागि अनुकूल नरहेकाले तँ तल भूलोकमा नै बसेर आफ्नो वरिपरि राम्रो बगैंचा बना। म त्यहाँ फूलहरू हेर्न आईराख्नेछु। तँ चोखो मनको मानिस रहेछस्, जीवनमा तैंले कहिल्यै अभाव अनुभव गर्नुपर्ने छैन। तर लोभी नबनेस्।'' यति भनी महादेवले उसलाई पृथ्वीलोकतर्फ जाने बाटो बताई दिनुभयो। माली भगवान महादेवको स्वरूप र उपदेशलाई सम्झँदै ओर्लन थाल्यो।

# जलशायी नारायण

परापूर्वकालको कुरा हो। कान्तिपुरी नगरीको उत्तरी भागमा हरिदत्त नाउँका एकजना प्रतापी राजाको राज्य थियो। साह्रै दयालु र न्यायप्रिय भएकाले उनका प्रजा उनीसित असाध्यै खुसी थिए। उनीहरू सम्पन्न पनि थिए। उक्त राज्य पहाडी क्षेत्रमा भएको र खेतहरू पनि पहाडका छेउसम्म फैलेकाले ती खेतहरूमा धान, कोदो आदिका बाली सधैं लहलहाइरहेका हुन्थे।

एक दिनको कुरा हो। कार्तिक पूर्णिमाको दिन थियो। किसानहरू धानका बाली काट्न लागेका थिए। सबै किसान आआफ्ना बालीहरू काट्तै त्यसको भार बनाइरहेका थिए। कोही



तिनलाई आफ्ना घरमा ओसारीरहेका थिए। यौटा किसानले चाहिँ काटेको बालीलाई खाली भएको खेतमा नै बार लगाएर थुपार्न थाल्यो। जम्मै बाली काटीसकिएपछि उसले बोटबाट अन्न छुट्याउनका लागि बोटलाई यौटा ढुङ्गामा झाँट्न थाल्यो। यसरी ढुङ्गामा झाँट्दा धानका बोटहरूबाट अन्न झर्न थाले, तर ती धानका काटिएका बोटहरूलाई ऊ जति झाँट्दथ्यो तिनबाट त्यति नै बढी दानाहरू झर्दथे र बोटमा पुनः त्यति नै दानाहरू भरिन्थे। किसानले सुरुमा त यो चाल नै पाएन तर जब ऊ बोटको मुठो झाँट्दाझाँट्दा थाक्यो र मुठोबाट अन्न घट्ने कुनै लक्षण देखेन त हैरान भयो। उसमा अन्न झार्नका लागि बोटलाई चुट्ने हिम्मत र ताकत पनि रहेन। अनि उसले आफ्नी पत्नीलाई धान कुर्नका लागि बसालेर राजाको दरबारको बाटो समात्यो।

उसले राजामा सबै कुरा जाहेर गऱ्यो। किसानको कुरा सुन्दा राजासमेत विस्मित भए र उनी पनि त्यस दृश्यलाई हेर्न भनी आफ्ना लावालस्करका साथ त्यहाँ पुगे। किसानको कुरा सही ठहरिएकोमा उनी पनि चकित भए। अन्न र बालीको रक्षा गर्नका लागि उनले रात भरिका निमित्त आफ्ना सैनिकहरूलाई त्यहाँ तैनात गरे र दरबार फर्के।

दरबार फर्कनासाथ उनले आफ्ना सलाहकार तथा राजगुरू एवम् ज्योतिषिहरूको सभा डाके र यस विषयमा सरसल्लाह गर्न थाले।

कसैको कुराबाट पनि उनको चित्त बुझीरहेको थिएन। अनि राति जब उनी पूजाकोठामा पूजा गर्न बसे त उनले आफ्नो ईष्टदेवी मनमैज्यूको आह्वान गरे। यस घटनाले उनलाई यत्ति विचलित पारको थियो कि ईष्टदेवीको दर्शन नपाउन्जेल उनले पूजाकक्षमा बसी उनको आह्वान गरी राखे। ईष्टदेवी मनमैज्यू राजाको आह्वानबाट प्रभावित भई प्रकट भइन् र उनले यसरी आह्वान गरिनाको कारण सोधिन्। राजाले जम्मै कुराहरू बताउँदै यस्तो असाधारण घटनाको कारण थाहा पाउने जिज्ञासा प्रकट गरे। ईष्टदेवीले राजालाई भनिन्—"राजन्! यो पौराणिकयुगको त्यति बेलाको घटना हो जब समुद्रमन्थन हुँदै थियो। समुद्रमन्थनबाट निस्केको हलाहल (विष)-लाई जब भगवान महादेवले खानुभयो त त्यसको दुष्प्रभावले गर्दा उहाँको घाँटीमा ठूलो वेदना हुन थाल्यो र उहाँ वेदनाले छटपटाउँदै शतरूद्रा नाउँको पर्वततिर घुम्न जानुभयो। अनि आफ्नो असह्य वेदनालाई बिर्सनका लागि यौटा ढुङ्गातिर हेर्दै त्यसमा चतुर्भुज नारायण भगवान विष्णुको स्वरूपको कल्पना गर्न थाल्नुभयो। त्यस कल्पनामा उहाँ यति तल्लीन हुनुभयो कि उहाँले आफ्नो वेदना बिर्सनुभयो। तर त्यो वास्तवमा नै चतुर्भुज नारायणको मूर्ति रहेको कुराको उहाँलाई होस नै भएन। विषको दुष्प्रभावले गर्दा पनि उहाँको दृष्टिमा असर परेको थियो तर चतुर्भुज नारायण भगवान विष्णुको कल्पनाले उहाँलाई राहत मिलेपछि भगवान महादेव त्यहाँबाट अगाडितर्फ प्रस्थान हुनुभयो। यता शतरुद्रा पर्वतमा

पहिरो जाँदा चट्टानहरू धस्केर मूर्ति पुरियो। त्यो स्थल लक्ष्मीजीको वासस्थल भएकोले नै यस्तो अपूर्व घटना घटेको हो।''

''अनि यसको अब के उपाय छ त?'' भनी राजाले ईष्टदेवीसित प्रश्न गर्दा ईष्टदेवी मनमैज्यूले भनिन्—''राजन्! यस ठाउँलाई सफा गराएर ढुङ्गाहरूलाई हटाउन लगाई त्यहाँ चतुर्भुज नारायणको मन्दिर बनाई दिने काम गरियोस्। यति भएमा समस्याको समाधान त निस्कने नै छ कालान्तरमा यो पुण्यस्थलसमेत बन्न सक्तछ।''

यति भनेर ईष्टदेवी मनमैज्यू विलीन भइन्। राजाले भोलिपल्ट नै त्यस स्थलबाट बाली र पहिरोका ढुङ्गा, माटो आदिका अवशेषहरूलाई हटाउने आदेश दिए। तर यी वस्तुहरूलाई हटाउने र भइँ खन्ने प्रक्रियामा अर्को घटना भयो।

भइँ खन्दा एक ठाउँबाट रगत बग्न थाल्यो। काम गर्ने मजदूरहरूसमेत कुनै अनिष्टकारी घटनाको आशङ्काबाट चिन्ता गर्न थाले। राजा पनि भयभीत र आश्चर्यचकित भए। उनी पुनः आफ्नी इष्टदेवीलाई स्मरण गर्न तथा चतुर्भुज नारायण भगवान विष्णुसित क्षमा याचना गर्न थाले। केही बेरपछि नै मानिसहरूको नजर चतुर्भुज नारायणको विशाल मूर्तिमाथि पऱ्यो। अनि सबैले त्यसलाई धोएर भक्तिभावका साथ बाहिर निकाले र त्यसको स्तुति गर्न लागे।

त्यतिबेला नै आकाशवाणी भयो—''हे राजन्! यस ठाउँमा एउटा पोखरी खन्न लगाउ र यस मूर्तिलाई त्यस पोखरीको पानीमा सुताएर स्थापित गर। तिम्रो र तिम्रा प्रजाको कल्याण हुनेछ।''

आकाशवाणी सुनेपछि राजाले निर्देशानुसार नै मूर्तिको चारैपट्टि खनेर पोखरीको निर्माण गराए र चतुर्भुज नारायणलाई जलशैय्यामा स्थापित गरियो। त्यसपछि राजा हरिदत्त चतुर्भुज नारायणको पूजा तथा भक्तिमा आफ्नो जीवन बिताउन थाले।

जलशायी चतुर्भुज नारायणको यो पावन मूर्ति आज पनि काठमाडौं नगरदेखि लगभग 9 कि.मी. उत्तरमा बूढानिलकण्ठ मन्दिरमा विद्यमान छ र अनेक तीर्थयात्रीहरूको भक्ति-अराधनाको केन्द्र बनेको छ। यसको भव्य मूर्तिलाई हेरेर तीर्थयात्रीहरू आश्चर्यचकित र भक्तिभावले नतमस्तक हुन्छन्।

यस तीर्थस्थलसित एक अर्को पौराणिक कथा पनि सम्बद्ध छ।

कान्तिपुर नगरका राजा प्रताप मल्ल भगवान विष्णुका अनन्य भक्त थिए। यसो हुँदा उनले आफ्नो दरबारभित्र नै बूढानिलकण्ठको जलशायी विष्णुको जस्तै मूर्ति स्थापित गर्ने इच्छा प्रकट गरे जसले गर्दा उनले त्यति लामो यात्रामा निस्केर समय खेर नफाल्नु परोस्। उनी महलको पोखरीमा बूढानिलकण्ठको जलाशयबाट जलको प्रवाह गराउन र यसका लागि एउटा नहर बनाउन चाहन्थे। तर नहर बनाउँदा रानीवनदेखि तल पानीको प्रवाह हुन सकेन।

महलसम्म पानी ल्याउने सबै कोसिस असफल भयो। अनि हुँदा राजा उपवास गर्दै चतुर्भुज नारायणको आराधना गर्न थाले। तेस्रो दिन राति उनले सपना देखे। सपनामा उनले सुने—"राजन्...। हामी तिम्रो भक्तिबाट प्रसन्न छौँ। तिमीले चतुर्भुज नारायणका लागि बनाइ राखेका पोखरीमा पानी पुग्नेछ तर यसपछि तिमीले आफ्नो महलको मूर्तिकै पूजा गर्नु। म (बूढानिलकण्ठको मूर्ति) नजिक तिमीले अबउप्रान्त आउनु पर्दैन। आयौ भने मेरो प्रभाव (तेज) बाट तिमी प्रतापहीन (निष्प्रभ) हुनेछौ र तिम्रो अनिष्ट हुनेछ। किनभने राजामा हाम्रो अंश विद्यमान हुन्छ।"

राजा प्रतापमल्ल जब ब्यूँझे त उनले आफ्नो महलको पोखरीमा पानी भरिएको र मूर्तिलाई जलशायी भएको पाए। त्यतिबेलादेखि नेपालका राजाले बूढानिलकण्ठको प्राचीन मूल मूर्तिको दर्शन गर्ने परम्परा छैन र यो परम्परा आजसम्म जारी छ, किनभने राजा भगवान विष्णुका अवतार मानिन्छन्।*

---

* यो एउटा पौराणिक कथा हो। यसको यथार्थ स्वरूप र मान्यता आज पनि विद्यमान रहेको हुँदा यसलाई काल्पनिक कथा भन्न मिल्दैन।

# राजकुमारी पद्मा

एकादेशमा एकजना राजा थिए। नाउँ थियो-पद्मसेन। उनी न्यायप्रिय थिए, राज्यमा सुखशान्ति र चयनको वातावरण थियो।

तर छिमेकी मुलुकका राजा बीरबाहु भने बडो उत्पाते स्वभावको र महत्वाकाङ्क्षी थिए। आफ्नो राज्यको विस्तार गर्ने चाहनाले उनलाई सताई राख्दथ्यो। एक दिन उनले आफ्नो इच्छा मन्त्रीलाई जनाए। मन्त्री बुद्धिमान थिए र राजाको बानीलाई बुझ्दथे। भने–"प्रभु। लडाइँमा हारजीत साधारण कुरो हो। हजुर शक्तिशाली होईबक्सेकोले लडाइँमा जीत त निश्चित छ। तर विचार गरीबक्स्योस् त लडाइँ हुँदा हाम्रा पनि सैनिकहरु मर्ने छन्। सैनिकहरु मर्दा तिनीहरूका जहान-परिवार अनाथ हुनेछन्, छोराछोरी टुहुरा हुनेछन्। ईश्वरको कृपाले हजुरलाई कुनै कुराको कमी छैन। फेरि यो विनाश किन? अचेलको युगमा लडाइँ सही कुरो होईन। बरू हामी जनताका पीरमर्काहरू मेटाउने कुरापट्टि ध्यान दिउँ।"

"उसो भए तिमी लडाइँको पक्षमा छैनौ"–राजाले सोधे।

मन्त्री अकमकाए। भन्न थाले–"म लडाइँको विरोधमा होईन प्रभु, हिंसा र रक्तपातको विरोधमा छु। हाम्रा सैनिकका बालबच्चाहरू अनाथ नहुन् भन्ने चाहन्छु। फेरि पद्मसेनबाट हामीलाई जब कुनै खतरा नै छैन भने हामीले उसलाई किन उकसाउने?"

"हुँ!" राजाले हुँकार गर्दै सोधे–"अनि?" "बरू सर्कार हामी उनका सल्लाहकार एवम् मन्त्रीहरूका बुद्धिको परीक्षा गरौँ। हरेक राजाले आफ्ना मन्त्री र सल्लाहकारहरूसित सल्लाह लिने गर्दछन् र उनीहरूका सल्लाहकारहरूको रायबमोजिम नै राजाले काम गर्ने गर्दछन्। यस बुद्धिपरीक्षाबाट दुईवटा कुरा साबेत हुनेछ प्रभु। एक त मन्त्रीहरू कस्ता रहेछन् त्यो बुझिन्छ, अनि अर्को कुरा, पद्मसेन लडाइँ चाहँदा रहेछन् कि रहेनछन् भन्ने कुरा पनि प्रष्ट हुन्छ।"–मन्त्रीले भने।

राजा बीरबाहुलाई मन्त्रीका कुरा मन परे। उनले भने–"ल त ती मन्त्रीहरूको बुद्धिपरीक्षाको व्यवस्था गर।"

राजाको निर्देश पाएर मन्त्रीले त्यसै गरे। एक दिन दरबारमा उनले एउटा छडी प्रस्तुत गर्दै भने–"प्रभु, यसमाथि निगाहा होस्। यसको फेद र टुप्पाको निक्यौंल गर्न लगाईबक्स्योस् प्रभु।"

राजाले दरबारमा उपस्थित सल्लाहकार एवम् भाईभारादारहरूलाई छडीको फेद र टुप्पो

छुट्याउन भने। कसैलाई यसमा सफलता प्राप्त भएन्। अन्तमा उक्त छडी राजा पद्मसेनकहाँ पठाउने निर्णय गरियो। साथमा एउटा चिट्ठी पनि नत्थी गरियो। लेखिएको थियो—''एउटा कालीगढले यो अचम्मको लट्ठी बनाएर ल्याएको छ। कुन फेद र टुप्पा हो, त्यो छुट्याउन भन्दैछ। हामीबाट यो हुन नसकेकोले हजुरको सहयोगको आशा राख्दै लट्ठी पठाईरहेकाछौं। यसको निर्णय गरी खबरबक्से हामी खुसी हुनेछौं नत्र हजुरको कारबाहीलाई असहयोग ठान्नेछौं। यस स्थितिमा लडाइँका लागि हजुरले तयार हुनुपर्‍यो। हामी दुई दिनभित्र हजुरको निर्णय चाहन्छौं।''

बीरबाहुको पत्र पढेर पद्मसेन असमञ्जसमा परे। उनले मन्त्रीहरूलाई छडीको फेद र टुप्पो पत्ता लाउने निर्देश दिए। कसैले नसक्दा उनले सल्लाहकारहरूलाई भने। सल्लाहकारहरूले पनि सकेनन्। राजा चिन्तित देखा पर्न थाले। दोस्रो दिन पनि आधा-आधी बितीसकेको थियो। ''भोलि बीरबाहुलाई अनुकूल सन्देश पठाउन सकिएन भने, उसले कति बेला हमला गर्ने हो?'' भन्ने कुराले पद्मसेनलाई सताउन थाल्यो।

''भुजा ज्यूनार गर्ने बेला भयो सर्कार'' भन्दै भित्रबाट खबासले खबर ल्यायो। राजले सभा भङ्ग गरे र अनिच्छापूर्वक भुजा खान दरबारमा पस्दा छोरी पद्माले पिताज्यूको अनुहार मलिन देखिन् र सोधिन्—''आज हजुरलाई कुन कुराले पिरोल्दैछ पिताज्यू। हुकुम भए मबाट केही हुनसक्छ कि?''

राजा पद्मसेनले छोरीलाई सबै कुरा बताए। छोरीले हाँस्दै भनिन्—'हजुर भुजा ज्यूनार गरीबक्स्योस्। तबसम्म म फेद र टुप्पा पत्ता लगाई छाड्छु।'

छोरीको बुद्धिमत्ताबाट राजा पद्मसेन प्रभावित नभएका होईनन्। 'ल त हेरौं, तँ कत्ति बुद्धिमान रहिछस्' भन्दै उनी भुजा ग्रहण गए।

राजा भुजा ज्यूनार गरी आउन्जेलसम्म राजकुमारी पद्माले छडीको फेद र टुप्पा पत्ता लगाईन् र राजामा बिन्ति जाहेर गर्दै भनिन्—''नजर होस् पिताज्यू, पानीभित्र डुबेको भाग चाहिँ फेद हो र नडुबेको चाहिँ टुप्पा हो।''

राजाले चैनको सास फेरे र भोलिपल्ट उनले राजा बीरबाहुकहाँ फेद र टुप्पाको निक्यौंल भएको सूचना छडीसहित पठाई दिए। तर यो सन्देश पाएर बीरबाहुका मन्त्रीहरू हैरान भए र भने—''प्रभु! यति बुद्धिमान मन्त्री हुने राजासित लडाइँ गर्नु बुद्धिमानी होईन्। बरू हामी उनीलाई यस्तै बुद्धिपरीक्षाद्वारा हैरान पारीराख्न सक्तछौं।''

''कसरी?'' राजाले सोधे। मन्त्रीले भने—'हुकुम हुन्छ भने प्रभु म गर्दछु नि इन्तिजाम।'

राजा बीरबाहुले सहमति जनाएपछि मन्त्री आफ्नो योजनामा पुनः लीन भए। उनले पिँजडाभित्र एउटा गजबको चरा राखी ल्याए र भने—''प्रभु! अब यो चरा हामी राजा

पद्मसेनकहाँ पठाउँ र भनौं—'पिंजडा नभत्काइकन चरालाई छोडियोस्। र दुइदिनभित्र खाली पिंजडा फर्काइयोस्। नत्र...'' आदि।

केही दिनपछि राजा बीरबाहुबाट फेरि यस किसिमको धम्की पाउँदा राजा पद्मसेन पुनः अन्योलमा परे। उनले सभासदसित यसको उपाय सोधे। तर कोही सफल भएनन्। आफ्ना पितालाई एकपल्ट फेरि चिन्तित देख्दा राजकुमारी पद्माले सोधिन्—''आज फेरि हजुरको अनुहार फेरि मलिन् देख्दैछु पिताज्यू, के कारण हो?''

राजा पद्मसेनले पद्मालाई सबै कुरा बताए। पद्माले भनिन्—''एकपल्ट म पनि त हेरूँ त्यस चरोलाई।''

चरालाई बैठकबाट ल्याइयो। राजकुमारी पद्माले चरोलाई पिंजडा घुमाउँदै चारैपट्टिबाट हेरिन् र हाँस्दै भनिन्—''म यस चरोलाई पिंजडा नभत्काइ उडाई दिन्छु। हुकुम होस्-मलाई के इनामबक्सने छ?''

''सुन्दर राजकुमारसित तेरो विवाह गराई दिनेछु।''—राजाले हाँस्तै भने।

''नाइँ! मलाई मन्त्री बनाइबक्सन्छ भने मात्तै एकछिनमा म यो काम गरी दिनेछु। आखिर हजुरका मन्त्रीहरूले नसकेका काम म गर्दैछु।''—पद्माले भनिन्।

''हुन्छ।''—राजाले सहमति जनाए।

राजकुमारी पद्माले भनिन्—''यंस चरोलाई आगो चाहिएको छ। आगो बालियोस्।''

राजकुमारी पद्माको आदेशानुसार बगैंचामा आगो बालियो र आगोको मुस्लोमाथि पिंजडालाई झुण्डाइयो। मैनले बनेको चरा पग्लेर एकछिनमा नै विलिन भयो। राजकुमारी पद्माका अगाडि मन्त्री एवम् सल्लाहकारहरू पनि लाजले भुतुक्क भए तर राजाको अनुहार भने उज्यालो भएर आयो। उनले घोषणा गरे—''आजदेखि राजकुमारी पद्मा हाम्रो बैठकमा बस्ने छिन् र हामीलाई राजकाजमा सल्लाह दिने छिन्।'' राजाको यस घोषणाबाट सबैले खुसी मनाए।

राजा बीरबाहुसमक्ष खाली पिंजडा फकाईयो। तर मन्त्रीको चित्त अझै बुझेन। उनी आफ्नो बुद्धिको प्रयोग गर्न तम्सी राखे र राजामा बिन्ती जाहेर गर्दै भने—''प्रभु! अब राजा पद्मसेनकहाँ माटोका यी तीनोटा मान्छेका टाउकाहरू पठाउँ।' बीरबाहु त चैनले बस्ने राजा थिएनन्। पद्मसेनलाई यसरी नै भएपनि चिन्तामा पारीराख्न पाउँदा उनीलाई खुसी लाग्दैथियो। उनले 'हुन्छ' भन्दा मन्त्रीले एउटा पत्र तयार पारे। लेखिएको थियो—'यी टाउकाहरू तीन किसिमका मान्छेहरूका हुन्, यिनका मोल गरी पठाइबक्सेला। नत्र...आदि।'

यसपाली राजा पद्मसेन एउटै रङ्ग र उत्तिकै तौलका तीनवटा टाउकाहरूलाई देख्दा जिल्ल परे। कुनै टाउकोमा कुनै फरक देखिँदैनथ्यो। उनी बडो अपठ्यारोमा परे। 'अब

यिनको मूल्यांकन कसरी गर्ने?' भन्दै राजाले ती टाउकाहरूलाई सभामा राखे। यसपल्ट पनि कसैले टुङ्गो लाउन सकेन्। वरिष्ठ मन्त्रीले भने–'मानिसको मोल उसको बुद्धिअनुसार लगाइन्छ। माटाका यी टाउकाहरूमा के बुद्धि छन् र यिनको मोल लाउने?'

अर्कोले भने–'यी माटाका खेलौना हुन्। यिनको मूल्याङ्कन सरकारले खेलौनासरह गरे हुन्छ।'

सबै सभासदहरूले आआफ्ना किसिमको सल्लाह दिए। सबैका कुरा सुनेपछि राजकुमारी पद्माले एउटा मोटो सिन्का ल्याउने आदेश दिईन्। सिन्का आएपछि उनले सिन्का एउटाको कानभित्र छिराइन। सिन्का अर्को कानबाट निस्क्यो।

राजकुमारीले 'यस टाउकोको मूल्य तीन कौडी पनि छैन' भन्ने निर्णय सुनाईन्। त्यसपछि उनले त्यस सिन्कालाई अर्को टाउकोको कानमा हालिन्। सिन्का उसको मुखबाट निस्क्यो। उनले, 'यसको मूल्य एक सय असर्फी हुन्छ' भन्ने निर्णय सुनाईन्। त्यसपछि उनले सिन्कालाई तेस्रो टाउकोको कानभित्र छिराईन्। सिन्का त्यसको घाँटीबाट निस्क्यो। राजकुमारीले 'यसको मोल एक लाख असर्फी हुन्छ' भन्ने निर्णय सुनाईन्। राजकुमारीका यस्ता कुरा सुनी सबै



सभासद तीनछक्क परे। राजा पद्मसेनले पनि हैरान हुँदै सोधे–''तिमीले यी टाउकाहरूका मूल्याङ्कन कुन आधारमा गऱ्यौ राजकुमारी? हामी पनि त बुझौं।''

राजकुमारी पद्मावतीले भनिन्–'महाराज, पहिलो टाउकोले एउटा कानले सुनेको कुरालाई अर्को कानले उडाइदियो। अर्थात् यसले कुनै कामलाई गंभीरताका साथ लिँदैन र यसो हुँदा कुनै काम फत्ते गर्न सक्तैन। दोस्रो टाउकोले सुनेको कुरामा ध्यान त दिन्छ तर अरूलाई सुनाइहाल्छ र काम अपूरोपार्छ। तेस्रोले चाहिँ सुनेको कुरालाई कसैलाई नभनी मनमा राखी छाड्छ र आफ्नो सबै काम फत्ते गर्छ। यसै हुँदा तेस्रोको मोल अन्य दुई टाउकाभन्दा बढी ठहरिन्छ।'

राजकुमारीको निर्णय गर्ने शक्ति र क्षमताको सबैले तारिफ गरे। राजकुमारीले भनिन्–'महाराज! बीरबाहुले हामीलाई लडाइँको धम्की दिएर नचाहिँदा कुरामा अलमलाई राखेको छ। अब हामी उसलाई जवाफ पठाउँदा एउटा कुरा के पनि लेखौं भने–'हजुरबाट हाम्रो बुद्धिपरीक्षाको निहुँमा तीनपल्ट लडाइँको धम्की पाइसक्यौं। हामीले यसबीच लडाइँको तयारी गरीसक्यौं, हजुरलाई लडाइँको सोख छ भने खबर पाउँ, नत्र दुई मित्र-राष्ट्रसरह सुखचैनले बसौं।'

राजा पद्मसेनले राजकुमारी पद्माले भनेसरहको चिट्ठी राजा बीरबाहुलाई पठाए। पत्र पाएर राजा बीरबाहु पहिले त युद्धका लागि तयार भए तर मन्त्रीले भने–'प्रभु, जुन राज्यका मन्त्री यत्ति तेज बुद्धिका हुन्छन् तिनलाई सितिमित्ति हराउन सकिँदैन। लडाइँको विचार त्यागीबक्स्योस्। बरू राजा पद्मसेनसित मितेरी गाँसीबक्स्योस् र आफू पनि चयनले राज गरीबक्स्योस् अनि उनलाई पनि चयनले राज गर्न दिबक्स्योस्। उनले हाम्रो केही बिगार गरेका छैनन्।'


मन्त्रीको कुरा राजा बीरबाहुलाई मन पऱ्यो। उनले राजा पद्मसेनकहाँ मित्रताको सन्देश पठाए। जहिलेपनि लडाइँका लागि तम्सीराख्ने राजाले शान्तिको बाटो अपनाएको देख्दा मन्त्री अति प्रसन्न भए।

उता पद्मसेन राजकुमारी पद्माको कुराले गर्दा सङ्कट टरेकोमा खुसी मात्र भएनन्, उनले पद्मालाई मन्त्रीको रूपमा दरबारमा विधिवत् पदासीन पनि गराए। सबैले करतल ध्वनि गरी हर्ष मनाए।

# ठूलो को?

राजा चन्द्रकेतुकी यौटै छोरी थिइन्। नाउँ थियो—पद्मावती। यौवनावस्थामा पुगेपछि उनको विवाहको तयारी हुन लाग्यो। तर पद्मावतीको इच्छा थियो—हात्तीद्वारा वरको चयन, अर्थात् हात्तीले जसलाई माला लगाइ देला उनले उसैलाई वरको रूपमा स्वीकार गर्ने छिन्। आफ्नो एकमात्र सन्तान भएको हुँदा राजा चन्द्रकेतुले छोरीको इच्छा पूरा गर्न बाध्य हुनु पर्‍यो।

राजज्योतिषद्वारा निकालिएको साइतमा स्वयंवर-सभाको घोषणा गरियो। यस सभामा उपस्थित हुनका लागि नगरभरिका सम्पूर्ण जनतालाई राजाको आदेश भयो। भावी वरहरू एक से एक पोसाकमा ठाँटिएर आउन थाले।



शुभ मुहूर्त्तमा हात्तीलाई जयमाला दिइयो। हात्ती सुँडमा माला उठाउँदै यताउति घुम्न थाल्यो। भावी वरहरूको गर्धन हात्ती नजिक आउँदा त्यसको सुँडतर्फ लम्बिन थाल्यो तर हात्तीले उपस्थित भावी वरहरूलाई माला लगाएन। राजा हात्तीको यस कारबाहीबाट खिन्न भए। पद्मावतीसित कुरा गरी उनलाई सम्झाउने-बुझाउने कोसिस गरियो। पद्मावतीले भनिन्—"हुन सक्छ, मेरो नियतिमा भएको युवक अहिले आइपुगेको छैन। हामी अर्को दिनका लागि यस सभालाई सारौँ। हात्तीले माला लाउने मानिसलाई नै म पतिको रूपमा स्वीकार गर्नेछु। नत्र म बिहे गर्ने छैन।"

राजाले मन्त्रीसित सल्लाह गरे। मन्त्रीले भने—"सरकार, मेरो दृष्टिमा यौटा मानिस अहिले आएको छैन। राजढुकुटीको चोरीको अभियोगमा सजाय पाइ अपाङ्ग भएकोले उसले आउने इच्छा गरेन। रिसानी माफ भई हुकुम हुन्छ भने उसलाई ल्याउँ कि?" राजा सोचमा परे र गम्भीर भई भने—"उसलाई पनि उपस्थित गराई हेर। स्वयंवर-सभाको बारम्बार आयोजना पनि त गर्नु भएन।"

राजाज्ञाअनुसार अपाङ्ग युवकलाई ल्याइयो। उसलाई सभामा वसालिँदा मानिसहरू हाँस्न थाले। हात्तीलाई फेरि छाडियो।

हात्ती फेरि सुँडमा जयमाला उठाउँदै घुम्न थाल्यो र यताउति घुम्दै हातपाउँ काटिएको त्यस अपाङ्ग व्यक्तिनिर गयो र उसको शिरमा जयमाला हाली दियो।

यस घटनाबाट राजाको अनुहार रिसले रातो भयो। उनले "हात्ती वहुलायो, यसलाई मार्न लगाउ" भन्ने आदेश दिए। "राजढुकुटी चोरेको आरोपमा सजाय पाई अपाङ्ग भएको मानिसलाई ज्वाइँको रूपमा स्वीकार गर्न राजालाई गाह्रो भयो। तर पद्मावती पनि आफ्नो कुरामा अडिग रहिन् र भन्न थालिन्-"मेरो नियतिमा डुँडो व्यक्ति नै लेखिएको रहेछ भने यसलाई कसैले टार्न सक्तैन। देवी सती र पार्वतीले पनि त भस्मधारी, अर्द्धनग्न, सर्पधारी र नरमुण्डमालाधारी महादेवसित विवाह गरिन भने मैले यी व्यक्तिसित विवाह गर्न किन नमिल्ने? अनि, मेरो विवाहपछि यिनी डुँडो भैदिएका भए। म आफ्नो भाग्यको लेखा सहन तयार छु। भाग्यको भरमा जीवन विताउन चाहन्छु।"

क्रुद्ध राजाले पुनः छोरीको कुरा टार्न सकेनन् र पद्मावतीको विवाह उनकै इच्छाअनुसार त्यस अपाङ्ग व्यक्तिसित सम्पन्न गराइयो। तर राजाले पद्मावतीका लागि कुनै विशाल भवन वा दरबार बनाउन नलगाई यौटा झुप्रो बनाउन लगाए र दैनिक आवश्यकताका मालसामान एवम् अन्य मालामत्ता दिएर बिदाबारी गरे।

राजकुमारी पद्मावती पनि पतिव्रता पत्नीसरह आफ्ना पति रतिजङ्गलाई परमेश्वर ठानी

तीनैजना आइमाईहरूले भने—"वास्तवमा हामी स्वर्गलोकबाट आएका। त्यहाँ न्याय पाउन नसक्ता यस मृत्युलोकमा ओर्लेका हौँ यहाँ त उचित फैसला हुन्छ कि भनेर। तर यहाँ सबैतिर चर्हादा पनि कतै हाम्रो विवादको फैसला हुन सकेन र तपाईंहरू नजिक आएका।"

पद्मावतीले उनीहरूको विवादका सम्बन्धमा सोध्दा उनीहरूमध्ये एउटीले भनी—"वास्तवमा हामी लक्ष्मी, सरस्वती र दशा हौँ। हामी तीन देवीहरूमध्ये 'ठूलो को' भन्ने कुरामा विवाद उठ्यो। ऊ भन्ने म ठूली हुँ, ऊ भन्ने म ठूली हुँ र म भन्ने म ठूली हुँ। तर हामी तीनजनामध्ये सबैभन्दा ठूलो को हो, यो ठिम्याउनका लागि हामीले सारा ठाउँ चहार्‍यौँ तर हाम्रो विवाद भने सुल्झिएन। यताबाट जान लाग्दा तपाईंको घर देखेर पसेका। फैसला गरी दिनुभएमा हामी आजीवन ऋणी रही तपाईंको गुन बिर्सने छैनौँ।"

पद्मावतीले उनीहरूको परिचय पाई उनीहरूलाई नमस्कार गरिन् र भन्न थालिन्—"एकछिन यस आसनमा बस्नोस्। मेरा श्रीमान भित्र कोठामा हुनुहुन्छ। म गएर उहाँमा बिन्ती चढाउँछु।"

यति भनी पद्मावतीले कोठाभित्र पसी पतिलाई सबै कुरा बताईन। रतिजङ्गले "हुन्छ, भित्र ल्याउ" भने। अनि उनले ती देवीहरूलाई कोठाभित्र लगिन्।

रतिजङ्गले ती देवीहरूका कुरा सुनेपछि सोधे—"के तपाईंहरूले यस देशका राजा वा डिट्ठा-विचारीसित यो मुद्दा छिन्न बिन्ती गर्नु भएन? यति सानो कुराको फैसला राजाले त के डिट्ठा-विचारीले नै गर्न सक्नुपर्ने हो।"

देवीहरूले भने—"हामी त्यता पनि गएका हौँ। डिट्ठा-विचारी त के राजाले समेत हाम्रो चित्त बुझाउन सकेनन्। यौटा तपाईंको घर बाँकी थियो। यसलाई पनि किन छाड्नु भनी पसेका हौँ। हाम्रो चित्त बुझाइ दिनुभए हामी सदैव ऋणी हुनेछौँ।"

रतिजङ्गले भने—"म यस विवादको फैसला तपाईंहरूको चित्त बुझ्ने गरी गर्दिनेछु। तर यौटै सर्त के छ भने यस नगरका सारा मानिसहरूलाई बोलाउनोस्। राजा चन्द्रकेतु, उनकी रानी, डिट्ठा-विचारी सबै उपस्थित हुनुपर्दछ।"

देवीहरू "हुन्छ" भनी गए र भोलिपल्ट नगरका सबै मानिसहरू उनको अघिल्तिरको चउरमा उपस्थित भए, तर राजा, रानी, डिट्ठा-विचारी भने आउन मानेनन। रतिजङ्गले भने—"तिनीहरू सबै नआउन्जेल यस मुद्दाको फैसला हुन सक्तैन।" देवीहरू फेरि राजदरबार र अदालतमा गए र सबैमा बिन्ती चढाए। अन्तमा राजा-रानी, डिट्ठा-विचारी सबै रतिजङ्गले डाकेको बैठकमा उपस्थित भएपछि मुद्दामाथि सुनाई सुरु भयो। रतिजङ्गले भने—"लक्ष्मी धनकी देवी हुन्, साँचो हो। तर म उनलाई ठूलो मान्दिनँ। लक्ष्मी ठूली हुँदी हुन् त आफ्नो ठाउँमा मर्यादापुर्वक बस्नुपर्ने हो। मैले चोर्दै नचोरेको धनको रूपमा मेरो सिरानमा आएर बस्नाको र मलाई अपराधी बनाउनको कारण के हो? म बुझ्न चाहन्छु। यो मर्यादाभङ्ग किन गरिएको हो? के म चोर हुँ?"

लक्ष्मीले भनिन्—"हैन। धन चोर्ने चोर त अरू नै थिए।"

"अनि, निरपराधीलाई अपराधी बनाउन खोज्ने लक्ष्मी कसरी ठूलो हुने दाबी गर्न सक्छिन्? समानरूपमा, म देवी सरस्वतीलाई पनि ठूलो मान्दिनँ। किनभने कसूर नगर्ने मानिसलाई कसूरदार बनाउने फैसला सुनाउन राजा तथा डिट्ठा-विचारीको मुखमा बास गर्ने सरस्वती पनि ठूलो हुने दाबी गर्न सक्तिनन्। सत्यको मार्ग त्याग्ने र अर्काको बुद्धि भ्रष्ट गराउने सरस्वतीले पनि ठूलो भएको दाबी गर्न हुँदैन। मैले धन चोरेको फैसला सुनाउने बुद्धि यी न्यायविद्हरूले कसरी पाए?"

सरस्वती आफ्नो सफाई पेस गर्दै भन्नथालिन्—"त्यतिबेला मलाई कुन्नि के भयो? तिमी चोर होइनौ, तिमी बेकसुर छौ। तिमी त राजढुकुटी फोरिँदा र धन बाँडफाँट हुँदा पाटीमा सुतेर रात काटीरहेका थियौ।"

"तर म निरपराधी त यत्रो सजाय पाएर अपाङ्ग भएँ। तिम्रो खेलाँचीले मलाई अपाङ्ग बनायो। सके यो नै मेरो नियति रहेछ। र नियतिको खेल सबैले हेर्नुपर्दो रहेछ। यसैले म दशा देवीलाई नै सबभन्दा ठूलो मान्दछु। राजा होस् वा रङ्क, धनी होस् वा हरिकङ्गाल, सुखी होस् वा दुःखी, पुरुष होस् वा स्त्री, सबै उनको दृष्टिमा बराबर छन्। कोही पनि दशाको दृष्टिबाट उम्किन सक्तैन। यसैले मजस्तो राजाले पनि राजपाटहीन भई चोर भएको आरोप सुन्नु र सजाय बेहोर्नु परी डुँडोको जीवन बिताउनु पर्दैछ। यसर्थ, दशा देवीभन्दा ठूलो अरू को हुनसक्छ? म भन्नसक्तिनँ। मेरो फैसला अन्य देवीहरूलाई मान्य छ भने दशालाई नै म तीनैजनामध्ये ठूलो मान्दछु"—रतिजङ्गले फैसला सुनाए।

रतिजङ्गको फैसला सुनेर उपस्थित समस्त मानिसहरू चकित भए। राजा चन्द्रकेतुका अपाङ्ग ज्वाइँ स्वयं राजा हुन् भन्ने कुराले सबैलाई तीनछक्क तुल्यायो। तीनैजना देवीहरू पनि उनको फैसलाबाट दङ्ग परे र आफ्नो भूललाई सुधार्न उनीहरूले रतिजङ्गको कायाकल्प गरी दिए। रतिजङ्ग कसुरबार रहेनछन् भन्ने प्रमाणले राजा, डिट्ठा-विचारी सबैको शिर निहुरियो र आफ्नो गलत फैसलाले गर्दा रतिजङ्गले दुःख बेहोर्नु परेकोमा सबैले उनीसित माफी मागे।

सभा विसर्जन भएपछि रतिजङ्गलाई राजदरबारमा मानमर्यादाका साथ लगियो। राति उनको सम्मानमा नाचगानको ठूलो समारोह गरियो। तर रतिजङ्गको अनुहार मलिन थियो। उनको अनुहारमा हर्ष र उत्साहको भाव देखा परेको थिएन। आफ्ना पति राजा नै रहेछन् भन्ने कुराबाट उल्लसित भएकी पद्मावतीले सोधिन्—"के भो प्रभु! अब त हजुरलाई पिताज्यूबाट मानमर्यादा बक्सिएको छ तापनि हजुरको अनुहार मलिन देख्तैछु। आफ्नो मनको व्यथा मलाई बताई बक्सन्न?"

रतिजङ्गले भने—"तिमी सक्छ्यौ रानी मेरा व्यथा सहन? सक्छेउ भने सुन। मेरो दीन-दशा सकिन लाग्दा नै मैले तिमीजस्ती रूपवती र बुद्धिमती राजकुमारी पाएँ, राजा चन्द्रकेतुजस्ता राजाको सान्निध्य पाएँ र राजषी सुखसुविधा भोग्ने मौका पाउँदैछु। तर वृद्धावस्थामा दुःख भोग्दा कष्ट हुन्छ, तागत छँदैमा दुःख भोग्नु असल हुन्छ भनी मलाई सद्बुद्धि दिँदै मसित दुःख भोग्न तयार भई राजपाट त्याग गरी पर्यटनमा निस्केकी रानी मदनावती मसँग छुट्टिएर कता पुगीन्, उनी कुन ठाउँमा र कुन अवस्थामा होलिन्, सम्झँदा मन बेचैन हुन्छ। यो नाचगान र घुँघरूको झन्कारले मलाई विचलित पार्दैछ रानी। उनको पत्तो नपाउन्जेल मलाई चैन मिल्दैन।"

"भाग्यचक्रले हजुरहरूलाई छुट्याएर मलाई हजुरसित भेट गराएछ। मलाई भेट्टाएर पनि हजुरले दिदीज्यूलाई बिर्सन सकिबक्सेको रहेनछ भने उहाँ निश्चय नै गुणवती र बुद्धिमती हुनुहोला। उहाँको नगिच बस्न पाउनु मेरा निम्ति पनि सौभाग्यको कुरा हुनेछ प्रभु। यसर्थ दिदीज्यूको खोजी गर्न हामी भोलि नै निस्कौँ।"

पद्मावतीका यस्ता उदारतापूर्ण कुराबाट राजा रतिजङ्गको अनुहार उज्यालो भयो। रतिजङ्गको अनुहारमा खुसीको लहर फैलेको देख्ता पद्मावती पनि प्रसन्न भइन्।

भोलिपल्ट राजा चन्द्रकेतुका दूतहरू रानी मदनावतीको खोजीमा निस्के।

यौटा नगरमा एकजना महाजनको घरमा रानी मदनावती महाजनकी आमा र छोरीका संरक्षणमा सन्न्यासिनीसरह जीवन बिताइरहेकी सुराक पाएपछि ती दूतहरू त्यहाँ पुगे र मदनावतीलाई राजा रतिजङ्गनजिक लिएर आए।

पुत्रहीन चन्द्रकेतुले उनकै राज्यमा बसी उनको दरबारको शोभा बढाउन अनुरोध गर्दा पनि रतिजङ्ग मानेनन् र आफ्नो राज्यमा फर्की सुखचैनका साथ जीवन बिताउन थाले। आफ्ना प्रिय राजालाई राज्यमा फर्केको देख्दा जनता पनि हर्षित भइ जयजयकार गर्न थाले।

117469
15/12/24

I. I. A. S. LIBRARY

Acc. No.

This book was issued from the library on the date last stamped. It is due back within one month of its date of issue, if not recalled earlier.

CP&SHPS—519-I.I.A.S./2004-25-6-2004-20000.

लोककथाहरू हाम्रो समाजका दर्पण हुन्। यी संस्कृति एवम् लोकसाहित्यका अभिन्न अङ्ग हुन। जीवनको उषाकालदेखि लिएर आजसम्म लोकजीवनका विभिन्न पक्षहरूलाई यसद्वारा श्रोताहरूसमक्ष रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ। यी कथाहरूको उद्देश्य श्रोताहरूमा नैतिक मूल्य जगाउनु, वरिपरिको प्राणी-जगतका प्रति दया-माया उत्पन्न गराउनु, बाँच र बाँच्न देउको (सह-अस्तित्वका) सिद्धान्तप्रति आस्था जागृत गराउनु, सबैसित मेलमिलापकासाथ जीवन बिताउनु एवम् सङ्कट र चुनौतिबाट नआत्तिने सन्देश दिनु हो।

प्रस्तुत लोककथा सङ्ग्रह पनि माथि उल्लेख गरिएका कुराहरूलाई ध्यानमा राखी तयार पारिएको छ। साथै के आशा गरिएको छ भने सुन्ने र सुनाउने परम्पराका साथ-साथ लोककथा पढ्ने र पढाउने परम्परा पनि अक्षुण्ण रहोस्। प्रस्तुत पुस्तक समाजका सबै वर्ग विशेषगरी केटाकेटीहरूका लागि विशेष उपयोगी र प्रेरणादायी भई यौटा असल मित्र प्रमाणित हुन सकेको खण्डमा पुस्तक प्रस्तुत गर्नाको लक्ष्य सार्थक हुनेछ।

लेखक, कथाकार, निबन्धकार एवम् व्यङ्ग्यकारका रूपमा नेपालीमा आफ्नो कलम चलाउँदै आएका **श्री प्रकाशप्रसाद उपाध्याय**ले हिन्दीमा पनि समान रूपमा लेख र कथाहरू लेख्ने गरेका छन्। हिन्दीका विभिन्न पत्र-पत्रिकाहरूमा उनका अनेक कथा र लेखहरू प्रकाशित हुँदै आएका छन्। साहित्य अकादेमी द्वारा पुरस्कृत नेपाली कृति 'वीर जाति को अमर कहानी' को हिन्दी अनुवाद प्रस्तुत गरी उनले हिन्दी अनुवादको क्षेत्रमा पनि पाइला सारेका छन्।

नयाँ दिल्लीस्थित आकाशवाणीको देशान्तर प्रसार
अनुवादक एवम् प्रसारकका रूपमा विगत चार दशकदेखि
साहित्यको सेवा गर्दै आएका **श्री प्रकाशप्रसाद उपाध्या**
भारत सरकारको सूचना एवम् प्रसारण मन्त्रालयको फिल्म प्रभागका निम्ति पनि अनेक वृत्तचित्रहरूका लागि स्वर प्रदान गरेका छन्।

Library IIAS, Shimla
N 028.5 Up 1.I N-Up 1.II N
00117469

आवरण-रेखांकन

अतुल वर्धन

ISBN : 81-260-1814-3
Rs. 40.00